वर्ष : १४, अंक : ३५, काठमाडौं, २०७५ पुस ६ गते शुक्रबार 21 December 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# त्रिपाठीका तीन विकल्प

## १. समूहलाई अभियानकै रूपमै लाने २. राजनीतिक दल खोल्ने ३. नेकपामा प्रवेश

मधेशवाणी डेस्क

काठमाडौं । नेपाली राजनीतिको मूलधारमा करिब तीन दशकदेखि मधेश मुद्दा बोकेर मधेशकेन्द्रित राजनीति गर्दै आएका पूर्वमन्त्री तथा स्वतन्त्र राजनीतिक समूहका संयोजक हृदयेश त्रिपाठीले आह्वान गरेको भेलालाई राष्ट्रिय राजनीतिमा निकै चासोका साथ हेरिएको छ । गत शुक्रबार काठमाडौंस्थित त्रिवेणी कम्प्लेक्समा त्रिपाठीले स्वतन्त्र राजनीतिक समूहका केही प्रतिनिधिपात्रहरूलाई बोलाएर आगामी कार्यदिशाबारे छलफल गरेका छन् ।

त्रिपाठीको भेलालाई यस कारणले पनि महत्वका साथ हेरिएको छ । नेपाली राजनीतिमा राम्रो दखल बनाएको र देशको राजनीतिक अवस्थाबारे सुक्ष्म तरिकाले विश्लेषण गर्ने व्यक्तित्व त्रिपाठी नेतृत्वको समूहले अब के गर्छ ? लामो समयसम्म नेकपामा प्रवेश गर्ने वार्ता अहिलेसम्म पनि मूर्तरूप लिन नसकेकोले नयाँ राजनीतिक दल खोल्ने वा कुनै अन्य पार्टीमा प्रवेश गर्ने लगायतका सर्वाधिक चासोको विषय बनेको छ ।

मूलतः निर्वाचनपश्चात् अहिलेसम्मको राजनीतिक यात्रा, भावी योजनाहरू, अब कसरी अगाडि बढ्ने लगायतका विषयमा केन्द्रित रहेर छलफल भएको त्रिपाठी समूहका एक नेताले मधेशवाणीलाई बताए । 'भेलामा मुख्यरूपमा तीनवटा विषयमा गहन छलफल भयो' समूहका नेता ईश्वर दयाल मिश्रले मधेशवाणीसँग कुराकानी गर्दै भने, 'हामीले यो समूहलाई एउटा अभियानको रूपमा वा नेकपासँग एकीकरण गर्ने वा केही नभए पार्टीको रूपमा रूपान्तरण गर्ने भन्ने विषयमा गहन छलफल भएको हो ।'

**'नेकपा पहिलो प्राथमिकतामा'**

संघीय संसदको निर्वाचनमा तत्कालीन नेकपा एमालेको चुनाव चिन्ह सूर्य लिएर चुनाव लडेर विजयी भएका हृदयेश त्रिपाठीले नेतृत्व गरेको स्वतन्त्र राजनीतिक समूहले नेपाल कम्युनिष्ट पार्टीमा मिल्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाउन नेतृत्वसँग पुनः संवाद थाल्ने भएको छ । तत्कालीन वामगठबन्धनसँग चुनावी सहकार्य गरेर चुनावमा जाँदा जनताले अनुमोदन गरेको भन्दै नेकपालाई नै पहिलो प्राथमिकता दिनुपर्ने भेलामा नेताहरूको जोड थियो । मधेशको मुद्दा, संविधान संशोधन, किसानका समस्या, उत्पीडितहरूको समस्या लगायतका विषयमा नेकपाका नेताहरू सहमतिमा आए पार्टीमा समायोजन हुनसक्ने धारणा राखेका थिए । नेकपाको वर्तमान नीतिमा परिवर्तन नआएसम्म पार्टी प्रवेश वा समायोजन हुन नसक्ने केही नेताहरूको अडान थियो ।



मंसिर २८ गते काठमाडौंमा सम्पन्न स्वतन्त्र राजनीतिक समूहको भेलामा उपस्थित संयोजक हृदयेश त्रिपाठीसहितका नेतागण ।

चुनावको समयमा तत्कालीन नेकपा एमालेमा मिल्ने चर्चाकाबीच सूर्य चिन्हमा नै चुनाव लडेका समूहका नेताहरूको राजनीतिक व्यवस्थापनमा ढिलाई भएपछि उसले त्यसका लागि नेकपाको नेतृत्वसग संवाद थाल्ने भएको हो । भेलाले व्यक्तिगत रूपबाट नभई समूहगत रूपबाटै नेकपासँग मिल्ने बारेमा भइरहेको छलफललाई सार्थक परिणाममा लैजाने गरी अघि बढ्ने निर्णय गरेको स्रोतले जनाएको छ । विगतमा राखिएका मागहरूलाई केन्द्रमा राख्दै नेकपासँगको भइरहेको छलफललाई छिटो परिणाममुखी बनाउन बैठकमा सहभागीहरूले जोड दिएका हुन ।

'नेकपासँग पटक-पटक सम्वाद भएको हो र हुँदै पनि छ । त्यो विकल्प सम्पूर्ण रूपमा बन्द नै भइसकेको भनेर भन्न मिल्दैन,' त्रिपाठीले भने । निर्वाचनपश्चात् देशमा परिवर्तित राजनीतिक सन्दर्भलाई विश्लेषण नगरी आगामी दिनका योजना र राजनीतिक कार्यक्रम बनाउन नसकिने उनको जिकिर थियो । निर्वाचनको नतिजासँग एउटा भावना र मनोविज्ञान जोडिएको थियो । तर, अहिले आएर समग्र देशमै मनोविज्ञानमा परिवर्तन भएको छ । 'समग्र विषयमा हामी छलफल गरेर एउटा निष्कर्षमा पुग्छौं,' त्रिपाठीले भने ।



हामीले नेकपासँग सार्थक वार्ता गरिरहेका छौं । हामी समायोजनका पक्षमा पनि छौं । नेकपाका नेताहरू हामीलाई समायोजन गर्न आतुर छन् । चाँडोभन्दा चाँडो समायोजन चाहेका छन्

: ईश्वर दयाल मिश्र

अन्तर्वार्ता पृष्ठ ३ मा

**'नेकपालाई मधेश विस्तार गरिने'**

नेकपाको नीति राम्रो भएपनि तराई मधेश बुझाउन नसकिएको निष्कर्ष निकाल्ने स्व.मदन भण्डारीको विचारलाई अंगीकार गरिए नेकपालाई मधेशमा विस्तार गर्न सकिने आधारहरू संयोजक त्रिपाठीले बैठकमा राखे । नेपाली कांग्रेसको आधारभूमि मधेश नै रहे पनि विस्तारै कमजोर हुँदै गइरहेको विश्लेषण गर्दै भन्दै त्रिपाठीले भने, 'मधेशमा कांग्रेसको स्थान ३० प्रतिशत मात्र सुरक्षित छ, अन्य बाँकी ७० प्रतिशत मतलाई नेकपाले आकर्षित गर्न सके मधेशमा विस्तार हुनेछ ।' राजनीतिक समूह नेकपामा मिल्यो भने मधेशमा नेकपा बलियो हुने तर्क नेताहरूको थियो ।

संयोजक त्रिपाठीले नेकपालाई मधेशमा

बाँकी अन्तिम पृष्ठमा

## शीतलहरले जनजीवन कष्टकर

सिरहा । मौसममा आएको परिवर्तन र चिसो हावाका कारण तराई, मधेशको जनजीवन कष्टकर बन्दै गएको छ । शीतलहरका कारण बिहानको समयमा लहानलगायत मधेशका बजारमा चहलपहल कम हुन थालेको छ ।

खासगरी गरीब विपन्न परिवारमा न्यानो लुगाको अभावमा जाडोबाट बच्न कठिन भएको छ । दलित, गरीब, विपन्न वर्गका समुदाय जाडोबाट बाँच्न परालको ओछ्यान र गोबर गुइठाबाट सल्काएको आगोबाट शरीरलाई न्यानो पारी जीवन बिताइरहेका छन् । अस्पतालमा अहिले रूघाखोकी, निमोनियाका बिमारीको भीड रहेको डा सुनील कुशवाहाले बताए ।सरकारी अस्पतालमा बिरामीको उपचारमा बढी समय लाग्ने भएकाले निजी अस्पताल, क्लिनिकमा बिरामी जाने गरेका छन् । चिसोले जनजीवन प्रभावित हुन थालेसँगै विद्यालय,

बाँकी अन्तिम पृष्ठमा

## हुलाकी राजमार्ग १४० किमी कालोपत्र

काठमाडौं । भारत सरकार र नेपाल सरकारको संयुक्त लगानीमा शुरू गरिएको राष्ट्रिय गौरवको आयोजना पूर्व-पश्चिम हुलाकी राजमार्ग करीब आठ वर्षमा १४० किमी मात्र कालोपत्र भएको छ ।

आव २०६६/६७ देखि आयोजना शुरू भएपनि अहिलेसम्म जम्मा १४० किमी कालोपत्र गरिएको राजमार्ग आयोजनाका आयोजना निर्देशक अशोक तिवारीले जानकारी गराए । उनका अनुसार आव २०७९/८० सम्म ९७५ किमी कालोपत्र

बाँकी अन्तिम पृष्ठमा

## पुर्पक्ष गर्नुको कारण माग

काठमाडौं । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सिके राउतलाई के कारणले पुर्पक्ष गरिएको छ भनि उच्च अदालत जनकपुरको अस्थाई ईजलाश वीरगंजले सक्कल मिसिल १५ दिन भित्र उपलब्ध गराउन जिल्ला अदालत रौतहटसँग माग गरेको छ । अहिले स्वतन्त्र मधेश गठबन्धनका ४ जना नेताहरू कारागारमा छन् । राउत रौतहट कारागारमा, सहसंयोजक कैलाश महतो सिरहा कारागारमा, संजय यादव धनुषा कारागारमा र नवलपरासी जिल्ला संयोजक श्रीकृष्ण यादव नवलपरासी कारागारमा छन् । डा. राउतबाहेक ३ जना धरौटी नदिई स्वेच्छाले मधेश आजादीको लागि कारागार गएको प्रवक्ता अब्दुल खानले जनाएका छन् ।

## राष्ट्रिय परिचयपत्र वितरण हुने

जनकपुरधाम । सरकारले लागू गरेको राष्ट्रिय परिचयपत्र चालु आर्थिक वर्षमा प्रदेश २ को दुई जिल्लामा वितरण हुने भएको छ । गृह मन्त्रालयले चालु आर्थिक वर्षमा प्रदेश २ का महोत्तरी र सप्तरी जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण गर्न लागेको हो ।

'चालु आर्थिक वर्षमा सातै प्रदेश गरी १५ जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण गरिने गृह मन्त्रालयको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक दीपक काफ्लेले बताए । जनकपुरमा आयोजना भएको कार्यशालामा बोल्दै उनले १५ जिल्ला मध्येय प्रदेश २ को महोत्तरी र सप्तरीमा परिचयपत्र बाँड्ने कार्यक्रम तय भएको जानकारी दिए ।

महानिर्देशक काफ्लेका अनुसार महोत्तरीस्थित १५ स्थानीय तहका १६ वर्ष उमेर पुगी नागरिकता लिइसकेका ३ लाख ७७ हजार ७ सय ४० र सप्तरीस्थित १८ स्थानीय तहका ३ लाख ८४ हजार ७ सय ८५ नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गरिने छ । चालु आर्थिक वर्षमा १५ जिल्लाका ३५ लाख २३ हजार ६९८ नागरिकलाई परिचयपत्र वितरण गर्ने लक्ष्य विभागले लिएको छ ।

बाँकी अन्तिम पृष्ठमा

समय-सन्दर्भ

सन्तोष मेहता



# मधेशको हुन नसकेको कांग्रेस

**निर्वाचनमा कांग्रेसले मधेशमा प्रचुर समर्थन पायो । तर त्यस अवधिमा आन्दोलनकारी शक्तिबाट सत्ताधारी शक्तिमा रूपान्तरण भएको कांग्रेसले मधेशी समुदायका आफ्ना पनि राजनीतिक एजेन्डा हुनसक्छन् भनी कहिल्यै बुझन सकेन, चाहेन ।**

स्थापनाका हिसाबले राणा शासनमा नअटाएकाहरू नै कांग्रेसको सङ्गठनका मूल आधार हुन् । त्यसको पर्यायका रूपमा मधेश रह्यो । मधेश भनेको कांग्रेस र कांग्रेस भनेको मधेशजस्तो पनि थियो । किनभने क्रान्तिको सबै काम सीमापारिबाट हुने भएकाले त्यो स्वाभाविक पनि थियो । सङ्गठनमा तीन प्रकारका मान्छे थिए- सि क्लासका राणा, काठमाडौंबाट चार भन्ज्याङ कटाइएका र काठमाडौंको सत्ता-समीकरणमा नअटाएकाहरू । सुर्वणशमशेर, सूर्यप्रसाद उपाध्याय, कृष्णप्रसाद कोइरालासमेत सत्तासँग नजिक रहेको तर नअटाएको एउटा पंक्ति थियो । अर्कोतिर मधेशमा प्रभावशाली रहेका तर शक्तिमा कहिल्यै नआएको तप्का पनि कांग्रेसको आधार बन्यो । महेन्द्रनारायण निधि, रामनारायण मिश्र, रामेश्वर प्रसाद सिंह, राधाकृष्ण थारू, शेख इद्रिसजस्ता नेता सङ्गठनको दोस्रो तहमा थिए । सुवासचन्द्र बोससँग भारतीय स्वतन्त्रता सङ्ग्राममा भाग लिएका वा भारतमा बस्दा भारतीय स्वतन्त्रता सङ्ग्राममा लागेका पनि यसमा थिए । मनमोहन अधिकारी, बिपी कोइराला त्यस्तै हुन् । यो पंक्तिमा बखानसिंह गुरूङजस्ता जनजातिहरू पनि प्रशस्त थिए। चौंथो, भारतमा पढेका तर आफ्नो अनुकूल र भविष्य राणाकालमा नदेखेकाहरू पनि थिए । यी चार प्रकारका पृष्ठभूमिबाट आएकाहरूले कांग्रेसको सङ्गठन बन्यो । पहाडका तनहुँ, डोटी, बागलुङ र काठमाडौं उपत्यकामा गणेशमान सिंहको प्रभावले सङ्गठन विस्तार भयो । तर कांग्रेसको मूल आधार मधेश केन्द्रित नै थियो । ००७ सालको क्रान्तिको घोषणाको लागि बैरगिनिया महाधिवेशनमा गौरको योगदान थियो ।

२००९ मा कांग्रेसले स्वदेशमा पहिलोपटक पाँचौं महाधिवेशन गरेको थियो, त्यसमा जनकपुरको योगदान थियो । त्यही महाधिवेशनबाट छुवाछूतविरूद्ध देशव्यापी सामाजिक आन्दोलनको प्रारम्भ गरिएको थियो । २०१२ सालमा छैटौं महाधिवेशनबाट समाजवादलाई अंगीकार गर्दा वीरगन्जको ऐतिहासिक भूमिका थियो । मधेशको जनजागरणले नै ००७ सालको जनक्रान्ति वीरगन्जबाट सुरू भएर नेपालगन्जमा पुगेर अन्त्य भएको हो । स्थापना ताका र ००७ साल पूर्व कांग्रेसको खर्च राणाको एउटा खलक र काठमाडौंले धानेको थियो भने निर्वासित आवस्थामा कांग्रेसलाई मधेशले नै धानेको हो ।

२०४८ र ०५६ सालका प्रतिनिधिसभा र ०७० को संविधानसभा निर्वाचनमा कांग्रेसले पाएको विजयमा तराई-मधेशको सर्वाधिक योगदान छ । २०७० को संविधानसभा चुनावमा तराई-मधेशका ११६ मध्ये ५२ सिटमा कांग्रेसले निर्वाचित हुने सौभाग्य पायो । ०५६ सालको आमनिर्वाचनमा ८७ सिटमध्ये कांग्रेसलाई ५७ सिट हासिल भयो । २००७ सालदेखि २०७० सालसम्म नै कांग्रेसलाई सिंहदरबार पुऱ्याउन मुख्य योगदान मधेशबाटै भएको ऐतिहासिक यथार्थ हो ।

उपरोक्त तथ्यहरूले कांग्रेस र मधेशबीचको सम्बन्ध दर्शाउँछ । यो सम्बन्धको आधारमा कांग्रेसले प्राप्त गरेको उपलब्धि पनि प्रष्ट पार्छ तर कांग्रेसले मधेशलाई के दियो त त्यसको पनि विश्लेषण आवश्यक छ । २००७ साल पछि प्रजातन्त्रको स्थापना संगै कांग्रेस नेतृत्वले मधेशको भावना र सम्मानको उपेक्षा गऱ्यो । नेपाली कांग्रेसबाटै कुलानन्द झा, बेदानन्द झाहरू र रामजनम तिवारीहरू विद्रोह गरि तराइ कांग्रेस जन्माए, तराईको स्वायत्तता सहितको भाषा आन्दोलन र निर्वाचनमा समेत सहभागी भयो । तत्काल कांग्रेस सच्चिएन र तराइ कांग्रेसलाई सन्तुष्ट पनि पार्न सकेनन । त्यसैगरी पञ्चायतमै आन्दोलनकै बखत पनि खासगरी तराईको जनसंख्याको बारेमा हर्कबहादुर गुरूङको प्रतिवेदन र नागरिकतामा मधेशलाई किनारिकृत र औपनिवेशिक शोषण विरूद्ध कांग्रेस उभिन नसक्दा ०४० साल तिर कांग्रेसकै गजेन्द्रनारायण सिंहहरूद्वारा नेपाल सद्भावना परिषदको जन्म भयो । ०४६ को प्रजातन्त्रको पुनःस्थापन पश्चात् पनि मधेशको भावना अनुकूल संविधान नबनेकोले नै तिनै परिषद् पार्टीमा परिणत भयो ।

०५४ सालमा जन्म भएको मधेशी जनअधिकार फोरम सामान्य गैरसरकारी संस्था थिए, जब कांग्रेसकै

बाँकी अन्तिम पृष्ठमा





## सम्पादकीय



# मधेशमा सुरक्षा चुनौती

पछिल्लो समय भइरहेका आपराधिक घटनाहरूले मधेशमा सुरक्षा चुनौती थपिँदै गएको देखिएको छ । केही समययता शृंखलाबद्धरूपमा भएका अपराधिक घटनाले मधेशको सुरक्षा व्यवस्थापनमा गम्भीर हुनुपर्ने संकेत दिएको हो । हालै पर्साको जगरनाथपुर गाउँपालिका-१, पाडेपुरमा रहेको प्रहरीचौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक विसुनदेवा यादवसहित तीनजनालाई कुटपिट गरी तस्करहरूले बन्दुक लुटेका छन् । कुटाइले प्रहरीजवान अर्जुन चौधरी गम्भीर घाइते भएका छन् ।
सीमावर्ती पाडेपुर गाउँबाट हुने गरेको पेट्रोल र डिजेलको तस्करी रोक्न खोज्दा तस्करहरू प्रहरीमाथि नै जाइलागेका थिए । यो त पछिल्लो घटनाको एउटा नमुनामात्र हो । यसभन्दाअघि पनि मधेशका विभिन्न जिल्लामा यस्ता अपराधिक घटना ठूलो संख्यामा भइरहेका छन् । गत मंसिर २४ मा सुनसरीको कोसी गाउँपालिका-७, मुसहर बस्तीमा डकैती गर्न आएको अज्ञात समूह र प्रहरीबीचको झडपबाट एक भारतीयको मृत्यु भयो । त्यसअघि, गत मंसिर ७ मा कपिलवस्तुको शुद्धोधन गाउँपालिकामा गोली प्रहारबाट स्थानीय दीपेन्द्रकुमार चौधरीको हत्या भयो ।
त्यसैगरी, गत मंसिर ५ गते सुनसरीको दुहबीस्थित जयबाबा इँटा उद्योगका म्यानेजर फिदा हुसेनको गोली प्रहारबाट हत्या भयो । 'मर्निङवाक'मा गएको समयमा मोटरसाइकलमा आएका दुईजना अज्ञात व्यक्तिले हुसेनमाथि गोली प्रहार गरेका हुन् । एउटा घटना सेलाउन नपाउँदै अविच्छिन्नरूपमा भइरहेका घटनाले नागरिकको जीउधनको सुरक्षामा चुनौती थपिँदै गएको देखिएको छ ।

**कमजोर सीमा सुरक्षा र खुल्ला सिमानाको फाइदा उठाउँदै विभिन्न समूहले साना हतियार र विस्फोटक पदार्थ सजिलै ल्याउने गरेका छन् ।**

एकातिर खुला सीमाका कारण भारतीय अपराधीको प्रवेश सहज देखिनु र अर्कोतिर सुरक्षा निकायमाथिसमेत आक्रमण हुनुले मधेशको सुरक्षा व्यवस्थामा थप गम्भीर र चनाखो बन्नुपर्ने अवस्था देखिएको छ ।
देशको परिस्थितिलाई नेपाली सेनालगायत अन्य सुरक्षा निकायले पनि नजिकबाट सूक्ष्म अध्ययन गर्नु, सुरक्षा चुनौतीका बारेमा विश्लेषण गर्नु र सरकारलाई उत्पन्न चुनौतीपूर्ण रिपोर्ट गर्नुले देशका कठिन सुरक्षा चुनौती रहेको अर्थ लाग्छ । विभिन्न राजनीतिक माग राखेर केही भूमिगत सङ्गठन बेलाबेला देखापरिरहेका छन् । खासगरी यस्ता समूहको कतिपय उद्देश्य सामान्य जनतामा डर, त्रास उत्पन्न गरेर अपहरण, फिरौती, चन्दा असुली तथा लुटपाट रहेको देखिन्छ । कमजोर सीमा सुरक्षा र खुल्ला सिमानाको फाइदा उठाउँदै विभिन्न समूहले साना हतियार र विस्फोटक पदार्थ सजिलै ल्याउनने गरेका छन् ।
राष्ट्र, लोकतन्त्र, संविधान र जनता विरोधी अपराधिक समूहले मधेशमा अखाडाका रूपमा काम गरिरहेका छन् । भारतसँगको खुला सिमानाको फाइदा उठाएर अपराधीहरू एकले अर्को देशमा आश्रय लिने गरेका छन् । एउटा देशमा अपराध गरेर अर्को देशमा लुक्न त्यस्ता अपराधीलाई सजिलो भएको छ । दुवै देशका सुरक्षा निकायले समन्वय गरेर अपराधीहरूको खोजबिन गरेर पक्राउ गर्न नसक्ने हो भने स्थिति भयावह बन्दै जाने देखिन्छ । नेपालका अपराधीहरूले भारतीय भूमि प्रयोग गरिरहेका छन् । नेपाली अपराधीलाई भारतबाट पक्राउ गर्न नेपाल सरकारले भारत सरकारलाई विशेष अनुरोध गर्नुपर्छ ।
नेपाली नेता र सरकारले अन्य विभिन्नखाले सन्धि, सम्झौता र सहमति गर्न सक्छन् भने अपराधीहरू पक्राउ गर्नका लागि किन अनुरोध नगर्ने ? तसर्थ, यस्ता अपराधिक घटना रोक्ने, शान्ति, सुरक्षा स्थापित गर्ने तर्फ सुरक्षा निकायको ध्यान दिनुपर्छ । अपराधी जोसुकै भए पनि तिनीहरूलाई पक्राउ गरेर कारबाही नगर्ने हो भने शान्ति सुरक्षाको सवालमा गम्भीर प्रश्न उठ्ने छ । तसर्थ, कुनै पनि हालतमा अपराधीलाई पक्राउ गरेर कारबाहीमा ल्याउनुपर्छ ।
आन्तरिक सुरक्षामा शान्ति तथा अमनचयन कायम राख्न गृह मन्त्रालय मुख्य भूमिकामा रहेको हुन्छ । गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग छन् र तिनको मुख्य भूमिका शान्तिकालीन समयमा आन्तरिक शान्ति सुरक्षा प्रभावकारी बनाउनु अति आवश्यक छ ।

## साताको सात बात



हामी सरकार र पार्टीले गति लिनुपर्छ भन्ने चाहन्छौँ । हामीले चाहे जस्तो गति नआउने हो भने त अहिलेको नेतृत्वमाथि गम्भीर प्रश्न उठ्छ । पार्टी र सरकारको नेतृत्व परिवर्तनबारे पनि सोच्नुपर्ने हुन्छ । तर, अहिले नै हामी अन्यथा कुरा गर्दैनौँ । **झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



लोकतन्त्रको सही अभ्यास भएका कतिपय देशमा निर्वाचन आचारसंहिता नै छैन । नेपालमा पनि राजनीतिक दल र उम्मेदवार जिम्मेवार भए आचारसंहिताबारे प्रश्न उठाउनै पर्दैन । **डा.अयोधिप्रसाद यादव, प्रमुख निर्वाचन आयुक्त**



राजपाले एकता र सहकार्यलाई स्वागत गर्छ । हामीले यसअघि सातवटा घटक रहेको मधेशी मोर्चामध्ये छ वटा घटक मिलेर राजपा नेपाल बनाएका हौँ । त्यसैले एकता पक्रियालाई नेतृत्व दिएको पार्टी राजपा नेपाल हो । फोरम नेपालले वार्ता समिति गठन गरेको कुरा स्वागतयोग्य हो । एकताप्रति इमानदारिता हुनुपर्छ । **राजकिशोर यादव, नेता, राष्ट्रिय जनता पार्टी**



संघीयता महंगो प्रणाली भएकाले खारेज हुनुपर्छ । 'नौ महिनामा कायापलट त हुन सक्दैन तर यो समयमा भ्रष्टाचारीलाई कारवाही जस्ता साना कार्य पनि नगरेकाले सरकार आलोचित बनेको छ । 'हिजो असफल भएका शक्ति केन्द्रहरूले खेल खेल्न सक्ने भएकाले संघीयतामाथि कालो बादल मडारिराखेको छ । **चित्रबहादुर केसी, अध्यक्ष, राष्ट्रिय जनमोर्चा पार्टी**



हामी इतिहासकै विरासतामा अगाडि बढ्ने हो । कम्युनिष्टले संघीयता चाहँदैनन्, उनीहरू जनवादी केन्द्रीयतामा विश्वास गर्छन् । संघीयतालाई कांग्रेसले अगाडि बढाउनुपर्छ । अरू विकल्प छैन । अब कांग्रेसमा नवीन उर्जा र उत्साह आउनेछ । **डा. शेखर कोइराला, केन्द्रीय सदस्य, नेपाली कांग्रेस**



राजनीतिक प्रस्तावमा लेखिएको छ, 'संविधानका अक्षर-अक्षरमा नेपाली कांग्रेसको सात दशक लामो तपस्या प्रतिविम्बित भएको छ ।' त्यसो हो भने मधेश आन्दोलन र कांग्रेस दुई ध्रुवमा उभिएको देखिन्छ । **चन्द्रकिशोर, लेखक**



देशमा ५१ प्रतिशत महिलाको संख्या भएपनि उलेख्य मात्रामा साक्षर छैनन्, निरक्षर छन्, राज्यले यहाँका ४९ प्रतिशत पुरूषलाई साक्षर बनाएर पनि देश समृद्ध बन्न छैन । नेपालमा छोरीलाई आत्मनिर्भर बनाउन अभिभावकले छोरासरह शिक्षा दिनु आवश्यक छ । प्रदेश २ को 'बेटी पठाऊ बेटी बचाऊ' अभियानमा मेरो पुर्ण सहयोग रहनेछ । **रेखा थापा, अभिनेत्री**

# सुनकोशीको पानीले मधेश सिञ्चित गरौं



**वर्षमान पुन**

**प्रदेश २ मा बाह्रै महिना सिँचाइको व्यवस्था गर्न सुनकोशी-कमला डाइभर्सन अध्ययनको काम भइरहेको छ । यस्तै,सुनकोशी-कमला डाइभर्सनले करिब एक लाख ७८ हजार हेक्टर सिँचित गर्छ भने सुनकोशी-मरिन डाइभर्सनको एउटा योजनाले १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाई गर्छ ।**

राजनीतिक आन्दोलनको एउटा अभियान पूरा भएसँगै हामी संघीय व्यवस्था र समावेशी लोकतन्त्रमा प्रवेश गरेका छौँ । संवैधानिक व्यवस्थाअनुसार तीनै तहका सरकारले जनताका सार्वभौम अधिकारको पक्षमा काम गर्दछ । संघीयता एउटा प्रतिस्पर्धी प्रणाली हो । स्थानीय तहले प्रदेश र प्रदेशले केन्द्र सरकारसँग प्रतिस्पर्धा गर्छ । तर यसो भनेर एकले अर्कोमा आरोपित गर्ने खालको होइन । आरोप-प्रत्यारोप गर्न हाम्रो भूगोल, बसोबास, अवस्थिति र अर्थतन्त्रले अनुमती दिदैन । हाम्रो आफ्नो विविधता छ, पहिचान फरक छन् । ती सबैलाई एकीकृत र सहकार्य गरी संघीयतामा व्यक्त गर्नु आजको आवश्यक्ता हो ।

एक चरणको राजनीतिक बहसबाट हामी नयाँ चरणमा प्रवेश गरेका छौँ त्यो सुशासनको बहस हो । जनतालाई बिनाझन्झट छिटोभन्दा छिटो सेवा प्रवाह गरिनुपर्दछ । त्यसैले नेपाल सरकारले सुशासनलाई प्राथमिकतामा राखेको छ । त्यसअनुसार नतिजा आउनुपर्छ । राजनीतिक दलको नेतृत्व र हामी मन्त्रीहरूले पनि यसलाई प्रतिबद्धताको रूपमा अगाडि बढाइरहेका छौँ ।

सुशासनबाट अन्ततः प्राप्त हुने भनेको विकासको तीव्रता हो । विकास हाम्रो लक्ष्य हो । सुशासन, विकास हुँदै समृद्धि हासिल गर्न सकिन्छ । नेपाली जनताको समृद्धि हाम्रो उद्देश्य, लक्ष्य र चाहना हो । राजनीतिक पुनर्संरचनापछि आज हामी प्रशासनिक पुनर्संरचनाको प्रक्रियामा छौँ । यो टुंगो नलागेका कारण अहिले संघीय, प्रदेश र स्थानीय सरकार अप्ठ्यारोमा परेका छन् ।

सरकारका गठन भएको एक वर्ष बित्न लाग्दा पनि केही पाउन सकिएन भनेर जनताले प्रश्न गर्दैछन् । तर रिजल्ट दिने सहयोगी हात प्रशासनिक संरचनामा जनशक्ति अपुग छ । स्थानीय सरकार आएको एक बर्ष बितिसक्दा पनि कानुन, संरचना, कर्मचारी र साधनश्रोत अभावका कारण अपेक्षाकृत नतिजा आउन सकेको छैन । यसले समय लिन्छ, धैर्यपूर्वक काम गर्नुपर्छ ।

समृद्धि रातारात आउने कुरा होइन । तर हामी सहि बाटोमा अघि बढिराखेका छौँ । नेपाललाई विकसित देशको बनाउन हामी एउटा जग बसाउन चाहन्छौँ ।

यसो भनेर हामीले सधैं सपना मात्र देख्यौं भने, टाढा मात्र हेर्‍यौं भने, ठूलो कुरो मात्र गर्‍यौं भने कहिलेकाहीँ साना कुरा छुट्छन् । कहीं बत्ती पुगेको छैन, सिँचाइ पुगेको छैन, खोला तटबन्ध निर्माण भइरहेको छैन, कुनै स्थानका संरचना उपयोग हुन सकेको छैन, सडकका खाल्डा यथावत छन् । यी तात्कालीन विषय हुन् ।

संविधानतः ऊर्जाका ठूला आयोजना संघीय, मझौला आयोजना प्रदेश र स-साना आयोजना स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्दछ । सिँचाइमा पनि यस्तै छ । प्रशासनिक पुनर्संरचनाको ओएनएम गर्दा सबैभन्दा धेरै ९४ वटा डिभिजन स्थानीय र प्रदेश सरकारमा पठाएका छौँ । केन्द्र सरकारसँग भएका २३ सय कर्मचारीमा साढे ६ सय राखेर बाँकी सबै कर्मचारी प्रदेश र स्थानीय तहमा खटाएका छौँ ।

केन्द्र सरकारको काम प्रदेश र स्थानीय तहमा गएपछि त्यही अनुसारको जनशक्ति पनि जानु जरूरी छ । कार्यालय, सम्पत्ति, दायित्व तथा जनशक्ति त्यसअनुसार हस्तान्तरण गरेका छौ । सातै प्रदेशका मन्त्रीहरूसँग छलफल गरेर राष्ट्रिय जलश्रोत नीतिको खाका तयार गरेका छौँ । हाम्रो सबैभन्दा ठूलो सम्पत्ति भनेको प्राकृतिक श्रोत हो । त्यसलाई समृद्धिका लागि कसरी प्रयोग गर्ने भनेर नीति बनाउने चरणमा छौं हामी ।

जिम्मेवारी बाँडफाँड गर्दा संघले कम्तीमा ५० मेगावाटभन्दा माथिका आयोजना मात्र गर्न पाउने, १ देखि ५० मेगावाटसम्म प्रदेश र १ मेगावाटभन्दा कम स्थानीय तहले गर्ने भनिएको छ। त्यसैगरी, तटबन्धमा १० किलोमिटरभन्दा लामा तटबन्ध संघले गर्ने र ती भन्दा कम प्रदेश र स्थानीय तहले गर्नेपर्ने भनिएको छ ।

प्रदेशका साथीहरूले कम्तीमा १०० मेगावाटको विजुली हामीलाई दिनुस् भन्नु भएछ । त्यो हामी दिन तयार छौँ । तर दिइसकेपछि भोलि उहाँहरू बजार खोज्न कहाँ जाने? कति साथीहरूलाई के लाग्या छ भने १०० मेगावटसम्म लाइसेन्स वितरण गर्ने, उत्पादन दिने र त्यसलाई खुरूखुरू एनजिओ वा संघीय सरकारले खरिद गर्छ । हामी भन्न चाहन्छौं, तपाईं जिम्मा लिनुहुन्छ भने बजार पनि तपाँइले नै खोज्नुपर्छ । अधिकारको व्यवस्थापन कसरी गर्ने कुरा पनि जनप्रतिनिधिले सोच्नुपर्दछ ।

अहिले एउटै आयोजना व्यवस्थापन र मर्मतका लागि ५४ करोड छुट्ट्याइएको छ । भोलि त्यसको मर्मतका लागि बजेट छुट्ट्याउन सकिएन भने त्यो आयोजना असफल हुन पनि सक्छ । त्यस्ता आयोजनाको जिम्मेवारी लिएकोमा प्रदेश र स्थानीय सरकारले त संघीय सरकारलाई धन्यवाद दिनुपर्ने हो ।

यस्तै सबै सिँचाइ आयोजना प्रदेश सरकार मातहत राखिदिए प्रदेशको धेरै बजेट तटबन्ध निर्माण तथा मर्मत सम्भारमा खर्च हुन्छ । जुन खर्चको व्यबस्था प्रदेश सरकारले गर्न सकेन भने भोलिका दिनमा ती आयोजनाको हालत के हुने? संविधानले निर्दिष्ट गरेका व्यवस्था र अधिकार संघले राख्ने होइन र राख्न मिल्दैन पनि । स्थानीय तहलाई बढीभन्दा बढी कसरी सुदृढ र अधिकार सम्पन्न बनाउने, प्रदेश सरकारालाई कसरी सुदृढ गराउने भन्नेमा हामी केन्द्रित छौं । संघीय सरकारमा कमभन्दा कम अधिकार राखेर केही बिग्रिदैन । जनतामा अधिकार जानु भनेको राम्रो कुरो हो नि ।



तराई मधेसको मरूभूमीकरण रोक्न कुरो चुरे संरक्षणसँग सम्बन्धित छ । त्यसैले यो कामलाई पनि सरकारले सँगसँगै लैजानु पर्दछ । नदी नियन्त्रणसम्बन्धी काममा २०६५ सालतिर डिजाइन गरिएका तटबन्ध जनसहभागितामा निर्माण हुन् होस् भन्ने हाम्रो भनाइ छ । यसबाट प्रभावित क्षेत्रका जनताले रोजगारी पाउने र काम पनि गुणस्तरीय हुने आम बुझाई छ ।

प्रदेश २ मा बाह्रै महिना सिँचाइको व्यवस्था गर्न सुनकोशी-कमला डाइभर्सन अध्ययनको काम भइरहेको छ । यस्तै,सुनकोशी-कमला डाइभर्सनले करिब एक लाख ७८ हजार हेक्टर सिँचित गर्छ भने सुनकोशी-मरिन डाइभर्सनको एउटा योजनाले १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाई गर्छ । जसको डिपीआर अन्तिम चरणमा छ । यसै आर्थिक वर्षदेखि एउटा आयोजना छानेर तत्काल लगानी बढाउने गरी सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि समेटेको छ । यसबाट यो क्षेत्रको ठूलो हिस्सा जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याएर नेपालकै सबैभन्दा उर्वर क्षेत्र बनाउने हाम्रो लक्ष्य छ ।

सबै प्रदेशमा एउटा मेगा आयोजना अघि बढाउने किसिमले कार्यक्रम अगाडि बढाएका छौँ । यसलाई हामीले आयोजनाको रूपमा मात्र लिएका छैनौं । पहाडको सुनकोशी नदी डाइभर्ट गराएर तराई-मधेसको जमिन उर्वर गराउँदा यसले मधेस र पहाडलाई पनि जोड्छ भन्ने हाम्रो बुझाइ हो । जसबाट आपसी भ्रातृत्व र सम्बन्ध स्थापना गर्ने आयोजना पनि हुन्छ । त्यसैगरी करिब ३५ सय मेगावाट विद्युत आयोजनामा जनताको सहभागिता गराएर हरेक घर विद्युतको शेयरधनी नारा नै बनाएर अभियान शुरू गरेका छौँ ।

*(नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश नं २ संसदीय दलद्वारा जनकपुरधाममा मंसिर २२ गते आयोजित 'वर्तमान अवस्थामा ऊर्जा र सिँचाइ विकासमा तीनै तहका सरकारको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनद्वारा व्यक्त विचार)*

# नेपालीले भारतीय विमानस्थल प्रयोग गर्दा झन्झट



**राकेश प्रसाद चौधरी**

काठमाण्डौ भएर भारतको कुनै पनि एयरपोर्टबाट अन्तराष्ट्रिय बिमानमा चढ्दा त्यहाँको एयरलाइन्स कम्पनी तथा अध्यागमन विभागबाट 'नो अब्जेक्सन लेटर' को नाममा पाइने झंझट र कठिनाईबारे बिभिन्न संचारमाध्यममा पढ्ने गरेको थिए । बैदेसिक रोजगारमा जानेहरूले मात्रै 'नो अब्जेक्सन लेटर' देखाउनुपर्ने यो समस्या होला भनेर सोचिरहेको थिए तर प्रत्यक्ष रूपमा जब कार्यशालाको लागि म्यानमार जाँदा मैले स्वयं यस कठिनाईको सामना गर्नुपर्यो ।

पत्रकारिता कार्यशालाको लागि काठमाण्डौ भएर भारतको कलकत्ता एयरपोर्ट हुँदै म्यानमार जानुपर्ने भएकोले यसको लागि 'नो अब्जेक्सन लेटर' चाहिने वा चाहिने, चाहिने भए त्यसको फारमको ढाँचा र विधिबारे भारतको दिल्लीस्थित नेपाली दुतावासलाई इमेलबाट केही दिन अगाडि नै जानकारी माग गरेको थिए । तर त्यहाँबाट कुनै प्रतिक्रिया नआएपछि नचाहिने भन्ने टुंगोमा पुगे ।

भारतको कोलकत्ताबाट जब थाई एयरको जहाज चढ्न टिकट लिन पुगे अनि छानाबाट खसेझै भयो । 'नो अब्जेक्सन लेटर' बिना टिकट नै नकाट्ने अडान एयरलाइन्सले लियो । जबकि मसँग म्यानमारको लागि ७० दिनको भिसा लागेको थियो तथा तीन दिनमै कार्यशाला सकिएर फर्किने टिकट समेत थियो । तथापि एयरलाइन्सको कर्मचारीले टिकट काट्न मानेको थिएन ।

भारतको प्रेस ल्याव अन्तर्गतको इमपल्स एनजिओ नेटवर्क यस कार्यशालाको प्रायोजक थियो । त्यसका प्रमुख र अन्य साथीहरूसँगै रहेकोले सम्पूर्ण कागजात देखाएपछि बल्ल टिकट काट्यो । बिदेश उड्न 'इमिग्रेसन' मा जाँदा त्यहाँ पनि 'नो अब्जेक्सन लेटर' बिना उडाउन नसकिने तर्क आयो । नेपाल सरकारले नै भारतको कुनै पनि एयरपोर्टबाट नेपालीलाई उड्न यो लेटर आवश्यक रहेको सुचना सार्वजनिक गरेकोले उडाउन नसकिने तर्क गरिरहेको थियो । म पत्रकारिता कार्यशालाको लागि म्यानमार जान लागेको र फर्किने टिकट पनि रहेकोले यो आवश्यक नपर्नेर दूतावासबाट समेत यस विषयमा इमेल पठाउँदा कुनै प्रतिक्रिया नआएको बताएको थियो । एकपटक खाडी मूलकमा जाने नेपालीहरूले नेपाली दूतावासबाट यो लेटर लिएर यात्रा गर्न सुचना जारी भएको सम्झनामा रहेको जानकारी गराए तर म जस्ता कार्यशाला, भ्रमणमा जानेहरूलाई यो आवश्यक नहुने तर्क गरिरहेको थिए । त्यसपछि त्यहाँको कर्मचारीले मसँग प्रेस कार्ड माग्यो । मैले देखाएपछि उनले आफूभन्दा माथिको कर्मचारीसँग कुरा गरेर विदेश उड्न अनुमति प्रदान गर्यो ।

**समस्या गम्भीर रहेकोले यसबारे नेपाल सरकार र भारतको दिल्लीस्थित नेपाली दूतावासलाई समाधानको पहल गर्न संचारमाध्यमले भूमिका खेल्नुपर्ने सल्लाह पाइयो ।**

भारतको कोलकत्ता एयरपोर्टमा रहेका 'इमिग्रेसन'को कर्मचारीले भारतको नेपाली दूतावासले यसबारे प्रष्ट सूचना जारी नगरेको धेरै नेपालीले विदेश भ्रमणबाट बंचित नै हुनुपरेको जानकारी गराए । समस्या गंभीर रहेकोले यसबारे नेपाल सरकार र भारतको दिल्लीस्थित नेपाली दूतावासलाई समाधानको पहल गर्न संचारमाध्यमले भूमिका खेल्नुपर्ने सल्लाह पाइयो ।

काठमाण्डौबाट सिधैं एउटै एयरलाइन्सबाट यस्तो यात्रा गर्दा झंझट नपाइने देखियो किनभने हामीले काठमाण्डौबाट एयर इन्डियाको यात्रा गरेका थियो । अर्को कुरा यस विषयमा भारतको दिल्लीस्थित रहेको नेपाली दूतावासले आफ्नै देशका नागरिकसँग हुने गरेको समस्या समाधानमा कुनै पहल नगरिरहेको आभास भयो । यस्तो समस्या भोग्नेमा मसँगै हिमाल खबरपत्रिकाकी पत्रकार कल्पना भट्टराई पनि थिइन् । उसँग प्रेस कार्ड पनि थिएन । बल्ल समस्या समाधान भएको थियो पत्रकार भएको कारण ।

हामी मानवअधिकारसँग सम्बन्धित सवालकै कार्यशालामा भाग लिन म्यानमार जान लागेका थियौं । मानवतस्करी रोक्न संचारमाध्यमले खेल्नुपर्ने भूमिकाकै बारेमा कुरा गर्यो । मनमा प्रश्न गरे आखिर यतिका कडाई गर्दा पनि मानवतस्करी कसरी हुन्छ?

के भारतको जुनसुकै एयरपोर्टबाट बिदेश जानेहरूसँग कसरी 'नो अब्जेक्सन लेटर' पुग्छ । यदी नो 'नो अब्जेक्सन लेटर' चाहिने नै भए काठमाण्डौंबाट उड्न लागेको बेलामा परराष्ट्र मन्त्रालय वा सम्बन्धित निकायले काठमाण्डौकै एयरपोर्टमा किन यस्तो ब्यबस्था नगरेको होला ? भारतको दिल्लीस्थित नेपाली दूतावासमा यस्तो फारम अनलाइन भर्ने ब्यबस्था किन गरेको छैन? आखिर भित्रि रहस्य के हो? यी र यस्ता थुप्रै प्रश्नहरूको उत्तर खोजिरहेको छु । सायद अबका केही दिनमा यसबारे बहसहरू शुरू हुनेछन् । आशा गरौं, हालै जिम्मेवारी पाएका भारतका लागि नेपाली राजदूतले यस बिषयमा गंभीर कदम चाल्नेछन् ।

# नेकपा मधेशमा स्थापित हुनसक्छ



**ईश्वर दयाल मिश्र**

**नेता, स्वतन्त्र राजनीतिक समूह**

मदन भण्डारीको जुन सोच र विचार थियो त्यसमा कहीँ न कहीँ तत्कालीन एमाले चुकेको हो । मदन भण्डारीको विचार, प्रतिवेदन, सोच मधेशप्रति यदि अगाडि बढ्यो भने नेकपा मधेशमा स्थापित हुनसक्छ । रणनीतिगत रूपमा एमालेलाई मधेशमा बदनाम गराइयो भन्नुभन्दा पनि सबभन्दा बढी दोषी काँग्रेस हो । त्यसमा एमाले पनि चुकेकै हो ।

**० स्वतन्त्र राजनीतिक समूहको हालै सम्पन्न भेलाको उद्देश्य के हो ?**

– जसले जे सोचे पनि हामीले अहिलेसम्मको राजनीति यात्राबारे समीक्षा गरेका छौं । निर्वाचनपश्चात् हामीले पहिलो भेला गरेका हौं । हाम्रो भेलालाई नेपालको राष्ट्रिय राजनीतिक दलहरूले बडो चासोका साथ हेरेका छन् । हाम्रो भेलालाई होइन, आफ्ना आन्तरिक विवादका कारण धेरै आत्तिए, राष्ट्रिय राजनीतिमा एउटा तरंग आयो । अब स्वतन्त्र राजनीतिक समूहले के गर्छ भन्ने कुरामा सबैको चासो देखिएको छ । जो साथीहरू हाम्रो भेलाका कारण आत्तिएका छन्, म नआत्तिन आग्रह गर्छु । किनभने यो हाम्रो नितान्त आन्तरिक समीक्षा थियो ।

**० भेलाको निष्कर्ष के निस्कियो त ?**

– देशमा विद्यमान विभेद, शोषण, दमन र उत्पीडनको अन्त्य, सार्थक संघीयताको कार्यान्वयन, संविधानमा आवश्यक संशोधन, समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका हरेक अंगमा पहुँच, नागरिकता समस्या समाधान गर्न, देशको मुख्य मेरूदण्डको रूपमा रहेका किसानको समस्या समाधान गर्ने, आर्थिक-सामाजिक विभेदलाई समाप्त पार्ने लगायतका विषयमा हाम्रा छलफल केन्द्रित रह्यो । यी समस्याहरू समाधान गर्नेतर्फ स्वतन्त्र राजनीतिक समूह प्रतिबद्ध रहने निष्कर्ष निकाल्यौं । हामीले कृषि प्रधान देश भन्छौं तर किसानका समस्या जहाँको तहीँ छ । त्यसैले हामीले देशको समसामयिक समस्याहरूमा केन्द्रित रहेर छलफल गरेका छौं । यसबाट कोही आतिनुपर्ने आवश्यक्ता छैन ।

**० सो भेलामा नेकपामा प्रवेश गर्ने विषयमा छलफल भएन ?**

– हाम्रो भेलामा हरेक विषयमा गम्भीररूपले छलफल भएको हो । जहाँसम्म नेकपामा प्रवेश गर्ने कुरा छ, त्यस विषयमा पनि व्यापक छलफल भयो । हाम्रो आगामी राजनीतिक यात्राबारे तीन वटा कुरा आयो । पहिलो विकल्प, यो राजनीतिक समूहलाई एउटा पार्टीको रूपमा लाने । दोस्रो विकल्प, यो राजनीतिक समूहलाई अभियानकै रूपमा लैजाने र तेस्रो विकल्प, यदि कुनै पार्टीमै प्रवेश गर्नुपर्ने अवस्था आयो भने नेकपालाई पहिलो प्राथमिकता दिने । किनभने, यो हाम्रो नैतिकता पनि हो । हामीले निर्वाचनका बेला तत्कालीन वाम गठबन्धनसँग सहकार्य गरेर एमालेको चुनाव चिन्हबाट निर्वाचनमा होमिएका थियौं । जसमा कतिपय ठाउँमा जनताले हामीलाई निर्वाचित पनि बनाए । तत्कालीन गठबन्धन जनताबाट अनुमोदित भएको थियो । अहिले नै नेकपामा प्रवेश गर्ने भन्ने निष्कर्षमा हामी पुगिसकेका छैनौं । हामीले वार्ता र संवाद अहिले पनि जारी नै राखेका छौं ।

**० नेकपा प्रवेशका लागि के विषयमा कुरा अड्किरहेको छ ?**

– हामीले नेकपासँग सार्थक वार्ता गरिरहेका छौं । हामी समायोजनका पक्षमा पनि छौं । नेकपाका नेताहरू हामीलाई समायोजन गर्न आतुर छन् । चाँडोभन्दा चाँडो समायोजन चाहेका छन् । किनभने हामीले जुन अपजस लिनुपर्ने थियो त्यो पहिला नै लिइसक्यौं । नेकपाका साथीहरू स्थायी कमिटी, पोलिट् ब्युरो, प्रदेश, जिल्ला र नगर कमिटीहरूमा हाम्रा साथीहरूलाई समायोजन गर्ने विषयमा सहमत पनि छन् । हृदयेश त्रिपाठी, ईश्वर दयाल मिश्र, वृजेश गुप्ता, पशुपति दयाल मिश्र लगायतलाई मात्र समायोजन गरेर मधेशमा नेकपा बलियो हुँदैन । मदन भण्डारीको जुन सोच र विचार थियो त्यसमा कहीँ न कहीँ तत्कालीन एमाले चुकेको हो । मदन भण्डारीको विचार, प्रतिवेदन, सोच मधेशप्रति यदि अगाडि बढ्यो भने नेकपा मधेशमा स्थापित हुनसक्छ । अहिले पनि मधेशमा कांग्रेसको ठाउँ सुरक्षित नै छ । त्यसरी नै नेकपालाई पनि बलियो उपस्थितिका लागि नेतृत्वलाई केही बुँदाहरू दिएका छौं । त्यसमा उनीहरूको पनि सहमति नै छ । हामीसँग भइरहेको वार्तालाई छिट्टै नै सार्थकरूप दिन्छौं ।

**० तत्कालीन नेकपा एमालेको मधेशप्रति जुन नीति थियो, त्यो नेकपामा परिवर्तन भएको छ ?**

– संघीयता बिनाको अन्तरिम संविधान र २०७२ को संविधान नेपाली काँग्रेसले नै ल्याएको हो । जुन विभेदकारी संविधानको विरोधमा मधेशमा त्यत्रो आन्दोलन र सयौंको सहादत भयो । यसको दोषी हामी जसलाई बनाए पनि यहाँ अस्थिरता ल्याउने काँग्रेस नै हो । त्यसकारण मुलुकमा एमालेले संकट ल्यायो भनेर भन्न मिल्दैन । एमालेका नेताहरूको अभिव्यक्तिले चोट पुगेको हो तर, अस्थिरता ल्याउने काँग्रेस नै हो । हामी खाली एमालेलाई दोषी बनाउने र काँग्रेसलाई 'क्लिनचिट' दिने ? मुख्य दोषी भनेको काँग्रेस हो, सहदोषी अरू कोही होला ।

**० त्यसो भए विगतमा तात्कालीन एमालेलाई रणनीतिगत रूपमा बदनाम गराइएको हो त ?**

– रणनीतिगत रूपमा एमालेलाई मधेशमा बदनाम गराइयो भन्नुभन्दा पनि सबभन्दा बढी दोषी काँग्रेस हो । त्यसमा एमाले पनि चुकेकै हो ।

**० मधेशको राजनीतिलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– हामीले विगतमा विश्वमै नजिर स्थापित हुने आन्दोलन गर्‍यौं । हामी मात्र पहाडी-पहाडी वा मधेशी-मधेशी भनेर केही उपलब्धि हासिल गर्न सक्दैनौं । जबसम्म हामी नेपाली भएर यसको समाधान खोज्दैनौं तबसम्म यो एउटा मुद्दाको रूपमा मात्रै रहिरहन्छ । चुनावका बेला चर्को भाषण गरेर दुई चार सिट जित्ने अनि काठमाडौंमा आएर बार्गेङ्गि गर्ने अहिलेसम्मको अवस्था देखिएको छ । मधेशी दलका नेताहरू बडो राम्रा राम्रा नाराहरू दिए, एउटा सपना देखाए, त्यही सपनाको भरमा आन्दोलन भयो । मधेशका एक जना क्रान्तिकारी नेताले त संविधान संशोधन होइन, पुनर्लेखन नै गर्नुपर्छ भनेर सपना देखाए । अहिले के संविधानमा संशोधन वा पुनर्लेखन भइसक्यो जसकारण सरकारमा गएका छन् ? त्यो कुरा जनताले बुझिरहेका छन् । त्यसकारण अब बेवकुफ बनाउने काम नगरौं । धेरै साथीहरूलाई शहीद बनाइयो, तर आजसम्म त्यसको उपलब्धि के भयो ? यति ठूलो आन्दोलनको अन्त्य कहाँ गएर भएको हो ? यसको बारेमा कुनै चर्चा भयो मधेशमा ? नेताहरूले किन विसर्जन गरे ? जो वास्तविक आन्दोलनकारीहरू छन्, उनीहरू अहिले क्षुब्ध छन् । त्यसकारण अब सपनाको खेति नगरौं, अब विपनामा आऔं ।

**० पूर्वपार्टी राजपा नेपालको अवस्थालाई कसरी हेरिरहनुभएको छ ?**

– राजपा नेपाल एक थान पार्टी हो र त्यसको ६ थान मालिकहरू छन् । विगतमा अहिलेका राजपा भनौं वा फोरमलाई एक मधेश एक प्रदेश चाहिएको थियो, त्यो उनहिरूले पाइसकेका छन् । त्यही दृष्टिकोणले हामीले हेरिरहेका छौं । मधेशका अन्य जिल्लाको विषयमा उनीहरूलाई चिन्ता हुन्थ्यो भने प्रदेश २ बाहेक अन्य प्रदेशको स्थानीय निर्वाचनमा किन सहभागी भएनन ? अहिले आठ जिल्ला पाएर मख्ख छन् ।

**० तपाइँहरूको दृष्टिकोणमा राजपा र फोरम प्रदेश २ मा मात्र सीमित छन् ?**

– त्यही नै हो । प्रदेश २ मा पनि केही व्यक्तिहरूमा मात्र सीमित छन् ।

**० तपाइँहरूलाई पनि प्रदेश ५ को चिन्ता रहेको मात्र भनेर आरोप लाग्न सक्छ नि ?**

– सही कुरो हो, आरोप त लाग्न सक्छ । तर, वास्तविकता बुझ्नुपर्छ । हामीसँग मात्र प्रदेश ५ का साथीहरू छैनन् । हामीसँग प्रदेश १, २, ७ लगायत सम्पूर्ण मधेशका मान्छे छन् । यहाँसम्म कि पहाड र हिमालका साथीहरू पनि हामीसँग छन् । हामीले निर्वाचनमा अन्य प्रदेशहरूमा उम्मेद्वार उठाउने सम्भावना भएन । यदि यो पार्टी बन्यो भने हेर्नुहोला कहाँ-कहाँका मान्छेहरू छन् । यदि नेकपामै समायोजन भयो भने हेर्नुहोला हामीसँग कहाँ-कहाँका मान्छे गएका छन् । यो त पछि हेर्ने कुरो हो नि ।

**० कहिलेसम्म अन्तिम निष्कर्षमा पुग्नुहुन्छ ?**

– चाँडोभन्दा चाँडो हामी एउटा निष्कर्षमा पुग्छौं । किनभने हामीसँग तीनवटा विकल्प खुल्ला छन् । हामी नेकपामै प्रवेश गर्नका लागि लालायित पनि छैनौं । भर्खरै नेकपाको स्थायी कमिटीको बैठक पनि बसेको छ । अब उनीहरूसँग भेटेर एउटा सार्थक वार्ता गरी निष्कर्षमा पुग्छौं । हामीले बुझाएका मुद्दामा उनीहरूले ठोसरूपमा प्रस्तुती देखाए भने प्रवेश गर्छौं । होइन भने त हाम्रा आगामी राजनीतिक यात्राका लागि अन्य विकल्पतर्फ लाग्छौं ।

# नाममा 'मधेश' हुनैपर्ने सुझाव आउँदैछ



**रामप्रवेश बैठा**

**सदस्य, मधेश सम्वाद सुझाव आयोग**

मधेशकै आन्दोलनका कारण आज मुलुकमा संघीयता आएको छ । मधेश आन्दोलनकै उपज आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भनेर स्थापित भएको छ । मधेश आन्दोलनको केन्द्रविन्दू पनि यी आठवटा जिल्ला नै रहेकोले यो प्रदेशको नाममा मधेश शब्द राख्नैपर्छ भनेर अधिकांश व्यक्तिहरूको सुझाव आएको हो ।

**० प्रदेश २ को नामाकरणसम्बन्धी गठित मधेश सम्वाद सुझाव आयोग के गर्दैछ ?**

– अहिले प्रदेश सरकार कानून निर्माणको क्रममा छ । यसैबीच प्रदेश सरकारले आठवटै जिल्लाका विभिन्न पक्षहरूसँग छलफल गरेर सुझाव संकलनका लागि यो आयोग गठन गरेको हो । यस क्रममा हामीले पहिलो पटक सुझाव संकलन कार्यक्रम पर्सा जिल्लाको वीरगन्जमा सम्पन्न गरेका छौं । खासगरी, प्रदेशको नाम र राजधानीको विषयमा सुझाव लिने प्रयास गरेका छौं । यसै क्रममा बारा जिल्लाको कलैयामा कार्यक्रम गर्दैछौं । त्यसपछि रौतहटको गौरमा, सर्लाहीको मलंगवामा गरी क्रमश: आठवटै जिल्लामा सुझाव संकलन गर्नेछौं ।

**० तपाइँहरूले अहिलेसम्म एउटा मात्र जिल्लामा सुझाव संकलन गर्नुभएको छ र समयसीमा पनि समाप्त भइसको छ । किन समयमा सुझाव संकलन गर्न सक्नुभएन त ?**

– आयोगको समय एकदमै कम थियो । विभिन्न प्राविधिक कारणहरूले समयमै काम पूरा हुनसकेन । आयोगको अवधि बढाउने कुरा गरिरहेका छौं । प्रदेश सरकारले आयोगको केही समय थप गरेपछि हामीले टुंगो लगाउँछौं ।

**० तपाइँहरूले के काम गर्नु भयो कि समय सीमा सकिनै लाग्दा एउटा मात्रै जिल्लामा सुझाव संकलन गर्नुभयो ?**

– हामीले त काम गरिरहेकै छौं । नीति आयोगका कामहरू पनि यही सुझाव आयोगले गर्नुपर्ने भएकोले अलिकति विलम्ब भएको हो । अब छिट्टै सुझाव संकलन आयोगले टुंगो लगाउँछ ।

**० भनेपछि अब आयोगको समयावधि थपिन्छ ?**

– प्रदेश सरकारले आयोगको समयावधिलाई केही समयका लागि थप गर्ने कुरा भइरहेको छ ।

**० कति दिनको समय चाहिन्छ ?**

– खासगरी नामाकरण जटिल विषय भएकोले गहनरूपमा छलफल गर्नुपर्ने हुन्छ । प्रदेशमा रहेका सबै पार्टीका प्रतिनिधि, स्थानीय प्रतिनिधि तथा बुद्धिजीबीहरूसँग राय सुझाव लिने काम कठिनै विषय हो । त्यसैले आयोगलाई सुरूमा दिइएको ४५ दिनको समय पर्याप्त थिएन । यसमा अब थप दुई/तीन महिनाको समय थप गर्नुपर्छ भनेर हामीले मुख्यमन्त्रीसँग माग गरेका छौं । मुख्यमन्त्रीले काम गर्दै जानुस्, समयावधि बढाउन सकिन्छ भनेर भन्नुभएको छ । केन्द्रमा पनि कति धेरै आयोगहरू गठन भए तर कुनै पनि आयोगले आफ्नो समयावधिभित्र काम गर्न सकेको छैन ।

**० वीरगन्जमा सुझाव संकलन गर्दा केकस्ता सुझावहरू आएका छन् त ?**

– धेरै साथीहरूले प्रदेशको राजधानी वीरगन्ज हुनुपर्छ भनेर सुझाव दिनुभयो । नामको सन्दर्भमा मधेश प्रदेश राखौं अथवा मध्यमधेश राखौं भन्ने सुझाव पनि आयो । त्यसैगरी, मिथिला प्रदेश पनि राख्नुपर्छ भन्ने केही व्यक्तिको सुझाव आएको हो । तर, ८० प्रतिशत जनप्रतिनिधिहरूले मधेश प्रदेश र राजधानी वीरगन्ज राख्नुपर्छ भन्ने सुझाव दिएका छन् । अहिले एउटा जिल्लाबाट मात्र यस्तो सुझाव आएको छ र अन्य जिल्लाहरूमा सुझाव लिन बाँकी नै छ । सबैलाई समेटेर कसरी लोकतान्त्रिक अभ्यासमा समायोजन गरी जाने, विवादरहित तरिकाले यो प्रदेशको नामाकरण होस् भनेर हामी लागेका छौं । अन्य प्रदेशहरूको नाम त केन्द्रबाटै तोक्न लगाइयो तर हामी त्यसरी गर्दैनौं । यहाँको राजधानी, नामाकरण र भाषा के हुन्छ भनेर व्यापकरूपमा सुझाव संकलन गरेर निष्कर्षमा पुग्छौं ।

**० भनेपछि पर्सा जिल्लाबाट नामको सन्दर्भमा मधेश प्रदेश सुझाव आयो ?**

– हो । यसमा मध्य मधेश भन्ने पनि कतिपयको सुझाव थियो । किनभने मधेश आन्दोलन, मधेश मुद्दालाई सम्बोधन गर्ने शब्द जुन छ त्यो मधेश नै हो । मधेशकै आन्दोलनका कारण आज मुलुकमा संघीयता आएको छ । मधेश आन्दोलनकै उपज आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भनेर स्थापित भएको छ । मधेश आन्दोलनको केन्द्रविन्दू पनि यी आठवटा जिल्ला नै रहेकोले यो प्रदेशको नाममा मधेश शब्द राख्नैपर्छ भनेर अधिकांश व्यक्तिहरूको सुझाव आएको हो ।

**० सुझाव संकलन गरिरहँदा के कस्ता अप्ठ्याराहरूको सामना गर्नुभयो ?**

– यो धेरै जटिल विषय भएकोले अप्ठ्यराहरू आउनु स्वाभाविक नै हो । किनभने हामीले सबैको विचारलाई सम्मान गर्नुपर्ने हुन्छ । सबैको रायसुझाव संकलन गरी हामीले प्रतिवेदन प्रदेश सरकारलाई बुझाउँछौं ।

**० प्रदेश सरकारको कामकारबाहीलाई कसरी हेरिरहनु भएको छ ?**

– प्रदेश सरकारको कामकारबाहीलाई मूल्यांकन गर्ने हो भने उल्लेखनीय नै रहेको छ । अन्य प्रदेशको तुलनामा प्रदेश २ को सरकार अगाडि नै छ । प्रदेश २ को सरकारले प्रहरी ऐन, करार कर्मचारी भर्ना ऐन लगायतका महत्वपूर्ण ऐनहरू मन्त्रिपरिषद्बाट पारित गरिसकेको अवस्था छ । तर, केन्द्र सरकारको बाङ्गो दृष्टिकोणले गर्दा प्रहरी ऐन कार्यान्वयन हुन सकिरहेको छैन । संवैधानिक हिसाबले पनि प्रदेशले आफ्नो प्रहरी प्रशासन राख्न पाउँछ भनेर व्यवस्था गरेको छ । प्रदेश सरकारको मातहतमा सिडियो एसपी नभएपछि काम गर्न अप्ठ्यारो भइरहेको छ । त्यस्तै, प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ अभियानलाई अगाडि बढाइरहेको छ । यहाँ कर्मचारी अभावका कारण कामकारबाहीहरू प्रभावकारी हुन नसकिरहेको अवस्थामा केन्द्रलाई बारम्बार ताकेता गर्दा पनि केन्द्रले वास्ता गरेको छैन । बाध्यतावश प्रदेश सरकारले करारमा कर्मचारी भर्ना गर्नका लागि करार ऐन पनि ल्याएको छ ।

**० जनताले महसुस गर्ने खालका के कस्ता कामहरू भएका छन् त ?**

– मधेश आन्दोलनमा जो शहीद भएका थिए, उनीहरूको लिस्टिङ्ग गरेर उनीहरूको घरमै गएर तीन लाखको दरले रकम वितरण गरिएको छ । गम्भीर प्रकृतिका घाइतेलाई घरमै गएर व्यवस्थापन गरिएको छ । त्यस्तै, बेटी पढाउ, बेटी बचाउ अभियान पनि सँगसँगै लगिएको छ । यसैगरी, विकास निर्माणका लागि विभिन्न योजनाहरू छनोट भएको छ । अहिले त प्रदेश सरकार गठन भएको एक वर्ष पनि भएको छैन । ऐन कानूनहरू बनाउनुपर्ने काम भइरहेको छ ।

**० तपाइँ राजपा नेपालका सहमहासचिव पनि हुनुहुन्छ, राजपामा संयोजक परिवर्तनपश्चात् पार्टीमा देखिएको विवादबारे तपाइँको धारणा के छ ?**

– राजपा नेपाल गठनपश्चात् महन्थ ठाकुरजीलाई संयोजक मानेर अध्यक्षमण्डलका अन्य सदस्यहरू कामकारबाही अगाडि बढाउनुभयो । पछिल्लो समय चक्रीय प्रणालीअन्तर्गत राजेन्द्र महतोजी संयोजक बन्नुभयो । तर, नेता कार्यकर्ताहरूको असन्तुष्टि स्पष्टरूपमा भन्ने हो भने प्रक्रियासंगत भएन । सर्वसम्मतमा चक्रीय प्रणालीअनुसार संयोजक परिवर्तन हुने भनेर विधानमै छ तर सर्वसम्मत नभएर बहुमतीय प्रणालीअनुसार संयोजक फेरियो । महन्थ ठाकुर मधेशको मात्र नभई देशकै एउटा प्रतिष्ठित राजनेताहरूमध्ये पर्नुहुन्छ । उहाँ अहिले पनि मधेशका सर्वोच्च नेता हुनुहुन्छ । राजेन्द्र महतोजी संयोजक बन्नुभयो स्वागत छ । पहिला राजपाका सबै निर्णयहरू सर्वसम्मतमा हुन्थ्यो तर संयोजक परिवर्तन किन बहुमतले भयो भन्नेमा धेरै नेताहरूको विमति छ । तर, महन्थ ठाकुरजीले हाम्रो पार्टीमा कुनै विवाद छैन, प्रक्रियागत कुरा हो भनेर भनिसक्नुभएको छ ।

**० भनेपछि, राजेन्द्र महतो विधानविपरीत संयोजक बन्नुभयो ?**

– हो । यहाँ सर्वसम्मतबाट हुनुपर्नेमा बहुमतीय प्रणालीको कुरा आयो । विगतमा हरेक निर्णयहरू सर्वसम्मतबाटै हुने गरेको थियो भने किन हतार भयो । केही दिन पर्खेर सबैलाई सहमतिमा ल्याएर संयोजक परिवर्तन गर्दा राम्रो हुन्थ्यो । महन्थ ठाकुरजी पदको लोलुप भएको व्यक्ति हुनुहुन्न ।

**० राजेन्द्र महतोलाई संयोजक बन्न हतार भयो ?**

– हो । उहाँले हतार नगरेर त्यही विषयलाई मिलाउन एक/दुई दिन छलफल गरेर संयोजक परिवर्तन गर्दा अति उत्तम् हुन्थ्यो । तर, अब ठिकै छ । विवाद खडा गरेर होइन, सबैलाई मिलाएर पार्टीलाई अगाडि लिएर जानुपर्छ । राजपालाई एक ढिक्का बनाएर अगाडि बढ्नुपर्छ भनेर राजेन्द्र महतोलाई शुभकामना दिन चाहन्छु ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# तराई मधेश राष्ट्रिय परिषद्को कार्यनीति र कार्यदिशा–२

## "सबै राष्ट्रहरू चाहे ती कम संख्याबाला हुन वा अधिक स्वतन्त्र हुनैपर्दछ।"

बोलिभियाली नेता अल्बारो गार्सिया लिनेराको मत अनुसार यो निरन्तरताको धार हो र यो सुखको धार पनि हो। यस कारणले कि २५०वर्ष भन्दा अधिक समय देखि मधेशी राष्ट्रियता र राज्य बिच देखा परेको फल्टलाईन अझै मेटीई सकेको छैन्। उक्त फल्टलाईन विद्यमान रहेसम्म नेपालमा लोकतान्त्रिक मुल्य संस्थागत हुने गुञ्जायस रहन्न। यसअर्थमा मधेशी राष्ट्रियता स्थानिय सत्तासँगै केन्द्रिय सत्ता साझेदारको रूपमा स्थापित हुनैपर्छ। यसले मात्र मधेशी राष्ट्रियता र राज्य बिचको फल्टलाईन मेटाउने भूमिका निर्वाह गर्न सक्नेछ र गणतन्त्रात्मक नेपाली राज्यको औपनिवेशिक चरित्र अन्त्य भएर जान्छ।

**यथार्थ कर्म, नियन्त्रण शक्ति र शासकीय शक्ति :** मार्क्सवादले पनि स्वीकारेको विषय 'सत्ता वाहेक सबै भ्रम हुन।' आजको समसामयिक राजनीतिमा अझ प्रभावी मत ठहर भयो। सत्ता राज्य सञ्चालनको औजार भनी बुझ्नु नै अल्पबुझाई हो किनकी यो दीक–काल सापेक्ष हुन्छ। यसो भन्दा सत्ता चेतनासंग जोडिएर आउँछ। जुनसुकै सत्ता पूर्णतामा मात्र अस्तित्व धारण गर्ने भएको कारण यसको सम्बन्ध चेतनासँग हुने भनिएको छ। यसको बोध गर्न समेत यथार्थ कर्मको आवश्यकता छ। वैयक्तिक सार्वभौमिकता पनि पूर्णतामा अस्तित्ववान हुने कुरो हो। यथार्थ कर्म बिना वैयक्तिक सार्वभौमताले नियन्त्रण शक्ति गुमाउँछ। साथै शासकीय शक्ति निर्माणमा अवरोध पुग्ने हुन्छ। यो समाज विज्ञानमा पनि लागु हुन्छ तर त्यहाँ फरक स्वरूपमा प्रकट भई शासकीय शक्तिले वर्चश्व कायम गर्न सक्नुपर्छ। ज्ञानको तहमा वर्चश्व कायम गर्नु नै चेतना उपर नियन्त्रण गर्नु हो। हाल सूचना प्रविधीमा भएको उच्चतम विकासले ज्ञानमा विष्फोट हुन पुगे। उत्तरआधुनिकतावादी विश्लेषक जगदिश शम्सेर राणाको मत अनुसार ज्ञानमा वहुलविष्फोट हुँदा आर्थिक केन्द्र समेत विभिन्न उपकेन्द्रहरूमा पुनर्गठन हुन पुगे। यसले समाज बुझाई सम्बन्धि जटीलता थपेको कारण उपरोक्त तीन विषय गम्भिर चिन्तनको विषय बनेको हो।

**राष्ट्रिय मुक्ति आन्दोलनको कार्यदिशा :** राष्ट्रिय मुक्ति आन्दोलन मार्क्सवादी विचारले निर्देशित एकल आयामिक हुने विषय रहेन। यसलाई वहुआयामिक ढङ्गले बुझे मात्र सही कार्यदिशा किटान गर्न सकिनेछ। नेपालमा दश वर्षे माओवादी जनयुद्धको वेला जुन अभ्यास जातीय/क्षेत्रीय मोर्चा गठन मार्फत भयो अब ती सबै नक्कल गरेर प्रतिरोधी आन्दोलन विस्तार गर्न सकिदैन। यसकारणले वैकल्पिक विचार तथा संगठन सिद्धान्त खोजी गर्नु परेको छ र राष्ट्रिय उत्पीडनको सवालसँग यो आन्दोलन एकाकार गरेर लैजानु परेको छ। सारमा, राष्ट्रिय मुक्ति आन्दोलनको कार्यदिशा यीनै तथ्यहरूको आलोकमा किटान गरेर जानुपर्छ। तसर्थ, अभियान–संघर्ष–विद्रोहको त्रिआङ्गी मार्ग अबको राष्ट्रिय मुक्तिको कार्यदिशा किटान गरी अगाडि बढ्नुपर्छ। अर्को शब्दमा यसलाई "अभियानमा निरन्तरता, संघर्षमा जोड र विद्रोहको तयारी" भनी सुत्रवद्ध गर्न सकिन्छ।

मधेशी राष्ट्रियता निर्माणको सारभूत पक्षहरू:

१. बुर्जुवा पूँजीवाद, कम्युनिष्ट र पहिचानको राजनीतिक नमूना बीच विश्वमा चलिरहेको प्रतिस्पर्धाले राष्ट्र–राज्य र त्यहाँको वहुलराष्ट्रियता पक्षधर बीच द्वन्द्व देखिन्छ। त्यहाँका इन्डिजिनिष्ट राष्ट्रियताहरू नयाँ स्थानहरू निर्माण गर्दै छन् जहाँ आफ्नो एजेन्सी तथा वैकल्पिक प्रभावी आर्थिक नमूना समेत प्रस्ताव गर्न थाले। ती प्रक्रियाहरूले नयाँ र विकासको मिश्रित मुल्य स्थापित गर्दैछ।

२. उपरोक्त राजनीतिक नमूना बीचको प्रतिस्पर्धाले शुशुप्त रहेको बडी पोलिटिक निर्णायक हुँदै आएको पुष्टी भयो। परिणामत: आधुनिकताको विमान चढेर लोकतन्त्र, पूँजीवाद, सेकुलरिज्म तथा मानवअधिकार साम्राज्यवादी औजार बन्न पुग्यो र त्यस उपर चुनौती खडाभई सामुदायिकरण, स्थानीयकरण अथवा रयाडिकल इन्डिजिनाइजेसनले नवजीवन प्राप्त गर्न पुगे।

३. यस प्रकारको नमूना रूपान्तरणबाट लामो समय सम्म प्रभावी मानिएका नवउदारवाद अथवा नवमार्क्सवाद भित्रको शक्ति राजनीतिको युग संकट उन्मुख भएको स्थिति विद्यमान छ। आज समुदाय अथवा समाज आधुनिकरणको लाभ लिई साँस्कृतिक, आर्थिक तथा राजनीतिक रूपमा सबल बन्दै गएको अवस्थामा फेरि मूल संस्कृति उन्मुख हुँदै पहिचान खोज्ने काम गर्दैछ।

४. यसको प्रभावले सिंगो दक्षिण एसियाको राजनीतिक नमूनामा आमूल परिवर्तन हुनगई वस्तुत: कम्युनिष्ट समाजवादी र बुर्जुवा पूँजीवादी विचारधारा सँगको प्रतिस्पर्धा अन्त्य भएकोले सभ्यताको अन्तरसंघर्ष वैदिक हिन्दु, वौद्ध तथा सीमान्त तहमा रहेका इस्लाम र क्रिश्चयन सभ्यताहरू बीचको प्रतिस्पर्धा राजनीतिक रूपमा मुखरित भयो। दक्षिण एसियाली महाद्वीपमा यसरी उल्लेखित सभ्यताहरू बीचको द्वन्द्वले शक्ति केन्द्रहरूलाई प्रतिस्थापित गरिरहँदा यस महाद्वीपमा बडी पोलिटीकको तहमा हाल पर्यन्त अवस्थित राष्ट्रिय समुहहरू तथा उनीहरूको साँस्कृतिक पुनरोत्थान तर्कसंगत, जायज र अझ राजनीतिक रूपमा समाजको लोकतान्त्रिक प्रक्रियाको जग सशक्त बन्दैछ।

५. ल्याटिन अमेरिकी साहित्यकार कार्ल फ्युन्तेको मत छ–" विरोधाभाषको स्थिति यस्तो छ; एकातिर आर्थिक विवेकले आउने शताब्दी विश्वअर्थतन्त्रको एकिकरणको युग हुन्छ भन्छ, अर्को तर्फ साँस्कृतिक अवचेतनाले सन्देश दिन्छ कि सो शताब्दी जातीय दवाव र राष्ट्रियता जागरणको शताब्दी हुनेछ। तर, विवेक र कल्पनाले हामीलाई भन्छ–समाधान त्यो विन्दु हो जहाँ एकिकरण र पृथकताका मागहरूलाई सन्तुलित गर्न सकिन्छ र त्यो संघीय शासन हो।"

६. सारमा राष्ट्रियताको दावी तीन तत्वबाट प्रेरित हुन्छन्–पहिलो तत्व पहिचानको सम्मान, दोश्रो तत्व लोकतान्त्रिक अधिकार र स्वतन्त्रता तथा तेश्रो तत्व उन्नतीको आधार। ती तीन तत्व अनुभूत गरेको अवस्थामा राष्ट्रियताहरूलाई छुट्टै राज्यको जरूरत पर्दैन। त्यसैगरी व्यक्तिगत तथा सामुहिक पहिचानको खोजी र यससँगै जोडिएर आउने आत्मनिर्णयको अधिकार पनि शक्तिशाली प्रेरक तत्वहरू हुन। तसर्थ, हालै चलिरहेको आन्दोलनबाट के प्रष्ट संकेत पाइन्छ कि नेपाल देशको अखण्डता रक्षा गर्ने हो भने हामीलाई नयाँ राष्ट्रियताको आधार निर्माण गर्नु अनिवार्य छ।

७. नेपालको भौगोलिक विस्तार पछि शुरू भएको वर्णाश्रम धर्म विधानको घोषित तथा अघोषित कानुनहरूले समाजलाई ठाडो असमानता तिर लगे। तागाधारी पहाडे वाहुन–क्षेत्री तथा शिक्षित नेवार सम्मिलित साभ्रान्त शासन लामो समय सम्म छिटफुट प्रतिरोध वाहेक निरन्तर चल्दै आए। त्यसमा फेरि मुसलमान तथा अंग्रेजको अतिक्रमण रोक्न मलेच्छ विरोधी राष्ट्रियता निर्माण हुन पुग्यो। यहाँ मधेशमा बसेका जनताहरू त्यो राष्ट्रियता भित्र अटाएनन् कारण त्यस क्षेत्रको भूमि, जल तथा जंगल उपरको स्वामित्व खोसिनुले शक्तिशाली अंग्रेजको प्रतिरोध गर्न चासो देखाएनन्। गोर्खा राज्य र अंग्रेज बीचको सम्झौता पश्चात मधेशी उपर शंकायुक्त व्यवहार हुँदै आयो।

दस्तावेज

८. मधेशी राष्ट्रियताको दावी ऐतिहासिक र वस्तुवादिता दुवै दृष्टीकोणले तर्कसंगत र न्यायपूर्ण छ। ऐतिहासिक भौतिकवादी दृष्टीकोणले हेर्ने हो भने मधेशी राष्ट्रियता भित्रका अवयवहरूलाई भने नेपाल राज्य अस्तित्वमा आउनु अगाडि नै निरन्तर मौजा, प्रगन्ना तथा गादी चौरासी मार्फत शासित हुने स्वशासन थियो भने वस्तुवादी ढङ्गले हेर्दा मधेशी राष्ट्रियता कहिले शान्तिपूर्ण त कहिले सशस्त्र आन्दोलन मार्फत अधुनिक नेपाली राज्यसत्ताको विरूद्ध धक्का दिँदै आए। राणाशासन विरूद्ध लडेको लडाई देखि तौलिहवाको सशस्त्र विद्रोह (सन् १९६०) प्रेरणादायी रहयो। सन् १९९० को लोकतान्त्रिक आन्दोलन पश्चात पटक पटक सडक संघर्ष गर्दै आएका मधेशी जनता दश वर्षे जनयुद्धमा महत्वपूर्ण भूमिका निर्वाह गरे। तर, जनआन्दोलन २०६२/६३ को सफलता पश्चात संविधान सभा निर्वाचनका लागि बनेको गिरीजाप्रसाद कोइराला नेतृत्वको सरकारले अन्तरिम संविधानमा संघियतालाई वेवास्ता गरे पश्चात मधेशी राष्ट्रियता एकजुट भएर प्रतिरोध गरे जसको कारण संघीय लोकतान्त्रिक गणतन्त्रको अवधारणाले मुर्त रूप लिन थाले। यहि वस्तुवादीताको आधारमा मधेशी राष्ट्रियता अलग पहिचान स्थापित गर्ने देखिन्छ।

९. मधेशी अवधराणा भनेकै स्थानीयता हो। विशिष्टता यसको महत्वपूर्ण चरित्र हुन्छ। स्थानीयता सर्वव्यापकताको विपरित अवधारणा रहेको कारण ठाडो असमानताको गुञ्जायस हुन्न। मधेशी पहिचान यस अर्थमा साँस्कृतिक सापेक्षवादको विचारसँग जोडिन्छ। मधेशी पहिचान यहि तर्क र ज्ञानसँग एकाकार भएर विकास हुने हो।

१०. राष्ट्रियताको निर्माण भावबाट पनि हुन्छ र यसको वैधता प्रमाणित गर्ने ठोस विचार छैन। तर लामो संघर्षको दौरान असुरक्षाबाट बच्न हामी तथा परायाको भाव जन्मिन्छ। हामी भन्ने मनोविज्ञान राजनीतिक रूपले प्रतिविम्बित हुने समयमा राष्ट्रियताको अवधारणा विकास हुन्छ। यो सँगै सार्वभौम हुने तथ्य समेत जोडिएर आउने भएको कारण आत्मनिर्णयको अधिकार राष्ट्रियता दावीको महत्वपूर्ण तत्व मानिन्छ। मधेशीको सन्दर्भमा नेपाल राज्यको निर्माण हुँदै गर्दा हामी भन्ने भावभित्र मधेशी पर्न सकेन्। यसले उनीहरू उपर परशासन थोपरे जसले गर्दा परशासनको विरूद्ध स्वशासनको मत उब्जे। यसरी लामो संघर्षको दौरान नेपाली राज्य सत्ताको विरूद्ध हामी मधेशी भन्ने भाव विकास हुँदै आए। मधेशी राष्ट्रियताको दावी सहित उठेको आन्दोलन अन्तत: लोकतन्त्र उपर असिमित सवाल उठ्ने गरी आधार तयार पारे। अहिले समेत ती सवालहरू अनुत्तरित छन्।

११. राष्ट्रियताको सवालमा सुपरा–न्यासनालिज्मको प्रतिरोध शुरू देखि नै हुँदै आएकोले मधेशको भावनासँग तर्सिने काम भयो। तसर्थ, अबको नयाँ परिभाषा र आधार तय गर्दा राष्ट्रियताको दावी सहित संघर्षरत रहेका बाँकी पक्षहरूको सहमतिमा मात्र इन्ट्रा–न्यासनालिज्म निर्माण गर्न सकिन्छ। अर्थात् मधेश भन्ने प्रस्ताव त्यस भूगोलमा बसोवास गर्ने राष्ट्रियताहरूको सहमतिले ठोस गरेर लान सक्नुपर्छ। यसको प्रभाव भविष्यको राजनीति माथि परिरहने देखिन्छ।

**सवालको प्रस्तुतिकरण :**

माथि नै उल्लेख गरियो कि तराई मधेशको सवाल भनेकै राष्ट्रिय उत्पीडनको सवाल हो। यस विषयमा केही स्पष्ट गर्न प्रयास त गरिए तर राष्ट्रिय उत्पीडनको सवाल बुझ्ने ज्ञान कुन होला ? राष्ट्रिय उत्पीडनको चरित्र के हो ? यसको द्वन्द्वात्मकतालाई स्वीकार गर्न सकिने हो कि होइन ? आदि प्रश्नहरूको चाँङ छ। स्वतायत्तताको आधारमा आफ्नो जीवन व्यवस्था गर्ने जाति(राष्ट्र)को अधिकार रहन्छ। त्यसको अलग रहने अधिकार पनि रहन्छ। नेपालको सन्दर्भमा स्वतन्त्र मधेशको लागि अवस्था के छ ? आत्मनिर्णय सम्बन्धि दफाको अर्थअनुसार, त्यसो गर्न उनीहरू(मधेशी)लाई पूर्ण अधिकार छ। तर यी समस्याको समाधान सम्बन्धित जाति(राष्ट्र) रहने ठोस ऐतिहासिक अवस्थाहरूमा निर्भर गर्दछ। अर्को कुरा, समाज गतिशिल हुने हुँदा अन्य सबै चीज झैं अवस्थाहरू समेत फेरिन्छन् र एक खास समयमा सही हुने फैसला अर्को समयमा एकदमै असुहाउँदो सावित हुन सक्छ। कुनै खास जाति(राष्ट्र)ले आफ्नो जीवनको कुन किसिमले व्यवस्था गर्नुपर्छ र त्यसको भावी संरचना कस्ता रूपहरू लिनुपर्छ भन्ने सवालको एक मात्र जवाफ सो जाति (राष्ट्र)का आर्थिक, राजनैतिक तथा साँस्कृतिक अवस्थाहरूले प्रस्तुत गर्छन्। प्रत्येक जाति (राष्ट्र)का लागि सो सवालको विशिष्ट समाधान चाहिने हुन सक्छ। यदि कुनै सवाल प्रति द्वन्द्वात्मक दृष्टीकोणको खाँचो छ भने यहाँ जातीय सवालमा त्यसको खाँचो छ।

उपरोक्त कुरालाई ध्यानमा राखेर हामीले जातीय सवालको 'समाधान गर्ने' एउटा ज्यादै व्यापक तर ज्यादै संक्षिप्त ढंगप्रति आफ्नो निश्चित विरोध जनाउनुपर्छ। यहाँ हाम्रो तात्पर्य अष्ट्रियाली तथा दक्षिण स्लाब सामाजिक–जनवाद तर्फ इङ्गित गर्ने सजिलो तरिका हो किनभने त्यसले जातीय सवाल समाधान गरिसकेको ठानिएको छ र त्यसको समाधानलाई रूसी सामाजिक–जनवादीहरूले सापट लिए पुग्छ। कस्तो अनुमान गरिन्छ भने जुन कुरा अष्ट्रियाको लागि ठीक छ त्यो रूसको लागि पनि ठीक हुन्छ। यहाँ सबभन्दा महत्वपूर्ण तथा निर्णायक कुरालाई वेवास्ता गरिएको छ र त्यो हो सम्पूर्ण रूसको र खास रूपले रूसमा बस्ने प्रत्येक जातिको जीवनको ठोस ऐतिहासिक परिस्थिति। नेपालको सन्दर्भमा दुइटा विषय स्पष्ट तवरले उठान भएको पाउँदछौं। आदिवासी समुदायको तर्फबाट पहिले देखि नै आत्मनिर्णयको अधिकार सहित जातीय स्वायत्तताको विषय उठ्दै आए। उनीहरूले किन यस सवालसँग अधिक प्रेम गरे त ? के मधेशी राष्ट्रियता पनि यस किसिमको सवाल प्रति प्रतिबद्ध बन्न सक्ने स्थिति छैन ? मधेशी राष्ट्रियताको विषय भन्दा पनि मधेश क्षेत्रीय स्वायत्तता प्रतिको मनोविज्ञान बलियो देखिने गरेको परिस्थिति विच आदिवासी समुदाय भित्रको आफ्नो आफ्नो राष्ट्रियता राष्ट्रिय उत्पीडनको केन्द्रीय विषय बनेको अनुभव हुनुले ती उत्पीडित समुहहरूको मनोविज्ञान अलग अलग देखिन्छ। मधेशको क्षेत्रीय स्वायत्तता प्रतिको आधार मधेशमा अनेकन जातजाति आफ्नै आफ्नै चालचलन, रीतिथिति, बोली व्यवहार रहेको र मनोविज्ञान समेत उच्चनिचको हुनु हो। यस प्रकारले लामो समय देखि व्यवहार चलाएका समाजको आमुल परिवर्तन कुन विधि र बाटोद्वारा सम्भव छ त ? वहसमा दुईटा बाटो देखिन्छ। शुरूमा जयकृष्ण गोइतले उठान गरेको घोषित युद्ध मार्फत स्वतन्त्र मधेश, त्यसपछि त्यसैको निरन्तरता स्वरूप सि.के. राउत मार्फत अगाडि बढाएको शान्तिपूर्ण विद्रोह। अर्को तराई मधेश राष्ट्रिय परिषदको अगुवाईमा चल्ने राष्ट्रिय मुक्ति आन्दोलन जसको केन्द्रीय विषय मधेश राष्ट्र निर्माण र त्यसको जगमा राष्ट्रिय स्वायत्तता। राजनीतिक रूपमा यो स्वायत्तताको विषय सामाजिक–साँस्कृतिक पक्षसँग मात्र सम्बन्धित छैन् किनकी यस किसिमको स्वायत्तताले बहुलराष्ट्रिय लोकतन्त्रको प्रस्ताव अगाडि बढाउन जोड दिन्छ। राजनीतिक रूपमा यसले गहिरो अर्थ बोक्छ किनकी लोकतान्त्रिक समाजमा मात्र शान्ति मूर्तरूपमा प्रकट हुन्छ।

अलग राज्य अथवा देश बन्नुको भरपर्दो आधार भनौं अथवा वास्तविक आधार भनौं राष्ट्र रहेको बुझिन्छ। त्यसैले होला राष्ट्रको परिभाषा अन्तरगत साझा भाषा, साझा भूगोल, साझा जीवन पद्धति तथा त्यस मार्फत निर्मित साझा मनोविज्ञान समेटिएको हुन्छ। नेपाल राष्ट्र बनिसकेको स्थिति होइन, र यहाँ राष्ट्रियता निर्माणको आधार समेत फरक फरक रहेको छ। नेपाली राष्ट्रियताको निर्माण अंग्रेजसँगको लामो संघर्ष र त्यसपछि भारतीय दवदवा विरूद्ध चलेको शुष्त संघर्ष मार्फत भए। यसमा मधेशी राष्ट्रियताको मनोविज्ञान अटेनन् न त भोटेलामा राष्ट्रियता जोडियो। केवल क्षेत्रीको र वाहुनको क्रमश: ढाल र चाल एक मनोविज्ञानको जन्म दियो। शुरूमा यसलाई गोर्खा राष्ट्र भन्दै आए। हिन्दु नेवार तथा मगर र गुरूङ सहित किराती समेत सहमत हुन पुगे पछि नेपाली राष्ट्रियता कहलिन थाले। यथार्थ के पनि हो भने गोर्खा रेजिमेन्टमा सहभागी हुने ती मार्सल रेसका राष्ट्रियता जुन मंगोल मुलका ठानिन्थे, अन्तत: नेपाली राष्ट्रियता प्रति अनुबन्धित हुन पुगे। लामो संघर्ष र अन्तरघुलन बीच निर्मित नेपाली राष्ट्रियता पञ्चायत कालमा मल जल प्राप्त गरे जहाँ इतिहास, साहित्य, भाषा, संस्कृति, धर्म, चालचलन आदिको व्यापक विस्तार गरे। तसर्थ नेपाली राष्ट्रियता मजबूतिकरण पञ्चायति व्यवस्थामा राजाको प्रत्यक्ष निर्देशनमा भएकोले आज पनि नेपाल गणतान्त्रिक राज्य हुँदा समेत औपनिवेशिक चरित्र कायम रहेको बुझन सकिन्छ।

प्राकृतिक नियम समाजमा पनि लागु हुने गरेको हुन्छ। हामी आध्यात्मवादी भएर समाजको व्याख्या गर्न नसके पश्चात प्रकृतिवादी( भौतिकवादी) हुन पुगेका हौं। आध्यात्मवादीले व्यक्तिको चित्तको व्यख्या गर्न बढी शक्ति लगाए जुन आफैंमा वस्तुगत भन्दा पनि आत्मगत विषय भएको मानिन्छ। दुईटै यी कित्ताको विद्वानहरू वास्तविकताको परिभाषा दिन खोजे तर अहिले पनि त्यसको टुङ्गो लागिसकेको स्थिति होइन। हामी प्राकृतिक नियमलाई बुझ्ने र त्यसको प्रयोग समाजमा गर्ने प्रक्रिया स्वरूप नै समाजलाई गतिशिल ठान्दछौं। गतिशिल समाजको अर्को पक्ष द्वन्द्वात्मकता हो। त्यसैले समाज विज्ञानमा उपरीसंरचना र आधासंरचनाको तर्क गर्दछौं। यी सामाजिक संरचनाहरू आपसमा अन्तरविरोधी र अन्तरसम्बन्धित पनि छन्। यसका आफ्नो आफ्नो विशेषता र चरित्र छन्। तिनै विशिष्ट चरित्रको कारणले समाज गतिशिल भइआएको मानिन्छ। आमुल परिवर्तनका पक्षधरले यसका ऐतिहासिक पक्षको मिहिन ढंगले बुझाउने कोशिश गरेन भने सवालको प्रस्तुतिकरण सही ठहर हुन्न। तराई मधेश राष्ट्रिय परिषद यसै विषयलाई मनन गरेर आमुल परिर्वतनको लागि जरो देखि नै काम गर्न चाहेको छ। तसर्थ हेगेलको मत अनुसार, "आफ्नो विकासक्रममा यथार्थताले आफूलाई आवश्यक सिद्ध गरिदिन्छ।" अर्थात् सबचीज जुन यथार्थ छ, बुद्धिसंगत छ, सबचीज जुन बुद्धिसंगत छ, यथार्थ छ। तर हेगेलको मतानुसार यथार्थता कुनै पनि हालतमा कुनै अवस्थाविशेष–सामाजिक या राजनीतिक–को हर समय र हर परिस्थितिमा, विशेषता हुन सक्दैन। सबै लगातार घटित हुने सामाजिक व्यवस्थाहरू मानव समाजको निम्नावस्थाबाट उच्चावस्था तिर उठ्ने, अन्तहिन विकासक्रमका केवल अल्पकालिक चरणहरू मात्र हुन्। हर चरण आवश्यक हुन्छ, अत: जुन काल र जुन परिस्थितिहरूको कारणले त्यसको आविर्भाव हुन्छ, तिनीहरूको लागि त्यो उचित हुन्छ। यसैको आधारमा नै कसैले पृथकताको सवाल उठाउँछ भने पनि त्यसको विरोध गरिरहनु पर्ने अनिवार्यता हुन्न। तराई मधेश राष्ट्रिय परिषद अलग राष्ट्रियताको दावी सहित मधेशी राष्ट्रियता निर्माणमा कटीबद्ध रहँदै आत्मनिर्णयको अधिकार सहित राष्ट्रिय स्वायत्तताको लागि संघर्षरत हुने भएको छ। यहाँ हामीले मधेशी राष्ट्रियतालाई समेत लोकतन्त्रको परिधि भित्रबाटै समृद्ध बनाउन चाहेका हौं। नेपाल वस्तुगत रूपमा वहुलराष्ट्रिय राज्य भएको कारण अब यहाँ वहुलराष्ट्रिय लोकतन्त्रको अभ्यास गरेर मात्र सबैलाई विकास प्रक्रियामा समेटिन सकिने अधिकार प्रदान गरिएको ठहर्छ। वहुलराष्ट्रिय लोकतन्त्रले अलग अलग राष्ट्रियतालाई राजनीतिक रूपमा अस्तित्ववान बनाउँदै उनीहरूको स्वायत्तशासनको प्रत्याभूति दिलाउने काम गर्छ।

***समाप्त।***

## मधेश अपडेट

### प्रधानसेनापतिद्वारा जितगढी किल्ला अवलोकन

चन्द्रकान्त खनाल, रूपन्देही। प्रधानसेनापति पूर्णचन्द्र थापाले तत्कालिन अंग्रेज साम्राज्यलाई परास्त गरेको मुलुकको ऐतिहासिक सम्पदा बुटवलको जितगढी किल्लाको बुधबार अवलोकन गरेका छन्।बुटवल उपमहानगरपालिकाले जितगढीमा विशेष गुरूयोजना बनाएर काम अगाडि बढाइरहेका बेलामा सेनापतिसहितको विशेष टोलीले यहाँको त्यसको जानकारी लिँदै अवलोकन गरेको हो। त्यसक्रममा उप-महानगरपालिका प्रमुख शिवराज सुवेदीले जितगढीमा नेपालकै ठूलो राष्ट्रिय झण्डा र स्वर्गीय कर्णेल उजिरसिंह थापाको पूर्ण कदको शालिक बनाउन लागेको लगायतका एकीकृत पर्यटन विकासका बारेमा जानकारी गराए। उनले जितगढीमा नेपाली सेनाले पनि नियमित ड्यूटी गर्ने गरी व्यवस्था मिलाउनुपर्ने र तत्कालिन अवस्थाको युद्धकला झल्किने संग्रहालयका लागि पनि सहयोग गर्न सेनापतिसमक्ष आग्रह गरे। सेनापतिले बुटवल उपमहानगरपालिकाले अगाडि सारेको अभियानको सराहना गर्दै त्यसलाई पूरा गर्ने काममा आफुहरूले पनि सहकार्य गर्ने प्रतिबद्धता जनाए।

### "सम्पत्ति शुद्धिकरण अभियान थाल्नुपर्ने"

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले भ्रष्टाचार अन्त्यका लागि माथिबाटै सम्पति शुद्धिकरण अभियान थाल्नु पर्ने बताएका छन्। सम्पति शुद्धिकरण अनुसन्धान विभागद्वारा शुक्रबार जनकपुरधाममा आयोजित सम्पति शुद्धिकरण निवारण विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले अनुसन्धान विभागले साना तिनामाथि मात्रै कारवाही गर्दै आएकोले भ्रष्टाचार नियन्त्रणमा सफलता प्राप्त हुन नसकेको बताए। उनले मुलुकलाई लुटेर विदेशमा रकम थुपार्ने ठुलाबडालाई छोडेर सम्पति शुद्धिकरण विभागले सानातिना माथि मात्र कारबाही गरि रहेको उल्लेख गरे। उनले भने,'भ्रष्टाचार नियन्त्रण गर्न माथिबाटै झाडु लगाउनु पर्दछ, तलमात्र झाडु लगाएर हुँदैन।' नारामा मात्र नभई सम्पति शुद्धिकरणलाई व्यवहारमा ल्याउन उनले विभागका पदाधिकारीहरूलाई आग्रह गरे। विभागका महानिर्देशक जिवन प्रसाद सिटौलाको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनल, आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादव, मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयको सचिव हरि प्रसाद फ्याल सहित प्रदेश सरकार विभिन्न मन्त्रालयका सचिवहरूको सहभागिता रहेको थियो।

### भ्रष्टाचारीलाई देशद्रोही घोषणा गर्न माग

रूपन्देही। राष्ट्रिय जनमुक्ति पार्टी प्रदेश नं ५ परिचालन समितिको २७ बुँदे घोषणापत्र जारी गर्दै अधिवेशन बुटवलमा सम्पन्न भएको छ। पार्टीले शनिबार बुटवलमा पत्रकार सम्मेलन गरी यही मङ्सिर २२ र २३ गते बुटवलमा आयोजना गरेको अधिवेशनका निर्णयहरू सार्वजनिक गरेको हो। पत्रकार सम्मेलनमा जनमुक्ति पार्टीले जारी गरेको घोषणापत्र सार्वजनिक गर्दै महासचिब टोप अस्लामीले प्रदेश नं ५ को नाम लुम्बिनी-थरूहट-मगरात राख्न माग गरिएको बताए। उनले मुलुकमा भ्रष्टाचारका कारण समस्या सिर्जना भएकाले भ्रष्टाचारीलाई देशद्रोह घोषणा गरी सर्वस्वहरणसहित जन्मकैदको सजाय माग गरेको जनाए। स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग कलकारखानाको विकास गरी लगानीको क्षेत्रमा सरकार, निजी व्यवसायीका साथै स्थानीय समुदायको एकतिहाइ हिस्सेदारी सुनिश्चित गर्न घोषणापत्रमा माग गरिएको छ।

### जनता-मेयर आमने सामने

वीरगन्ज। वीरगन्जको वडा नम्बर १२ मा जनता मेयर आमने सामने कार्यक्रम सम्पन्न भएको छ। वडावासीको समस्या र गुनासो तथा रायसुझाव बुझ्नका लागि वीरगन्जको मुर्लीमा सोमबार बिहान कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा नगर प्रमुख विजय कुमार सरावगी समक्ष वडाका अगुवा, विभिन्न दलका प्रतिनिधि लगायतका स्थानीयले महानगरपालिका बारेका विभिन्न समस्या तथा गुनासाहरू राखेका थिए। कार्यक्रममा वडामा रहेको नेशनल ट्रेडिङ्गको उत्तर साइडमा रहेको सडकमा लाग्ने गरेको जाम, सडकको समस्या, वडा समितिको आफ्नै भवन, बर्सातमा हुने गरेको डुबान लगायतका समस्याहरूको बारेमा ध्यानाकर्षण गराएका थिए। वडा सदस्य हकहित संरक्षण मञ्चले आयोजना गरेको उक्त कार्यक्रममा बोल्दै नगरप्रमुख सरावगीले वीरगन्जको मुर्ली चौकदेखि आयल निगमसम्मको बाटो चौडा गरि निर्माण गर्ने कार्यसहमतिमा पुगिसकेको बताए। उनले महानगरपालिकाले करलाई वैज्ञानिक तरिकाले लागू गर्नका लागि कर निर्धारण आयोग गठन गरिएको बताउँदै आयोगको प्रतिवेदन अनुसार लागु गरिने बताए।

### मन्त्री राईले बाँकेलाई नमूना बनाउने

नेपालगञ्ज। शहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले नेपालगञ्ज उप-महानगरपालिका र बाँके जिल्लालाई देशकै नमूना बनाउने अभियानमा आफू रहेको बताएका छन्। नेपालगञ्ज वडा नम्बर १३ उदयपुरस्थित नवनिर्मित स्वास्थ्य चौकी भवनको सोमबार उद्घाटन गर्दै मन्त्री राईले एक वर्षभित्रै नेपालगञ्ज र बाँके जिल्लाले विकासमा फड्को मार्ने दाबीसमेत गरे। मन्त्री राईले सोमबार नै डुडुवा गाउँपालिकाको बेतहनी स्वास्थ्य चौकी भवनको समेत उद्घाटन गरेका छन्। कार्यक्रममा प्रदेशसभा सांसद विजय यादव र चिन्तावती कुर्मी, नेपालगञ्ज नगरपालिकाका प्रमुख डा. धवलशम्शेर राणा, डुडुवा गाउँपालिकाका प्रमुख नरेन्द्र चौधरी, नेकपाका नेता शकील खान, फोरम जिल्ला अध्यक्ष कमरूद्धिन राई लगायतको सहभागिता रहेको थियो।

### महासंघ र दूतावासद्वारा अन्तरक्रिया

विराटनगर। प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले उद्योग र व्यापारमा देखिएका समस्या समाधान गरिने बताएका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ र भारतीय राजदूतावासद्वारा आयोजित 'खुला सीमाका कारण उद्योग र व्यापारमा देखिएका चुनौती एवं अवसर' विषयक कार्यक्रममा उनले आर्थिक समृद्धिसँग जोडिएको उद्योग र व्यापारका समस्यालाई प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रममा राख्ने प्रतिबद्धता जनाए। उनले प्रदेशको महत्वपूर्ण स्थान विराटनगर विमानस्थललाई सबै मौसममा उडान भर्न सक्ने अवस्थाको बनाइने उल्लेख गर्दै प्रदेशका सम्भावनालाई उच्चतम उपयोग गरिनेमा जोड दिए। नेपालका लागि भारतीय राजदूत मञ्जीतसिंह पुरीले नेपाल र भारतको सम्बन्ध नयाँ नभई सदियौंदेखिको रहेकाले प्रदेश नं १ अरू प्रदेश भन्दा बढी सम्भावना र लाभ लिने अवस्थाको भएको उल्लेख गरे। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष भवानी राणाले नेपालले आर्थिक विकासमा फड्को मार्न भारतसँग फाइदा लिन सक्नुपर्नेमा जोड दिए।

### सुदूरपश्चिम प्रदेश भ्रमण

धनगढी। अन्तर प्रदेश भ्रमणको क्रममा प्रदेश नं. २ का आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादव र राज्यमन्त्री सरोजकुमार सिंहसहितको टोली सोमबार सुदुरपश्चिम प्रदेश राजधानी धनगढी पुगेका थिए। कर्णाली पुल तथा घोंडाघोंडी ताल, कैलालीको अवलोकन गर्ने क्रममा मन्त्री यादवले "ऐतिहासिक, धार्मिक धरोहर तथा प्राकृतिक विविधता युक्त यस सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न सके देशकै पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याने हुनाले संघीय, प्रादेशिक तथा स्थानिय सरकारले एकिकृत रूपमा दिगो रणनीतिक योजना बनाई कार्यान्वयन गर्न अति आवश्यक रहेको छ" भने।

### सप्तरी विजयी

वीरगन्ज। वीरगन्ज महानगरपालिकाको नगर प्रमुख विजय कुमार सरावगीले महानगरपालिकाले छिटै मेयरकप गराउने प्रतिवद्धता व्यक्त गरेका छन्। मुख्यमन्त्री प्यापशन टि ट्वान्टी क्रिकेट टुर्नामेन्टको समापन कार्यक्रममा बोल्दै नगरप्रमुख सरावगीले यस्तो प्रतिवद्धता व्यक्त गरेका हुन्। प्यापशनको प्रदेश समितिले आयोजना गरको उक्त क्रिकेट टुर्नामेन्टको विजयी खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रममा बोल्दै नगर प्रमुख सरावगीले वीरगन्ज महानगरपालिकाको ३२ वटै वडाका टिमहरूलाई मेयर कपमा सहभागी गराउने र त्यय टुर्नामेन्टमा उत्कृष्ट गर्ने खेलाडिहरूबाट महानगरपालिका स्तरको क्रिकेट टिम बनाइने बताए। नगर प्रमुख सरावगीले नारायणी रगंशालाको व्यवस्थापनको जिम्मेवारी छिटै नै निश्चय भएपछि यहा प्रदेश स्तरकै स्टेडियम बनाउन प्रयास भइरहेको उनको भनाइ समेत रहेको थियो। प्यापशनका प्रदेश अध्यक्ष मुरारी प्रसाद साहको अध्यक्षतामा सम्पन्न भएको उक्त समापन कार्यक्रममा विजयी टिम तथा खेलाडिहरूलाइ नगर प्रमुख सरावगीले पुरस्कार बितरण गरेका थिए। आज सम्पन्न भएको टुर्नामेन्टको फाइनल खेलमा २१ रनले प्यापशन सप्तरी विजयीभइ प्रथम भएको छ भने टुर्नामेन्टको द्धितिय स्थान वीरगन्ज प्यापशनले हासिल गरेको छ। सुरूमा टस जितेर प्यापशन सप्तरीले बैटिग गर्दै २० ओभरमा ४ विकेट गुमाउदै १६७ रन बनाएको थियो। प्रतिउतरमा ओर्लेको प्यापशन वीरगन्जले २० ओभरमा ९ विकेट गुमाउदै १४६ रनमात्र प्राप्त गर्न सफल भएको थियो।

# कर्मचारी समायोजनको चक्रव्यूह



बेचनकुमार महतो

पृष्ठभूमि
संघीयताको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन प्रयोजनार्थ कर्मचारी समायोजन ऐन, २०७४ वनेको थियो । सो ऐन वमोजिम न त कर्मचारी समायोजन गरियो न त स्वच्छिक अवकास योजनालाई कार्यान्वयन गरियो । उल्टै त्यस ऐनलाई विस्थापित गर्दै संसद नचलेको मौका छोपी शासकीय दम्भका साथ सरकारले अध्यादेश मार्फत कर्मचारी समायोजन अध्यादेश, २०७५ ल्याएको छ । संघीयताका सही सम्वाहक कर्मचारीहरू र तिनका ट्रेड युनियनहरूले आधिकारिक ट्रेड युनियनको नेतृत्वमा कर्मचारी समायोजन अध्यादेश, २०७५ मा परिभाषित हुन २२ वुँदे साझा सुझाव समेत पेश गरेको थियो । यस सम्वन्धमा आम कर्मचारीहरूको भावना र मर्यादालाई निरूत्साहित गर्दै सरकारले एकाकी रूपमा ल्याएको कर्मचारी समायोजन अध्यादेश, २०७५ कर्मचारीको लागि "काग लाई वेल पाक्यो, हर्ष न विषमात" सरह भएको छ । "खाए खा नखाए घिच"को सिद्धान्तः जवरजस्ती कर्मचारी समायोजन गर्न खोजिदै छ । समग्र समायोजन प्रक्रियालाई नै धर्म युगीन चक्रव्यूहमा फसाई छाड्ने प्रयत्न गरिएको छ । व्यूरोकेसीका सम्पुर्ण संयन्त्रहरू शिथिल पार्न खोजिएको छ । एकातिर क्षमतावान कर्मचारी छनौटको जिम्मा पाएको लोक सेवा आयोगलाई समेत गुमराहमा राखेर भए पनि वार्षिक क्यालेण्डरका केही थोरै सेवा वाहेक अधिकांश सेवा समूहका रिक्त स्थानको पदपुर्तिका लागि विज्ञापनसमेत हुन नसक्दा लाखौं मेधावी जनशक्ति शैक्षिक वेरोजगार भएका छन् भने अर्को तिर वढुवाको मुखैमा पुगेका वरिष्ठ अनुभवी कर्मचारीहरूको पीडा र वेदना पराकाष्ठामा पुगेको छ । कर्मचारी समयोजन रूपी चक्रव्यूहमा फसेका छन् । निकासको सम्भावना दूर दूरसम्म देखिदैन । हो, "समृद्ध नेपाल, सुखी नेपाली" को सपना तमाम नेपालीहरूको सपना हो । यो नारालाई मूर्तरूप दिन स्थायी सरकार भनिने निजामती प्रशासनको प्रमुख भूमिका रहेको छ । कर्मचारी समायोजन अध्यादेश परिवर्तित अवस्थामा कर्मचारीहरूलाई उच्च मनोबल र जिम्मेवारी साथ उसको वृति विकास र पाई रहेको सेवा सुविधामा कटौती नहुने गरी स्पष्ट मार्गचित्रका साथ समायोजनमा पठाउने गरी समायोजन विधेयक आउनु पर्ने थियो तर निजामती सेवाका कर्मचारीहरू बीच वर्गीय विभेद गरी सचिव, सहसचिव तथा केही प्रशासन सेवाका कर्मचारी समायोजनमा जान नपर्ने व्यवस्थासहित आएको समायोजन विधेयकले आम कर्मचारी जगत निराश र अनिश्चित भविष्यको लागि चिन्तित वनेका छन् । एकातिर प्रचलित निजामती सेवा ऐन, २०४९ खारेज भई सकेको अवस्था छैन भने अर्को तिर उधारो वृति विकासको ललिपप देखाई वर्तमानको कर्मचारीतन्त्रलाई सरकार लठ्ठी त्रास देखाई समायोजन गर्न तम्सिएको छ । जतातते समायोजन एक वहसको विषय वनेको छ ।

चाहे चिया पसलदेखि रेस्टुराँसम्म होस् वा प्रभातफेरीदेखि मन्दिर दर्शनसम्मको यात्रा होस् वा घरदेखि कार्यालयसम्मको दौड होस्, चौतर्फी एउटै विषयको वहस छ, चर्चा छ. त्यो हो समायोजन । कर्मचारी माहौलको सवत्र परिधि भित्र मात्र समायोजनको चर्चा छ । यस्तो उच्च चर्चा परिचर्चाको विषय बनेको समायोजन प्रकिया उपर निजामति कर्मचारीहरूको पहिचान, सेवा शर्तको सुरक्षा, वृतिविकास, आपसी विभेदको अनत्य र प्रभावकारी सेवा प्रवाहको लागि समन्वयकारी भूमिकाको रूपमा रहनु पर्ने निजामती कर्मचारीहरूको साझा अभिभावक आधिकारिक ट्रेड युनियन मौन छ, मानौं उसलाई यस प्रकरणको वारेमा केही थाहा छैन । धरातलीय यथार्तवाट टाढिन खोज्दै छ । कुनै प्रतिक्रिया दिन सकिरहेको छैन । जिवित भईकन पनि नर्जिव सरह मौन छ । मेडिकलको भाषामा यस्तो अवस्थालाई कोमामा पुगेको भनिन्छ । सबै निजामती कर्मचारीहरूको एउटै जिज्ञाशा छ-आधिकारिक ट्रेड युनियन किन कोमामा गएको हो ?

**समायोजन अध्यादेश उपर उठेका केही सवालहरू**

**१. सरकार मैत्री अध्यादेशः**
निश्चित रूपमा कानुनको प्रयोग कुनै समुदाय वा वर्ग वा संस्था उपर हुने गर्दछ । वहु चर्चित समायोजन अध्यादेशको कार्यक्षेत्र संघ, प्रदेश र स्थानीय तहमा समायोजन हुने सम्भावित कर्मचारीहरू हुन । सिद्धान्तः अध्यादेश आम कर्मचारीको भावना र पेशागत सेवा शर्तको सुरक्षात्मक प्रत्याभूति हुने गरी आउनु पर्ने हो । तर अध्यादेशमा कर्मचारीलाई बाध्यात्मक परिस्थितिमा राखी जवरजस्ती रूपमा समायोजन गर्ने ध्येयका साथ ल्याईएको प्रष्टिन्छ । सरकार अनुकूल हुने गरी आफू खुसी तह निर्धारण गर्ने कार्य सरकार मैत्री शासकीय स्वार्थ मात्र हो, कर्मचारी मैत्री कदाचित होइन । यस्तो वाध्यात्मक अध्यादेशले अन्ततः सरकार उपरको असन्तुष्टिलाई बिजारोपण गर्ने सम्भावना रहन्छ जुन कालान्तरमा अनुत्पादक हुन्छ ।

**२. आंशिक पदसोपानको समायोजन मात्रः**
देश संघीय संविधानको कार्यान्वयनको संघारमा छ । राजनीतिक परिवर्तनलाई संस्थागत गर्ने र जनताले भने जस्तो गणतन्त्रको फल प्राप्त गर्ने गराउने कार्यमा सम्पूर्ण निजामती कर्मचारीहरूको भूमिका रहन्छ नै चाहे मुख्य सचिव हुन वा कार्यालय सहयोगी । हालै आएको कर्मचारी समायोजन विधेयकमा कार्यालय सहयोगीदेखि उपसचिवसम्मका कर्मचारीलाई मात्र प्रदेश र स्थानीय तहमा खटाउने विभेदकारी व्यवस्था गरिएको छ । सचिव र सहसचिव संघको कर्मचारी हुने भन्ने उल्लेख छ । यस्तो किसिमको अवैज्ञानिक तथा सभ्रान्त वर्ग केन्द्रित अध्यादेशले समायोजित हुने कर्मचारीहरूबीच प्रादेशिक/स्थानीय भर्सेज संघीय मानसिकताको विकास भई कार्य थलोमा अनावश्यक तनाव श्रृजना हुने प्रायः निश्चित छ । संघीय कर्मचारीमा आफू मालिक र अन्य दास रहेको बुझाई विकसित नहोला भन्न सकिन्न । प्रादेशिक मन्त्रालयमा संघीय चरित्रका प्रमुख सचिव र सचिव तथा स्थानीय तहमा संघीय कर्मचारी नै कार्यकारी हुने व्यवस्थाले संघीय कर्मचारी को प्रति उत्तरदायी रहने? प्रदेशले आफ्नो डोमेनमा संघीय चरित्रको उपस्थिति स्वीकार गर्ने कि नगर्ने? जस्ता तमाम प्रश्नहरूको उत्तर खोजिनु जरूरी छ ।

**३. श्रेणीगत कर्मचारीको अवैज्ञानिक तहगत रूपान्तरणः**
हाल निजामती सेवामा कार्यरत कर्मचारीहरूको पेशागत पहिचान निजामती सेवा ऐन, २०४९ ले गरेको छ । योग्यता प्रणालीमा आधारित निजामती सेवाका कर्मचारीहरूको सेवा समूह निर्धारण र श्रेणीगत पदलाई कानुनले परिभाषित गरेको छ । वर्तमानमा कार्यरत सम्पूर्ण निजामती कर्मचारीहरू श्रेणीगत पदमा कार्यरत छन् । संघीयताको कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारी हो । तर समायोजनको मोडालिटीलाई अध्ययन गर्ने हो भने संघीयता कार्यान्वयनको जिम्मा मात्र प्रदेश र स्थानीय तहको काँधमा थुपार्न प्रयासरत रहेको आभास हुन्छ । संघमा श्रेणीगत रूपमै र प्रदेश तथा स्थानीय तहमा तहगत रूपमा समायोजन गर्ने कार्यले यस कुराको पुष्टी गर्दछ । एउटै छनोट प्रक्रियावाट निजामती सेवामा छिरेका निजामती कर्मचारीहरू मध्ये संघमा श्रेणीगत रूपमा र प्रदेश तथा स्थानीयमा तहगत रूपमा समायोजन गर्नु पर्ने कारण के हो? सबैको चासोको विषय हो ? के यो समायोजन प्रक्रियालाई अझ जटिल बनाई चक्रव्यूहमा फसाई राख्ने सरकारी षडयन्त्र त होइन ? सबै सशंकित छन् । यस्तो संवेदनशील विषयवस्तुमा पनि ट्रेड युनियन मौन छ, प्रश्न उठ्दछ के ट्रेड युनियन कोमामा गएकै हो त?

**४. समायोजनमा उमेर हदबन्दीको विभेदकारी प्रावधानः**
निजामती सेवा ऐन प्रत्येक निजामती कर्मचारीको वृति विकास सम्बन्धी प्रावधानलाई प्रमुखताका साथ प्रस्ट्याएको छ । सोही अवसर अनुसार महिना दिन वा सोभन्दा पनि कम सेवा अवधि वाँकी रहेका सहसचिव सचिवमा बढुवा हुन पाउने व्यवस्था गरिएको छ । तर समायोजन प्रक्रियामा एक वर्ष सेवा अवधिभन्दा कम सेवा अवधि रहेका कर्मचारीलाई समायोजन नगर्ने अपरिपक्व व्यवस्था राख्नु को कारण के हो? उत्तर भेटिएको छैन । यस मानेमा जागिरको उत्तरार्धमा रहेका निजामती कर्मचारीहरूको वृति विकास र सेवा सुविधा उपर अंकुश लगाउने सरकारी दम्भ प्रष्ट बुझ्न सकिन्छ । महाभारत कालमा पनि चक्रव्यूहको निर्माणलाई दम्भले नै उर्जा प्रदान गरेको थियो । ट्रेड युनियन अधिकार १८ वर्षदेखि ५८ वर्षसम्म उमेर भएका निजामती कर्मचारीलाई प्रदत छ न की ५७ वर्ष सम्मकालाई मात्र । तर पनि ट्रेड युनियन मौन छ । फेरी प्रश्न उठ्दछ; ट्रेड युनियन कोमामा गएकै हो त?

**५. प्राविधिक सेवा उपरको गिद्दे दृष्टि**
स्थानीय निकायका प्रमुख प्रशासकीय अधिकृत संघवाट खटाउने व्यवस्थाले वरिष्ठ प्राविधिक कर्मचारी कनिष्ठ कर्मचारीको मातहात रही कामकाज गर्नु पर्ने बाध्यात्मक व्यवस्थाले समायोजन प्रक्रियालाई झन पेचिलो बनाएको छ । त्यही माथि मात्र पाँचौ तहको सुब्बालाई अधिकृत छैठौ तहमा समायोजन हुन शैक्षिक योग्यता अनिवार्य गरिएको छ । सर्वज्ञात छ, प्राविधिक विषयको पढाई हुने कलेजको संख्या र शैक्षिक संकायमा निर्धारित कोटा सिमित मात्रामा मात्र हुने गर्दछ । उच्च प्राविधिक शिक्षामा सबैको पहुँच हुन सकेको छैन । यस्तो अवस्थामा वाध्यकारी शैक्षिक योग्यताको प्रावधान राखेर समायोजन प्रक्रियालाई चक्रव्यूहमा फसाईएको प्रष्ट छ । अझ रा.प. तृतीय श्रेणीलाई तहगतमा समायोजन गर्न शैक्षिक योग्यताको कुनै प्रावधान राखिएको छैन । प्रश्न के हो भने स्नातक तहको शैक्षिक योग्यता नभएको नायव सुब्बा अधिकृत छैठौ तहमा समायोजन हुन नसक्ने तर प्रविणता प्रमाण पत्र तह मात्रको शैक्षिक योग्यता हुने कुनै अधिकृत आठौ तहको अधिकृतमा वढुवा समायोजन हुन सक्ने ? वाह क्या प्रावधान राखिएको छ ! यस्तो पश्चगामी शैक्षिक योग्यताको प्रावधानलाई कसरी वैज्ञानिक र व्यवहारिक मान्न सकिन्छ? उत्तर के हो? समायोजन प्रक्रियालाई चक्रव्यूमा फसाई राख्ने भन्दा फगत केही हुनै सक्दैन । आफ्नै आँखाका अगाडी उपरोक्त किसिमको विभेदकारी प्रावधानलाई परिभाषित गरिदा पनि ट्रेड युनियन मौन छ । फेरी शंका लाग्छ, ट्रेड युनियन कोमामा गएकै हो त?

**६. निरंकुशताको झल्कोः**
कर्मचारी समायोजन अध्यादेश संविधानको मर्म विपरीत ल्याइएको छ । लोकतन्त्र, गणतन्त्र स्थापनाको यात्रामा सिँगो कर्मचारी वर्गको सहकार्यलाई कसैले नकार्न सक्दैन । समायोजन अध्यादेशमा २१ दिन भित्र सरकारले तोकेको स्थानमा नगएको खण्डमा वर्खास्त गरी दिने जस्ता धम्कीपूर्ण प्रावधानले सरकारको सम्भावित निरंकुशताको झल्को दिन्छ । राजतन्त्रमा पनि अनुभूति नगरिएको उपरोक्त बमोजिमको निरंकुशता वर्तमानको संघीय गणतन्त्रात्मक नेपालमा कर्मचारी समायोजनको चक्रव्यहूमा लिपिवद्ध गर्ने प्रयास गरिएको छ । तै पनि ट्रेड युनियन मौन छ । फेरी प्रश्न उठ्दछ की, ट्रेड युनियन कोमामा गएकै हो त?

**७. साँगुरो दायरा भित्रको वृति विकासः**
समान्यतयाः कर्मचारीको वृति विकास भन्ने बितिकै सरूवा र बढुवा जस्ता प्रशासनिक अवसरहरूलाई बुझ्ने गरिन्छ । विभिन्न कार्य वातावरणको अनुभूति दिलाउन तथा कार्य सन्तुष्टिको तहलाई सन्तुलन गरी रहन निश्चित समय अवधि र मापदण्डको आधारमा सरूवा र बढुवा गर्ने गरिन्छ । अध्यादेशको १४ मा समायोजन भएका कर्मचारीको सरूवा जुन तहमा समायोजन भयो सो तहवाट अर्को तहमा नहुने व्यवस्थाले प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन हुन स्वस्फूर्त रूपमा इच्छुक नहुन सक्छन् । अझ प्रदेशको सचिव र प्रमुख सचिव संघीय कर्मचारी मात्रै हुने व्यवस्थाले प्रादेशिक तथा स्थानीय तहमा समायोजन हुने बोनाफाईड जनशक्ति जीवनभर सोही एक तह वढुवा लिएर मात्र प्रदेश र स्थानीय तहमा रही रहनु पर्ने बाध्यत्मक प्रावधानले यस्ता कर्मचारीको मानसिकतामा कस्तो प्रभाव पर्ला? अध्यादेश तयार गर्दा यस कुराको हेक्का राखियो कि राखिएन? सेवाको गुणस्तर के होला? केही सम्भावित विश्लेषण गरियो कि गरिएन? निश्चित रूपमा केही गरिएन किनकी समायोजन प्रक्रियालाई चक्रव्यूहमा जो अल्झाई राख्नु छ । वृति विकासको दायरालाई यति संकुचित गरिदा पनि ट्रेड युनियन मौन छ । फेरी प्रश्न उठ्दछ की, ट्रेड युनियन कोमामा गएकै हो त?

**८. हिनतावोधको निजामती वातावरणः**
स्थानीय तह र प्रदेशमा जाने प्रमुख सचिव, सचिव, जिल्ला समन्वय अधिकारी र प्रमुख प्रशासकीय अधिकृत संघवाट कामकाज गर्ने गरी जान हुने तर तत् तत् निकायमा अन्य पदका कर्मचारी जुन तहमा गयो सोही तहमा बाँकी सेवा अवधि व्यतित गर्नु पर्ने बाध्यकारी व्यवस्थाले प्रदेश र स्थानीयमा समायोजन भई जाने कर्मचारीमा हिनतावोधी मनोविज्ञानको विकास हुने सम्भावना प्रवल हुने देखिन्छ । यसका साथै स्वास्थ्य सेवाका पाँच वर्षे एमबिबिएस, बिडिएस र आयुर्वेद पढेका बि ए एम एस चिकित्सकहरू आठौं तहमा समायोजन हुने तर सोही स्तरको बि भि एस सि एण्ड एएच अध्ययन गरेका पशु चिकित्सकहरू सातौ तहमा समायोजन हुनु पर्ने बाध्यकारी व्यवस्था अन्तर्राष्ट्रिय मूल्य र मान्यता विपरित र विभेदकारी रहेको छ । यस्तो हिनतावोधी समायोजन व्यवस्थाले अन्तोगत्वा प्राविधिक जनशक्तिको ब्रेन ड्रेन र पलायन उन्मुख मार्ग प्रशस्त गर्नेमा दुई मत रहँदैन । अझ समायोजन अध्यादेशको दफा ६ र २१ ले अन्य सेवाका कर्मचारीहरू वा विगतका स्थानीय निकाय, समिति, प्रतिष्ठानमा लोक सेवा आयोगको प्रक्रिया पूरा नगरी नियुक्त गरिएका कर्मचारीहरूलाई निजामती सेवाका कर्मचारी सरह समायोजन गरिनुले लोक सेवा आयोगको परीक्षा पास गरेका कर्मचारीमा हिनतावोध हुन्छ । यस्ता कर्मचारीहरू स्वस्फूर्त रूपमा समायोजनमा जाने कुरै उठ्दैन । यसले समायोजन प्रक्रिया झन जटिल बन्नेमा कुनै शंका छैन । यस्तो हिनतावोधी निजामती वातावरणले प्रश्रय पाई राख्दा पनि ट्रेड युनियन मौन छ । फेरी प्रश्न उठ्दछ की, ट्रेड युनियन कोमामा गएकै हो त?

**९. काठमाडौं केन्द्रित मानसिकताः**
देश संघीयतामा गए पनि हामी कर्मचारीले केन्द्रीय सोच र प्रवृति अझै त्याग्न सकेका छैनौ । अधिकार र अवसरहरू प्रदेश र स्थानीय तहमा नदिएर आफू सदैव राजा पल्टिरहने बुझाई र व्यवहारले कर्मचारीतन्त्रमा जरो गाडेको छ । उदाहरणकै लागि यस वर्षको निजामती सेवा पुरस्कार प्राप्त गर्ने सुचीमा प्रदेश र स्थानीय तहमा काम गर्ने कति जना कर्मचारी परे? गणना गर्न जरूरी छ । सिंहदरवार रूपी मियोमा आफूलाई केन्द्रित राखी देशको दाई गर्न मन पराउने प्रवृति हामीमा हावी छ । राजधानीको मान्छे मात्र राम्रा र सम्पूर्ण अवसर र सुविधाहरू तिनैले पाउनु पर्ने मानसिकतालाई समायोजन अध्यादेशले प्रश्रय दिएको अनुभुति हुन्छ । तर पनि ट्रेड युनियन मौन छ, किन?

**१०. फास्ट ट्रयाकको समायोजन अध्यादेशः**
संघीय, प्रादेशिक र स्थानीय निजामती सेवाका ऐन कानुनहरू निर्माण नगरिकनै संसद नचलेको मौका छोपी फास्ट ट्रयाकवाट समायोजन अध्यादेश आएको छ । प्रादेशिक लोक सेवा आयोग र स्थानीय सेवा आयोगका कानुनसमेत निर्माण हुन नसकेको अवस्था छ । यस अर्थमा बिना कानुन अध्यादेशले परिभाषित गरेका कतिपय सेवा सुविधाको दीर्घकालीन सुनिश्चित्तामा शंका गर्ने प्रशस्त लुपहोलहरू छन् । कतै समायोजन प्रक्रिया चक्रव्यूहमा त फस्ने होइन? प्रश्न अनुत्तरित छ । तर पनि ट्रेड युनियन मौन छ, किन?

**११. उपेक्षित ट्रेड युनियनः**
कर्मचारी समायोजन अध्यादेश निर्माण हुँदाका बखत निजामती सेवामा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनका प्रतिनिधिहरूसँग प्रशस्त छलफल र अन्तरक्रिया हुनु पर्ने थियो । अध्यादेशमा व्यवस्था गरिएको समन्वय र सहजीकरण समितिमा ट्रेड युनियनका पदाधिकारीहरूको उपस्थिति गरिनु पर्ने थियो तर केही गरिएन । ट्रेड युनियनको भूमिकालाई उपेक्षा गरियो । समायोजनलाई चक्रव्यूहमा फसाई राख्ने रणनीति जो अबलम्वन गर्नु पर्ने थियो । तर पनि ट्रेड युनियन मौन छ, किन?

**निष्कर्षः**
कर्मचारीतन्त्र देशको स्थायी सरकार हो । समृद्धिको संवाहक हो । मेरूदण्ड हो । संविधानले परिकल्पना गरेको नयाँ नेपाल निर्माणको अस्त्र नै कर्मचारीतन्त्र हो । मात्र सिंहदरबार गाउँ गाउँमा गएर विकास हुँदैन । सही मानेमा समृद्धिको सपना तब मात्र सार्थक हुन्छ जब कर्मचारीतन्त्रमा सेवामुखी सोच र जनमुखी प्रवृत्तिको विकास हुन्छ । यस मानेमा भर्खरै आएको अध्यादेश कर्मचारीमुखी छ की छैन? अध्ययन जरूरी छ । समायोजन प्रक्रियालाई सर्वस्वीकार्य, सहज र अनुभूतियोग्य बनाउने नै हो भने कर्मचारीहरूलाई सकारात्मक प्रभाव पर्ने कानुनको निर्माण गरिनु पर्दछ । वर्तमानको समायोजन अध्यादेश विभेदकारी छ, अस्पष्ट छ, नतिजामुखी छैन, मार्गहरू अस्पष्ट छन्, गन्तव्यको ठेगान छैन । समग्र कर्मचारीतन्त्रलाई समायोजन रूपी चक्रव्यूहमा फसाई राख्ने प्रयत्न गरिएको छ । यस्तो विभेदकारी समायोजन प्रक्रियाले संघीयताको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । जबर्जस्ती धमक्याएर गरिने कर्मचारी समायोजन कतै भविष्यमा संघीयता कार्यान्वयनको बाधक नबनोस् । "खोदा पहाड निकला चुहा" नहोस् । बस चिन्ता यति नै हो । त्यसैलै यस विषम परिस्थितिमा समन्वयकारी भूमिकाको लागि ट्रेड युनियन जाग्नु पर्छ । कोमाबाट बाहिर निस्कनु पर्छ ।

*(महतो नेपाल मधेशी निजामती कर्मचारी मञ्चका महासचिव हुन् ।)*

**सिंहदरबार गाउँ-गाउँमा गएर मात्र विकास हुँदैन । सही मानेमा समृद्धिको सपना तब मात्र सार्थक हुन्छ जब कर्मचारीतन्त्रमा सेवामुखी सोच र जनमुखी प्रवृत्तिको विकास हुन्छ ।**

## संक्षिप्त समाचार

### सवारीसाधनमा आवतजावत गर्न नपाइने

वीरगञ्ज । देशकै प्रमुख नाका वीरगञ्ज भन्सारबाट सवारीसाधनमा आवातजावत नगर्न वीरगन्ज भन्सार कार्यालयले अनुरोध गरेको छ । कार्यालयद्वारा जारी सूचनामा बृद्धबृद्धा र अपाङगता भएकाहरूलाई भने यो नियम बाध्यकारी नहुने कार्यालयले स्पष्ट पारेको छ । नाकामा तस्करी र बेथितीलाई रोक्न भन्दै बुधबारबाट सवारीसाधनमा आवजात गर्न भन्सार कार्यालयले रोक लगाएको जनाइएको छ ।

### शिव मन्दिर निर्माण कार्य तीव्र

रौतहट । गौर नगरपालिका वडा नम्बर १ मा निर्माणाधीन शिव धाम मन्दिरको निर्माण कार्य तीव्र गतिमा अगाडी बढिरहेको छ । तीन महीना अगाडी वडा अध्यक्ष भरत साहले पुरानो शिव मन्दिरलाई नयाँ ढंगबाट जीर्णोद्वार गर्ने उद्देश्यले शिलान्यास गरेका शिवधाम मंदिरको निर्माण कार्य तीव्र रूपमा अगाडी बढ़ाइएको छ । भगवान शंकर तथा माता पार्वतीको छुट्टाछुट्टै मंदिर निर्माण भई रहेको वड़ा अध्यक्ष साहले बताएका छन् । वडास्तरीय बजेट योजनाअन्तर्गत निर्माण भैरहेको मन्दिरको चाडै निर्माण कार्य सम्पन्न गराउने लक्ष्यको साथ धमाधम कार्य भैरहेको वडा अध्यक्ष साहले जनाए ।

### हुलाकी सडक कालोपत्र सुरू

नेपालगञ्ज । बाँकेमा हुलाकी राजमार्गअन्तर्गतको सडक कालोपत्र गर्ने काम शुरू गरिएको छ । सोमबार पहिलो दिन पुरैनादेखि साढे एक किलोमिटर बाटोमा कालोपत्रेका लागि गर्नुपर्ने पहिलो चरणको काम सकिएको इञ्जिनीयर तुलसीराम भण्डारीले जानकारी दिए । नेपालगञ्जको पुरैनादेखि सुइया बघौडासम्मको ४४ दशमलव ६ किलोमिटरको हुलाकी राजमार्गअन्तर्गतको सडक कालोपत्रे हुने बताइएको छ । योजनाको बजेट सरकारले नियमित उपलब्ध गराउँदै गएमा २०७६ साउनसम्ममा काम सक्ने गरी कालोपत्रे शुरू गरिएको इञ्जिनीयर भण्डारीले बताए ।

### बृहत स्वास्थ्य शिविर सम्पन्न

मोरङ । समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय मोरङ, रामलाल गोल्छा धापीदेवी च्यारिटी ट्रष्ट र नोबेल शिक्षण अस्पताल विराटनगरको संयुक्त आयोजनामा मंगलबार बिहान बृहत स्वास्थ्य शिविर संचालन गरिएको छ । शिविरमा स्त्रीरोग, जेनरल मेडिसिन, हाडजोर्नी, नशा, बालरोग, आँखा, नाक कान घाँटी, दन्त, मानसिक लगायतका रोगको बिशेषज्ञ चिकित्सकद्धारा जाँच गरिएको थियो । शिविरमा भिडियो एक्सरे र ल्याव टेष्ट गरिनुका साथै आवश्यक औषधी समेत निस्शुल्क बितरण गरिएको थियो । सो शिविरमा कूल ४ सय १७ जना प्रहरी कर्मचारी तथा प्रहरी परिवारको स्वास्थ्य परीक्षण गरिएको थियो ।

### हर्न बजाउनेलाई जरिवाना

नेपालगन्ज । हर्न निषेध उल्लङ्घन गर्ने सवारीसाधनलाई ट्राफिक प्रहरीले पहिलो पटक नगद जरिवाना गरेर छोडिएको ट्राफिक कार्यालय नेपालगञ्जले जनाएको छ । 'नो हर्न' क्षेत्रमा हर्न बजाएकाले दुई बस, दुई ट्रक, तीन जिप र पाँच मोटरसाइकललाई ट्राफिकले प्रत्येक सवारीसाधनबाट रू ५०० का दरले जरिवाना लिएको जनाइएको छ ।

### खेल सामग्री वितरण

कपिलवस्तु । शुद्धोधन गाउँपालिका वडा नं ५ को वडा कार्यालयले विद्यार्थी तथा युवाहरूलाई विभिन्न खेल सामग्री वितरण गरेको छ । वडामा रहेका बालबालिका तथा युवाहरूलाई खेलप्रति रूची जगाउन र खाली समयको सदुपयोग गर्नका लागि खेल साम्रगी वितरण गरिएको वडा नं ५ का अध्यक्ष आशुतोष कुमार सिंहले बताए । वडामा रहेका २० गाउँमध्ये प्रत्येक गाउँमा ब्याडमिन्टन सेट, किक्रेट सेट, टेवल टेनिस लगायतका साम्रगी सबै गाउँमा वितरण गरिएको वडा अध्यक्ष सिंहले बताए । वितरण कार्यक्रममा वडा सचिव सभाजित प्रसाद चौधरी तथा वडा सदस्य परशुराम यादवको समेत सहभागिता रहेको थियो ।

### आगलागीबाट नौ लाखको क्षति

पर्सा । पर्साको सखुवाप्रसौनि गाउँपालिकामा रहेको सेलरमिलमा शनिबार बिहान आगलागी हुँदा रू नौ लाखभन्दा बढीको धनमाल जलेर नष्ट भएको छ । गाउँपालिकाको वडा नं ४ सोलखपुरमा रहेको ग्यासुदिन मियाँको धान कुट्ने सेलरमिलामा आगलागी भएको हो । बिजुलीको तार सट भई बिहान २ बजेदेखि आगलागी भएको प्रहरी चौकी महुवनले जनाएको छ । सेलरमिलमा भएको आगलागीलाई सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा नियन्त्रणमा ल्याइएको प्रहरी चौकी महुवनका इन्चार्ज प्रहरी सहायक निरीक्षक जिवछकुमार शर्माले जानकारी दिए । उनले आगलागीमा परी मिलभित्र भण्डारण गरी राखिएको धान, ब्राण्ड, सेलरमेशिन, दमकल, मोटर र नगद रू ७० हजार जलेर नष्ट भएको बताए । आगलागीमा परी नौ लाखभन्दा बढीको धनमाल जलेको हुन सकिने प्रहरीको भनाइ रहेको छ ।

### माटो निरीक्षण

नेपालगञ्ज । अस्ट्रेलियन विज्ञ टोलीले बाँकेमा निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहरको माटो निरीक्षण गरेको छ । पश्चिम मूल नहरको केही स्थानमा देखा परेको घुलनशील माटोको निरीक्षण गर्न मङ्गलबार बाँके आएको विज्ञ टोली कार्य सम्पन्न गरी फर्किएको छ । सिक्टामा आर्थिक अनियमितता गरेर पश्चिम मूल नहर कमजोर हिसाबले निर्माण गरिएको ठहर गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रू आठ अर्ब ५० करोड बराबरको बिगोसहित २१ जनाविरूद्ध भ्रष्टाचारको मुद्दा दर्ता गरिसकेको छ ।

### लागूऔषधसहित एक पक्राउ

मोरङ । विराटनगर नगरपालिका-१६ हुलास मेटलबाट भक्तपुर, भक्तपुर सूर्यबिनायक नगरपालिका-४ बस्ने २४ वर्षीय राजेस न्यौपानेलाई नियन्त्रित लागूऔषध नाईट्रोसन १ सय चक्की, नाईट्राभेट ६ सय चक्की सहित सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा राजेशले शरिरको बिभिन्न भागमा लुकाईछिपाई ल्याएको अवस्थामा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

**आर्थिक ऐन, २०७५ ले देहाय बमोजिमका छुट तथा सहुलियन प्रदान गरेको हुँदा सो सुविधाको उपयोग गरी कर सहभागिता जनाउनुहुन सबै करदाताहरूलाई हार्दिक अनुरोध गरिन्छ ।**

**विगतमा करको दायरामा नआएका तर आर्थिक क्रियाकलापमा संलग्न रहेका व्यक्तिहरू**ले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२ देखि २०७३/०७४ सम्मको आय विवरण र सोमा लाग्ने कर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने साथै सोभन्दा अघिका आर्थिक वर्षहरूको आय विवरण र कर, शुल्क तथा ब्याज मिन्हा हुने ।

यसैगरी **विगतमा करको दायरामा आएका तर आर्थिक वर्ष २०७२/०७३ वा सोभन्दा अघिसम्मको आय विवरण पेश नगरेका प्राकृतिक व्यक्ति**ले आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरूको आय विवरण र कर बुझाउने नपर्ने र सोमा लाग्ने कर शुल्क तथा ब्याजसमेत मिन्हा हुने । संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरूले आर्थिक वर्ष २०७४/०७५ भन्दा अघिका वर्षहरूको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने ।

उक्त अवधिभित्र प्राप्त छुट सुविधाको उपयोग गरी कर सहभागिता नजनाउने करदाताहरू उपर कानून बमोजिम छानबिन, अनुसन्धान तथा परीक्षण गरी कर असुल गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

त्यसैगरी **२०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदाता**ले कर विवरण र मूल्यम अभिवृद्धि कर रकम सम्वत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने । सो अवधिभित्र मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करतादाताहरूमध्ये २०७१ साल असारसम्मको वा सोभन्दा अघिदेखि कर विवरण पेश नगर्ने करदाताहरूको **दर्ता खारेज गरी सम्पूर्ण कर बक्यौता असुल गरिनेछ ।**

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

० जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,

० क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,

० सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# योगीको भ्रमणले सम्बन्धमा नयाँ आयाम थपियो



**डा. रामदयाल राकेश**
**साहित्यकार तथा संस्कृतिविद्**

**० हालै सम्पन्न राम-जानकी विवाह महोत्सवमा भारत (उत्तरप्रदेश) का मुख्यमन्त्री योगी आदित्यनाथको जनकपुर भ्रमणलााई कसरी लिनुभएको छ ?**

– मुख्यमन्त्री योगीको भ्रमणलाई सकारात्मक रूपमा लिएको छु। उहाँको जुन स्थान भारतीय राजनीतिमा रहेको छ, त्यसलाई हेर्दा उहाँ भारतीय राजनीतिक वृत्तमा सफल राजनीतिज्ञको रूपमा रहनुभएको छ। तर, उहाँ धार्मिक प्रवृत्तिका व्यक्ति भएकोले यो विशुद्ध धार्मिक भ्रमण रह्यो। उहाँको भ्रमण विवादरहित र पूर्णरूपमा सफल भएको छ। जनकपुरको जुन धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्व रहेको छ त्यसको खासै प्रचारप्रसार हुन सकेको थिएन। योगीको भ्रमणले गर्दा जनकपुरको धार्मिक पर्यटनमा समेत वृद्धि हुने निश्चित छ।

**० योगीको भ्रमणबाट नेपाल-भारत सम्बन्धमा कस्तो प्रभाव परेको छ ?**

– सकारात्मक प्रभाव परेको छ। नेपाल र भारतको सम्बन्ध पहिलेको तुलनामा अहिले सुध्रिदै गएको मैले महसुश गरेको छु। सुध्रिदै गएको सम्बन्धमा योगीको भ्रमणले झन् सुधार ल्याउँछ भन्ने मलाई लागेको छ।

**० योगीको भ्रमणले जनकपुरधामको उन्नतिका लागि कति सिद्ध साबित हुनेछ त ?**

– जनकपुरधामको भौतिक उन्नति खासै हुन सकेको छैन। भौतिक विकासको हिसाबले सबैभन्दा पछाडि रहेको छ जनकपुरधाम। तर, अहिले प्रदेश र केन्द्रीय सरकारको आर्थिक सहयोगमा जानकी मन्दिरको सौदर्यीकरण हुँदैछ। जानकी मन्दिरको सौन्दर्यीकरण एउटा दार्शनीय पक्ष हो। तर, राममन्दिरको सौर्दयीकरणमा अझ ध्यान गइरहेको छैन। यो अलि उदेकलाग्दो अनुभूति जनकपुरवासीलाई भएको छ।

**० अयोध्या र रामायण सर्किटलाई बुद्धसर्किटसँग जोड्ने विषयमा कुरा योगीले भन्नुभएको छ, यस विषयलाई कसरी हेर्नुहुन्छ ?**

– रामायण सर्किटको धार्मिक, सांस्कृतिक महत्वको बारेमा धेरै चर्चा परिचर्चा पहिलेदेखि नै हुँदै आएको थियो। रामायण सर्किटको तहत नै अयोध्या र जनकपुरको सांस्कृतिक सम्बन्ध अझ सुदृढ भएको छ। योगीको भ्रमणले एउटा उल्लेखनीय, उदाहरणीयको रूपमा साकेत नगरी अयोध्याबाट जुन जन्ती आयो र त्यसको नेतृत्व योगीजीले गर्नुभयो त्यसबाट भारत र नेपालको सांस्कृतिक सम्बन्ध जुन सदियौंदेखि चल्दै आएको थियो त्यसमा एउटा नयाँ आयाम थपियो। किनभने २०६१ सालदेखि जन्ती आउन सुरू भएको हो। तर, यो वर्ष एउटा राजनीतिज्ञ र तपस्वीको रूपमा योगीजीको भ्रमण भयो त्यसबाट अयोध्या र जनकपुरको सम्बन्धमा एउटा सेतुको रूपमा रह्यो। अयोध्याबाट जन्ती आउनु जुन सदियौंदेखिको परम्परा छ त्यसको पुनरावृत्ति भएको छ। रामसीताको विवाह भएको छ, त्यसको प्रतीकको रूपमा यसलाई लिन सकिन्छ।

**० जनकपुर र अयोध्याको सम्बन्ध खासगरी विवाहपञ्चमी महोत्सवमा मात्रै देखिन्छ। यो सम्बन्धलाई अन्य समयमा पनि कायम राख्न के गर्नुपर्ला ?**

– अन्य बेलामा पनि सम्बन्धको निरन्तरताका लागि प्रारम्भ भएको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुर आउँदा जनकपुर र अयोध्यामा बस सेवाको पनि त सुरूवात भएको छ। यातायातको सुविधा भएपछि विवाह पञ्चमीभन्दा बाहेकको समयमा पनि भारतीय तिर्थयात्रीहरू जनकपुर भ्रमणमा आउनुहुन्छ। मिथिलावासीहरू पनि अयोध्या जानुहुन्छ। यसबाट एउटा संस्कृतिको आदानप्रदान त सधैं भइराखेकै हुन्छ। भावी पुस्ताले यो परम्परालाइ निरन्तरता नदिने हो कि भनेर चिन्तित हुनु आशिंक रूपमा ठिकै हुन सक्ला। तर प्रदेश सरकारको प्रमुख कर्तव्य पनि हो कि खुल्ला सिमाना भएको देशसँग सम्बन्ध सुदृढ बनाउँदै विकासमा सहयात्रा गर्दै अगाडि बढ्नुपर्छ। जुन जुन सम्बन्ध सुधारका प्रयासहरू भएका छन् त्यसलाई निरन्तरता दिनु प्रदेश २ सरकारको पनि कर्तव्य हुन्छ। यो सम्बन्धलाई अझ विस्तार गर्ने प्रदेश सरकारको पनि जिम्मेवारी रहेको छ। यातायातको सुविधा भएपछि त पहिलाभन्दा अहिले सजिलो भयो। सुरूवात भयो त्यसको निरन्तरताका लागि दुवै देशका सरकारको दायित्व हो। प्रदेश २ को सरकारले पनि यसलाई गम्भीरतापूर्वक लिएर निरन्तरता दिनुपर्छ। जसले गर्दा सम्बन्ध अझ सुदृढ हुन्छ।

**० जनकपुरदेखि अयोध्यासम्म बस सेवा दुवै देशका प्रधानमन्त्रीले उद्घाटन त गर्नुभयो तर, त्यसले निरन्तरता पाउन सकेको छैन नि ?**

– कुनै पनि सेवा सुरू गरेर बन्द गर्नुभन्दा सुरू नै नगर्नु ठिक हुन्छ। यसलाई निरन्तरता दिन त प्रदेश २ को सरकार र उत्तरप्रदेशको सरकारले पनि तदरूकता देखाउन जरूरी छ। दुवै देशका प्रदेश सरकारको कर्तव्य हुन्छ कि यो सम्बन्धलाई निरन्तरता दिने। प्रदेश सरकार गम्भीर भएर जनकपुर-अयोध्या बस सेवालाई पुनः सुचारू गर्नुपर्छ। यसका लागि जनस्तरबाट पनि दबाब दिनु आवश्यक छ।

**० जनकपुर-अयोध्या बस सेवा निरन्तरता नहुनुको कारण के देख्नुहुन्छ ?**

– यो बस सेवा बन्द हुनुको धरातलीय आधार र वास्तविकताबारे खोतल्नुपर्ने हुन्छ। यो बन्द हुनुको एउटा कारण पूर्वतयारी नभएर पनि होला। दुवै सरकारको अभिरूचि हुनुपर्यो, किन बन्द भएको छ भनेर चासो राखेर काम अगाडि बढाउनुपर्ने हुन्छ। नेपाल र भारतका प्रधानमन्त्रीले झण्डा देखाएर बस सेवा सञ्चालन गरियो तर त्यसले निरन्तरता पाउँदैन भने नराम्रो सन्देश जान्छ। खाली एकदिन भव्य कार्यक्रमको आयोजना गरेर मात्र आफ्नो कर्तव्य पुरा भयो भनेर कुनै सरकारले ठान्छ भने त्यो यथार्थपरक हुँदैन त्यो कृत्रिम मात्र हुन्छ।

**० यस्ता धार्मिक र सांस्कृतिक भ्रमणहरू हुँदा यसले नेपाल र भारतको सम्बन्धमा कस्तो प्रभाव पारिरहेको छ ?**

– केन्द्रीय सरकारको प्रतिनिधि भएर नागरिक उड्ययन मन्त्री रविन्द्र अधिकारीले नै योगीजीलाई स्वागत गर्न जनकपुर विमानस्थल पुग्नुभएको थियो। यसबाट एउटा सकारात्मक सन्देश आयो कि केन्द्रीय सरकारले पनि योगीजीको स्वागतमा ध्यान दिएको छ। प्रदेश २ को सरकारको अधिकत्तम भूमिका देखियो। उहाँलाई प्रदेश सरकारले ३६ व्यन्जनको भोजन गरायो। मिथिलाको आथित्य सत्कार जुन प्राचिन कालदेखि चल्दै आएको छ त्यसको पनि झलक देखियो। त्यसकारणले भारत र नेपालबीचको जुन सम्बन्ध छ, त्यसमा नयाँ आयाम थपिएको छ।



## बालिकाहरूलाई छात्रवृत्ति वितरण

महोत्तरी। महोत्तरीको जलेश्वर तथा मटिहानीमा दलित बालिकाहरूलाई छात्रवृत्ति वितरण गरिएको छ। नेपाल छात्रवृत्ति कार्यक्रमअन्तर्गत एक सय बालिकालाई १ लाख ८९ हजार ३ सय रूपैयाँ वितरण गरिएको नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका संयोजक प्रेम जैरूले बताए। मटिहानीमा ३४ जना बालिकालाई मेयर हरिप्रसाद मण्डल, उद्योग वाणिज्य संघका अध्यक्ष मोहन प्रसाद गुप्ता, वडाअध्यक्षहरू गणेश प्रसाद साह, आजिद हुसैनलगायतले छात्रवृतिको रकम बालिकाको अभिभावकहरूमार्फत जिम्मा लगाएका हुन्। त्यस्तै जलेश्वरमा ६६ जना बालिकालाई संघका अध्यक्ष बिक्रम पासवान, अर्जुन प्रसाद शर्मा, वडाअध्यक्ष बरूण दाहाललगायतका ब्यक्तिले छात्रबृति वितरण गरेका हुन्। बालिकाले पाउने छात्रबृति रकम उनीहरूले शैक्षिक सामग्री र ट्युशनमा खर्च गर्ने गरेका हुन। छात्रबृति कार्यक्रममा उपस्थित अधिकांश वक्ताले बालककेन्द्रित छात्रवृतितर्फ समेत ध्यान दिन संघसंस्थालाई आग्रह गरेका हुन्। छात्रवृति पाउने बालिकाहरूको विद्यालयमा नियमित उपस्थिती हुने गरेको बक्ताहरूले बताए।

## संचारबिना विकास अधूरो : मेयर गुप्ता

राकेश यादव, रौतहट। गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले संचारको सहयोग विनाको विकास सम्भव नरहेको बताएका छन्। विकासमा संचारको महत्व कस्तो भन्ने प्रश्नको जवावमा मेयर गुप्ताले विकासको सम्बाहकको रूपमा संचार रहेको दावी गरेका छन्। उनले भने पत्रकारिता राष्ट्रको चौथो अंगको रूपमा रहेको छ सरकारको विकासको कार्यलाइ जनता समक्ष पुर्याउने कार्यमा संचारको भूमिका महत्त्वपूर्ण रहेको छ। सूचना सार्वजनिक गर्नेदेखि लिएर सरकारका गतिविधिको जानकारी गराउने साधन समेत संचार नै रहेको ठोकूवा गरे। उनले थपे संचारको सँगै पत्रकारको पनि वृति विकास गर्नु जरूरी रहेको छन्। मुलुकमा संघीयता आइसकेपछि गठन भएको स्थानीय तहको जिम्मेवारी पनि बढेको औल्याए।

## स्थानीय सम्वाद

# कृषिमा आत्मनिर्भर बनाउँछौं



**शिव प्रसाद चौधरी**
**प्रमुख, राजापुर नगरपालिका, बर्दिया**

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएदेखि जनताले महसुस गर्नेखालका केकस्ता कामहरू गर्नुभएको छ ?**

– हामी निर्वाचित भएर आएदेखि करिब डेढ वर्ष पुग्दैछ। यो अवधिमा हामीले बाटोघाटो निर्माण, स्वास्थ्य चौकीहरूमा सुधारका काम, पुलपुलेसा र कल्भर्टहरू निर्माण गरेका छौं। मुख्यतः यिनै कामहरू भएको छ।

**० शिक्षामा सुधारका लागि के गर्नुभयो ?**

– शिक्षामा बजेटहरू विनियोजन गरेर कार्यक्रमहरू अगाडि बढाएका छौं। शैक्षिकस्तर सुधारका लागि सबै पक्षसँग छलफल गरेर विभिन्न कार्यक्रमहरू लागू गरेका छौं।

**० कृषिको सुधारोन्मुखका लागि के छ योजना ?**

– किसानहरूलाई ५० प्रतिशत अनुदानमा धान, गहुँ, विभिन्न तरकारीहरूका बीउ वितरण गरेका छौं। कृषिलाई आधुनिकीकरण गर्नका लागि कृषि यन्त्रहरू पनि वितरण गरेका छौं। हामीले करिब-करिब ८-१० लाख रूपैयाँबराबरका कृषि यन्त्रहरू वितरण गरेका छौं। धान लगाउने मेसिन, धान काट्ने रिप्पर लगायतका यन्त्रहरू वितरण गर्‍यौं।

**० त्यसबाट कृषकहरू कतिको लाभान्वित भएका छन् ?**

– हामीले वितरण गरेको बीउ र यन्त्रबाट कृषकहरू लाभान्वित नै भएका छन्। तर, सबै किसानलाई वितरण गर्न सकेका छैनौं। क्रमिकरूपमा हामीले प्रत्येक वर्ष बीउ र यन्त्रहरू वितरण गर्ने हाम्रो योजना छ। किसानलाई बढीभन्दा बढी लाभ होस् भनेर हामीले नियमितरूपमा यस्ता कार्यक्रमहरू अगाडि बढाउनेछौं।

**० राजापुर नगरपालिका कृषिमा आधारित क्षेत्र हो। कृषिमा आत्मनिर्भर कहिलेसम्म बनाउनुहुन्छ ?**

– निश्चितरूपमा राजापुर नगरपालिका कृषिमा राम्रो सम्भावना बोकेको क्षेत्र हो। यहाँको माटो एकदमै उर्बर छ। यहाँ धान, गहुँ, मकै लगायत सबै प्रकारका अन्नबालीहरू उत्पादन हुन्छन्। राजापुर नगरपालिकाको आर्थिक समृद्धिका लागि कृषि क्षेत्रको एकदमै सम्भावना रहेको छ। त्यसैले, हामी कृषि गुरूयोजना बनाउँदैछौं। हामी आफ्नो कार्यकालमा कृषि क्षेत्रमा राजापुर नगरपालिकालाई आत्मनिर्भर बनाउन सक्छौं।

**० जनप्रतिनिधिको रूपमा काम गरिरहँदा कस्तो अनुभव भइरहेको छ ?**

– हामीले केही अप्ठ्यारो र अन्योलताको बीचमा काम गरिरहेका छौं। विशेषगरी, संविधानले दिएका अधिकारहरू केन्द्रबाट नै नआइसकेकोले अलि अप्ठ्यारो भइरहेको छ। नीतिगत समस्याहरू देखिन्छन्। स्थानीय तहहरूमा जनशक्तिको एकदमै अभाव रहेको छ। हामीसँग पर्याप्त मात्रामा कर्मचारी नभएकोले कार्य सम्पादन गर्न एकदमै गाह्रो भइरहेको छ। अहिले राजापुर नगरपालिकामा १० वटा वडा छन्, जसमा हामीसँग जम्मा ४/५ वटा मात्रै वडा सचिवहरू छन्, शाखा हेर्ने कर्मचारीहरूको पनि एकदमै अभाव छ। त्यसको साथसाथै संघीय सरकारले समय-समयमा नगरपालिकामा भएका कर्मचारीहरूलाई छोटो समयमै सरूवा गरिदिने जसले गर्दा काम गर्न कठिनाई भइरहेको छ। अर्को कुरा हामीसँग भौतिक संरचनाको पनि अभाव छ। वडा कार्यालयहरू व्यवस्थापन गर्न हामीलाई अप्ठ्यारो भइरहेको छ। मुख्यगरी यी समस्याहरूका बीच काम गरिरहेका छौं। विभिन्न समस्याका बाबजुद पनि हामीले विकास निर्माणका कार्यहरूलाई निरन्तररूपमा अगाडि बढाइरहेका छौं।

**० स्थानीय सरकार प्रदेश सरकारभन्दा बलियो छ भन्ने भनिन्छ नि ?**

– संवैधानिक हिसाबले भन्नुपर्दा स्थानीय सरकारलाई दिएको जो अधिकार छ त्यस हिसाबले हेर्दा त बलियो नै छ। संघीयताको मूल मर्म नै स्थानीय तहलाई बलियो बनाउने हो। किनकि जनतासँग प्रत्यक्षरूपमा सरोकार राख्ने भनेको स्थानीय सरकार हो। जनताको पहुँच केन्द्र वा प्रदेशमा त्यति हुँदैन, जति स्थानीय सरकारसँग हुन्छ। स्थानीय सरकारसँग जनताले आफ्ना समस्या र अप्ठ्याराहरू सजिलैसँग राख्न सक्छन् र पहुँच हुन सक्छ। तर, थुप्रै नीतिगत समस्याहरूले गर्दा हामीले काम गर्न सकिरहेका छैनौं। हामीसँग अधिकार त छ तर त्यसलाई प्रयोग गर्न कठिनाईहरू पनि छन्।

**० तपाइँहरूसँग संवैधानिक अधिकार छ तर प्रयोग गर्न सकिरहनुभएको छैन, यसका लागि पहल गर्नुभएको छैन ?**

– म नगरपालिकाको प्रमुखको हैसियतले पटक-पटक संघीय सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सहकार्य गरेर हाम्रा समस्याहरू समाधान गर्नका निम्ति माग गरिरहेका छौं। मन्त्रीज्यूसँग भेटघाट गरेर पनि समस्याहरू दर्शाइरहेका छौं। समय-समयमा यी विषयहरू अन्तरक्रिया र छलफल भइरहेको हुन्छ। त्यसैगरी, प्रदेश सरकारसँग पनि छलफल भइरहेको छ। यस विषयमा हामीले पटक-पटक पहल त गरिरहेका छौं तर हाम्रा समस्याहरू सम्बोधन गर्ने काम तदारूकताका साथ भइरहेको छैन।

**० स्थानीय सरकारप्रति संघीय सरकार किन उदासिन रहेको होला त ?**

– स्थानीय सरकारप्रति संघीय सरकार किन उदासिन छ भन्ने कुरो त हामीलाई थाहा भएन, संघीय सरकारले नै जान्ने कुरो हो। संघीय सरकारको पनि आफ्ना समस्या होलान्। तर, संघीय सरकारबाट जुन प्रकारले हामीले सहयोग पाउनुपर्ने हो, त्यो भइरहेको छैन।

**० भनेपछि, स्थानीय सरकारलाई असफल बनाउने षड्यन्त्र पनि हो कि ?**

– कतिपय संघीयता विरोधी मान्छेहरूको त्यो सोचाई होला। संघीयता नपच्ने मान्छेहरूले स्थानीय तहलाई असहयोग गरिरहेको हो जस्तो लाग्छ। संघीयतालाई असफल बनाउने सोच पनि हुनसक्छ। त्यसका साथसाथै अन्य कारणहरू पनि हुनसक्छन्।

**० प्रदेश सरकारसँग कस्तो किसिमले सहकार्य हुँदैछ त ?**

– प्रदेश ५ को सरकार र स्थानीय तहबीच समय-समयमा भेटघाट, छलफल र अन्तरक्रिया भइरहेको छ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, के छ वास्तविकता ?**

– निश्चितरूपमा केही अधिकारहरू जनताले गाउँमा नै पाएका छन्। जनताले स्थानीय तहबाट नै धेरै सेवासुविधाहरू पाएका छन्। तर, जुनरूपमा जनताले अपेक्षा गरेका थिए, त्योरूपमा आकांक्षाहरू पूरा नभएको हामीले अनुभूति गरेका छौं। हामीले नगरपालिकाको तर्फबाट जुन किसिमले सेवा सुविधा दिनुपर्ने थियो त्यो किसिमले सकिरहेको अवस्था छैन। थुप्रै समस्याहरू छन्, जस्तै नीति नियमको अभाव, जनशक्तिको अभाव लगायतका समस्याहरू छन्। यी कुरा क्रमिकरूपमा सुधार हुँदै जान्छ।

**० तपाइँ आफ्नो कार्यकालमा राजापुर नगरपालिकालाई कस्तो बनाउने सोच बनाउनु भएको छ ?**

– राजापुर नगरपालिकालाई राम्रो र सुन्दर नगरपालिकाको रूपमा विकास गर्ने हाम्रो चाहना हो। त्यहीअनुसार हामी काममा लागेका छौं। विशेषगरी, बर्दिया जिल्लाको यो राजापुर नगरपालिका भनेको अलिकति पिछडिएको ठाउँ हो। यद्यपि, राजापुर भनेको एउटा ऐतिहासिक ठाउँ पनि हो। तर पनि भौगोलिक हिसावले केही विकटताहरू पनि छन्। जसले गर्दा थुप्रै समस्याहरू पनि छन्। हामी आफ्नो कार्यावधिमा कमसेकम स्वास्थ्य, शिक्षा, कृषि र बाटोघाटो निर्माण कार्यलाई अगाडि बढाउनेछौं।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# विश्व परिवेश

## पाकिस्तान "झूट र धोका" को संरक्षण केन्द्र !

**मंजुर अहमद**

पूर्व खेलाडीबाट राजनीतिज्ञ बन्न पुगेका इमरान खानलाई वाशिंटनको सहयोग विना अन्तर्राष्ट्रिय मुद्दा कोषले बाँकी भुक्तानी संकटबाट जमानत दिने छैन । त्यस्तै आतकंबादी माफियाहरूबाट जेलिएका लाहौर, बहावलपुर तथा क्वेटाले गर्दा गत बसन्त ऋतुमा 'हरियो सूची' बाट 'कालो सूची' सूचीकृत हुन पुगेको पाकिस्तानको उत्थान हाइट हाउस र स्टेट डियार्टमेन्ट विना पेरिसको संस्था 'फाइनान्सिएल एक्शन टास्क फोर्स' ले समेत अघि बढ्न सक्दैन । पाकिस्तानले अन्तरार्ष्ट्रिय मुद्रा कोष जस्तोसुकै प्रकारको प्रयास गरे पनि त्यो अविश्वसनीय प्राय: नै रहेको छ । सेप्टेम्बरको मध्य देखि देशको इस्लामाबाद र रावसपिण्डीको सत्तामा खानसँग सम्बन्ध रहेकाहरू अन्तर्राष्ट्रिय मुद्रा कोषबाट सहयोग खोज्दै आएका छन् । विदेश सचिव माइक पोम्पिओले तबसम्म सहयोग गर्न सक्दैनन् जबसम्म अमेरिकालाई कर चुक्ता गर्ने रकमलाई पाकिस्तानले चीनसँग ऋण स्वरूप लिएको ठूलो राशिलाई त्यस प्रयोजनमा उपयोग गर्ने प्रयास गर्दछ । जबकी पाकिस्तानीहरू भन्दै थिए कि तिनीहरूका सदाबहार मित्र र भाईले वास्तवमा पाकिस्तानलाई जमानत नदिने अवस्थामा रहेका छैनन् । कराची अग्रणी दैनिक 'द एक्सप्रेस ट्रिब्यून' ले आफ्नो अक्टोबर ६, को सम्पादकीय मार्फत उल्लेख गरेको छ कि बेइजिङ र रियादले इस्लामाबादलाई हतोत्साहित गर्नुको दुई कारण-पहिलो, त्यस योजनाको क्षमता वा जटिलता आवश्यकता भन्दा ज्यादै बढी रहेको छ भने दोस्रो कारण, हाल त्यो पाकिस्तानको राम्रो शर्त अनुरूप नरहेको, बारे खुलासा गरेको छ र त्यसैले त्यो योजना अन्तत : अन्तर्राष्ट्रिय मुद्दा कोषबाट स्थगित गरिएको छ । अवमूल्यनले गर्दा अक्टोबर १० सम्म पकिस्तानको जम्मा ऋण पाकिस्तानी रू ९०० बिलियन बाट रू १.४ ट्रिलियन पुगिसकेको कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले पुर्नजीवनका लागि आफ्नो अझ बढी सुधार गर ('डु मोर रिफौर्म') को मन्त्र मात्र अर्को उपयुक्त विकल्प बारे पाकिस्तानलाई सुकाएको छ । खैरात र जमानत जब्द हुनु पाकिस्तानका लागि नौलो कुरा होइन । १९८० को




अन्तसम्म पाकिस्तानले आफ्नो सुधारका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषसँग प्रतिबद्धता जनाए पनि १२ औं पटक सम्म जमानतलाई कार्यान्वित वा पूरा गर्न नसकेकोले अन्तर्राष्ट्रिय मुद्रा कोषको लागि प्रश्नसूचक रूपमा रहँदै आएको छ । विगत ५ वर्षको अवधिमा अन्तर्राष्ट्रिय मुद्रा कोषको तर्फबाट पाकिस्तानलाई यो दोस्रो संकट-सन्देश हो ।

यो हास्यांस्पद नै छ कि केही पाकिस्तानीहरू अब भन्न थालेका छन् कि तीनिहरू हातमा 'माग्ने कचौरा' लिएर आफ्ना मित्र र भाईहरूकहाँ माग्न जान चाहेको छैनन् ? स्पष्ट रूपमा पाकिस्तानीहरू सहयोगको खाँचो महसुश गरी सकेका छन् र त्यो तब मात्र प्राप्त हुनेछ जब तिनीहरूले अमेरिकाप्रति वाचा ईमान्दारीपूर्वक निर्वाह गर्नेछन् र अमेरिकाहरूलाई आस्वश्त पार्न पाकिस्तानीहरूले पूर्वदेखि नै राख्दै आएको अमेरिकाप्रतिको विषाक्त दृष्टिकोण वा अमेरिका विरोधी भावनालाई परिवर्तित गर्नु पर्नेछ । चीन-पाकिस्तान इकोनोमिक करिडोर जस्ता योजनालाई आत्मग्लानि पूर्वक स्वीकारेर पाकिस्तानीहरूले देशलाई ऋणको जालोमा धकेली दिएका छन् । पाकिस्तानी विदेश मन्त्री शाहा मेहमूद कुरेशीले वाशिंटनमा एक साता भन्दा बढी बसेर अमेरीकी नेताहरू समक्ष नतमस्त भएर आफ्नो देशलाई कुकुरको गृह बन्नबाट जोगाइदिन घोर प्रयास गरेका थिए । उनको वास्तविक भेटघाट अमेरिकी समकक्षी पोमपिओसँग अपेक्षित प्रकारको नभए पछि आफ्नो प्रयासहरू असफल भएको निराशाले गर्दा उनले राष्ट्रपति डोनाल्ड ट्रम्पसँग बैठकको क्रममा भएको भेटलाई उनीसँग हातमिलाएको संज्ञा दिएका थिए । पूर्वभन्दा बिल्कुलै अलग ढंगले अमेरिकी पाकिस्तानी दुबै पक्षले बैठकमा भिन्न प्रकृतिका मत राखेका थिए । अमेरिकीहरूले निरन्तर यति नै भनी रहे कि पाकिस्तानीहरूले आफ्नो भू-भाग वा देशमा आतंक समाप्त पार्न केही गरी राखेको छैनन् तर पाकिस्तानीहरू यत्ति मात्र दोहोऱ्याइरहे कि उनीहरूको देशमा आतंकवादी संगठनहरू नरहेको मनगटन्ते कथा दोहोऱ्याइ रहे ? विदेश मन्त्री कुरेशी अमेरिका मै रहेको बखत खान मन्त्रीमंडलको अर्को मन्त्री नूर-उसहक कादीले अन्तर्राष्ट्रिय आतंकवादीका सरगना हफिज सईदको धार्मिक अतिवादी संगठनले आयोजना गरेको बैठकमा सकियतापूर्वक सहभागी भएबाट नै पाकिस्तानको दाबी कत्ति धोकेबाजीपूर्ण रहेको भन्ने छर्लङ्ग हुन आएको छ । यसबाट यो पनि स्पष्ट हुन आएको छ कि प्रधानमन्त्री इमरान खान अतिवादिहरूलाई नियन्त्रण गर्ने काद्री जस्ता नेताहरूका सहयोगमा आश्रित रहेका छन् ? काद्री आतंकवादीहरूको व्यापक संगठनको अनुमान रहेको छ र खुल्लेआम भारतबाट कश्मीरलाई अलग पार्न भारतविरूद्ध जिहादको आह्वान गर्दै आएकोले त्यो अमेरिकाको मित्र हुन नसक्ने निश्चित प्राय: नै छ । कान्द्री सैनिक तानाशाह परवेग मुशर्रफ र आसिफ आजी जर्दारीको मन्त्रीमंडलमा समेत मन्त्री रहेका थिए । उनको साठगाँठ मुल्साह ओमर र जलसुद्दीन हक्कानी जस्ता आतंकवादीहरूसँग पनि रहेको छ ? त्यसैले कुरेशीले काद्रीसँग भारतविरोधी ऱ्यालीमा उसको उपस्थिति बारे सोध्ने कुरा झन् हास्यास्पद प्रसंग रहेको समेत स्पष्ट हुन आउँछ ।

फाइनान्सिएल एक्सन टास्क फोर्स ( एफ.ए.टी.एफ) को एक टोलीले पाकिस्तानको भ्रमण गरेर पाकिस्तानले जूनमा 'ब्ल्याक लिस्ट' मा नराख्ने घोषणा गरेपछि त्यसबारे जानकारी लिन जाँदा आतंकवाद विशेषज्ञ पाकिस्तानी राज्यद्धारा संचालित संगठन रहेको पाएका थिए भने उसको सेना, गुप्तचर निकाय, आई.एस.आई समेतले पूर्वी र पश्चिमी छिमेकीहरू विरूद्ध जिहादीहरूको व्यापक संजाल निर्माण गरेका थिए, एफ.ए.टी.एफ टोलीले पाकिस्तान सम्बन्धी मुल्यांकन प्रतिवेदन पेश गरेपछि त्यस सम्बन्धी सबै कुरो स्पष्ट हुनेछ ।

एफ.ए.टी.एफ. को नौ सदस्यीय टोलीमा माल्दिभ्स, इन्डोनेशिया, टर्की र चीन समेतका प्रतिनिधिहरू रहेका छन्, जसमध्ये माल्दिभ्स बाहेकका तीनवटै देशहरूको पाकिस्तानसित भाईचाराको सम्बन्ध रहेको छ । चीनलाई राम्ररी थाहा छ कि पाकिस्तानले युधुर अलगाववादी तत्वहरूलाई प्रोत्साहित गरेर सिन्चियोग प्रान्तको शान्तिलाई बिथोल्दै आएको छ । तैपनि चीन तालिवानकृत भूमिका संरक्षक रहेको छ । सायद एफ.ए.टी.एफ टोलीका सदस्यहरूले पाकिस्तानप्रति त्यस्तो कडा रूप लिएको छैन जवकि पूरै विश्वलाई थाहा छ कि पाकिस्तान 'झूट र धोका' को संरक्षण केन्द्र हो र आफ्नो देशबाट आतंकवाद संचालित गर्दै आएको छ । यो त्यति खेर आश्चर्यजनक हुन जानेछ जब एफ.ए.टी.एफ. टोलीले पाकिस्तान आतंक र आतंक संचालन सम्बन्धी समस्याप्रति गम्भीर रहेको छ र त्यसको समाधान गर्ने प्रति सचेत रहेको निष्कर्ष पूर्ण प्रतिवेदन प्रस्तुत गर्नेछ । *–एजेन्सीको सहयोगमा*

## अमेरिकालाई पाकिस्तानको सहयोग किन आवश्यक ?

अमेरिकी राष्ट्रपति डोनाल्ट ट्रम्पले पाकिस्तानी प्रधानमन्त्री इमरान खानलाई हालै पठाएको पत्रले विश्वलाई तरंगित गरेको छ । केही अघिसम्म पाकिस्तानले क्षेत्रीय सुरक्षा कायम गर्न नसकेको भन्दै ट्रम्पले ट्विट बसाइरहेका थिए । तर, यसको केही दिनपछि नै क्षेत्रीय सुधारका लागि इस्लामाबादले ठुलो योगदान गरेको भन्दै पाकिस्तानको प्रशंसा गरे । तसर्थ, यति चाँडो ट्रम्पले पाकिस्तान तर्फ 'यु-टर्न' लिनु पछाडीको कारण के हो ?

अमेरिकाले पाकिस्तानलाई सैन्य सहयोग गरेपनि क्षेत्रीय सुरक्षाका लागि पाकिस्तानले केही नगरेको आरोप ट्रम्पले लगाउँदै आएका थिए । यति मात्रै होइन ,पाकिस्तानलाई दिने भनिएको दुई अर्ब ५० करोड अमेरिकी डलरको अमेरिकी सैन्य सहयोग पनि फिर्ता लिने घोषणा ट्रम्पले केही महिनाअघि मात्रै गरेका थिए । पाकिस्तानी सेनालाई अमेरिकी सैन्य एकेडमीमा प्रशिक्षण लिनबाट पनि रोक लगाईयो । तर हालको पत्रमा भने अफगानिस्तान युद्धमा पाकिस्तान र अमेरिका दुबैले ठुलो नोक्सानी व्यहोर्नुपरेको भनाई ट्रम्पले व्यक्त गरेका छन् । यसर्थ, क्षेत्रीय शान्ति प्रक्रियाका





लागि पाकिस्तानले अझ सकारात्मक भूमिका खेल्नुपर्ने आशय ट्रम्पले एकाएक लिएको यु-टर्नले सहज रूपमा अफगान युद्ध टुंग्याउन उनी चाहन्छन् भन्ने संकेत गरेको छ । अफगानिस्तानमा अमेरिकाले लडेको युद्ध अमेरिकी इतिहासमै सबैभन्दा लामो युद्ध बनेको छ । अफगान युद्धमा अहिलेसम्म दुईहजार चार सय अमेरिकी सेनाले ज्यान गुमाएका छन् भने यस युद्धमा ४० खर्ब अमेरिकी डलर बराबरको खर्च अमेरिकाले गरिसकेको छ । यसैगरी, अफगान युद्धमा सात हजार पाकिस्तानी सेनाले ज्यान गुमाएका छन् भने ३० अर्ब अमेरिकी डलर बराबरको नोक्सानी पाकिस्तानले व्यहोर्नुपरेको छ । यसकारण , पनि अफगानी तालिवानसँग छिटोभन्दा छिटो सम्झौता गरेर अमेरिकाले यो युद्ध टुंग्याउन आवश्यक छ । यसो हुन नसके झन्डै १८ वर्षदेखि अमेरिकाले अफगानिस्तानमा सेना परिचालन गर्नुको कुनै उपलब्धि हात लाग्ने छैन । तर, पाकिस्तानको सहयोग बिना अमेरिका तालिवानसँग सहमतिमा पुग्न सजिलो छैन । अफगानी तालिवानलाई पाकिस्तानले प्रभावित पार्न सक्छ । अनि, पाकिस्तानको बलुचिस्तान क्षेत्रमा अफगानी तालिवानको प्रधान कार्यालय रहेको छ । यसकारण , तालिवानसँगको वार्ताका लागि अमेरिकाले पाकिस्तानको मध्यस्थकर्ताको भुमिका खोजिरहेको छ । यति मात्र होइन ,अफगानि तालिवानसँग युद्ध लड्न पनि अमेरिकी तथा नेटो सेनाले पाकिस्तानी भुमि भएर हतियार तथा अन्य आपुर्त्ति लैजानुपर्ने हुन्छ । यसरी, अहिले आएर अफगान युद्ध टुंग्याउन पाकिस्तानको सहयोग अपरिहार्य रहेको महसुश अमेरिकाले गरेको छ । सन् २०२० को राष्ट्रपति निर्वाचनमा राजनीतिक समर्थन जुटाउन पनि ट्रम्प प्रशासन छिटोभन्दा छिटो अफगान युद्ध टुंगो लगाउन चाहन्छ । अर्कातर्फ , अफागानिस्तानबाट अमेरिकी सेना नहटेसम्म अमेरिकासँग शान्तिवार्ता टुंगो लगाउन चाहन्छ । अर्कातर्फ ,अफगानिस्तानबाट अमेरिकी सेना नहटेसम्म अमेरिकासँग शान्तिवार्ता टुंगो नलाग्ने अडान तालिवानको छ । यो स्थितिमा तालिवानलाई दबाव दिन अमेरिकालाई पाकिस्तानको सहयोग आवश्यक छ । *नयाँ पत्रिका दैनिकबाट*

## छोरासरह छोरीलाई सम्मान दिनु पर्छ : नायिका थापा

**राकेश यादव**

रौतहट । गौर नगरपालिका वडा नंबर १ को वडा कार्यालयद्वारा संचालित नि:शुल्क ३ महीने कम्प्यूटर तालिम सम्पन्न भएको छ । वडा कार्यालयमा वडा अध्यक्षको निजी स्रोतबाट संचालित तालिमको चौथो सत्र समापन भएको हो । बुधबार वडा कार्यालयमा आयोजना गरिएको प्रमाण पत्र वितरण कार्यक्रममा सम्बोधन गर्दै रेखा थापा फाउडेशनका निर्देशक तथा प्रदेश २ को बेटी पढाउ बेटी बचाऊ अभियानका ब्राण्ड एम्बेस्डर नायिका रेखा थापाले छोरीहरूको लागि प्राविधिक शिक्षा निशुल्क रूपमा उपलब्ध गराउँदै आएका वडा अध्यक्ष भरत साहलाई धन्यवाद दिँदै अझ यस कार्यलाई सबैले सहयोग गर्नु पर्ने बताएकी छन् । वडा अध्यक्ष साहको बालिका शिक्षाप्रतिको सोच सकारात्मक भएकोले स्थानीय तहले यस्ता कार्य गर्नु पर्ने जोड



दिइन् ।

उनले भनिन्, सिंगो १ नंबर वडा कार्यालयले हुँदैन सबै वडा कार्यालयले यस्तो कक्षा सञ्चालन गर्नु पर्छ । मधेशको छोरी भएको हुदाँ मधेशमा महिलाहरूले भोगीरहेको पीडा बारे आफुलाई पूर्ण ज्ञान रहेको हुँदा सबै सरोकारवालाहरूले किशोरी शिक्षालाई प्राथमिकता दिनुपर्ने अहिलेको आवश्यकता रहेको छ ।

महिला बालबालिका माथि दिनहु भैरहेको हिंसा, दमन, शोषणको अन्त्य हुनुपर्ने बताउँदै नायिका थापाले मधेशमा शिक्षामा लगानी गर्नुपर्ने सुझाव दिइन् । घरमा थुनेर महिलाको अधिकार नहुने ठहर गर्दै उनले महिलाहरूलाई आर्थिक, सामाजिक, राजनीतिकमा सहज रूपमा पहुँचको ग्यारेन्टी हुनु पर्ने धारना राखिन् ।

आफ्नो छोरीलाई छोरा जस्तो सामान व्यवहार गर्न आग्रह गर्दै थापाले छोरीलाई स्तरीय शिक्षादीक्षा दिन अनुरोध गरिन् । कार्यक्रममा गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले वडा अध्यक्ष भरत साहले गौर नगरपालिकाको शिक्षा सुधार अभियानमा सहयोग गरेको बताएका छन् ।

प्रदेश सरकारको अभियानलाई समेत सहयोग भैरहेको भन्दै मेयर गुप्ताले बालिकाहरूलाई नि:शुल्क कम्प्यूटर शिक्षा प्रदान गर्ने कार्य वडा अध्यक्ष साहको सराहनीय रहेको दावी गरे । वडा अध्यक्ष साहको अध्यक्षतामा भएको कार्यक्रममा चौथो सत्रमा सहभागी भएका २६ जना बालिकाहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो ।

# जिल्ला समाचार

## निर्माण कम्पनीमाथि कारवाहीको

रौतहट । आश्रय निर्माण सेवा र साह निर्माण सेवाले गुणस्तरहीन कार्य गरिरहेको भन्दै कार्यवाहीको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाइएको छ । दुवै निर्माण कम्पनीले शहरी विकास मन्त्रालयको योजनाअन्तर्गत गौर नगरपालिका, यमुनामाई गाउँपालिका र राजदेवी नगरपालिकामा सडक, पुल, नाला निर्माणमा कमसल निर्माण सामग्री प्रयोग गरिरहेकोले छानविन हुनुपर्ने माग राख्दै हृदयनारायण यादव, अरविन्द यादव, अशोक सिंह राजपूतले विहिवार जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीको कार्यालयमा ज्ञापन पत्र बुझाएका हुन् । समाजसेवी हृदयनारायण यादवको नेतृत्वमा गएका टोलीले प्रमुख जिल्ला अधिकारी लोकनाथ पौडेललाइ ज्ञापन पत्र बुझाएका छन । ज्ञापन पत्रमा लागत इस्टीमेटको विवरण योजना स्थलमा बोर्ड नराखेको जिकिर गरिएको छ । करीव १ सय ३६ करोड़को योजना रहेको हुदा होडिंग बोर्ड राख्नु पर्नेमा निर्माण कम्पनीले सो काम गर्न सकेका छैन । आश्रय निर्माण सेवाका संचालक रामश्रय साह र साह निर्माण कम्पनीका संचालक नागेन्द्र साहले कमसल कार्यको विरोध गर्ने स्थानीयबासीलाइ विभिन्न किसिमको धाक धमकी समेत दिने गरेको आरोप ज्ञापन पत्र रहेको छ । निर्माण कम्पनीले सड़क छेउमा सकाभेटेर प्रयोग गरेर माटो खनेर बनाएको खाल्डो जस्ताको जस्तै रहेको उल्लेख गरिएको छ ।

## विभेद अन्त्य भएन : महिला अगुवाहरू

दिनेश ठाकुर, नेपालगञ्ज । संविधान जारीपछि तीन तहका सरकार बन्दापनि दलित समुदाय माथिको विभेद अन्त्य हुन नसकेको दलित महिला अगुवाहरूले बताएका छन् । दलित महिला संघ बाँकेले आज नेपालगन्जमा आयोजना गरेको एक कार्यक्रममा दलित जनप्रतिनिधीले स्थानीयनिकायमा अझै विभेद र छुवाछुत जिउँका त्यु रहेको बताएका हुन् । स्थानीय निकायमा वडा र कार्यपालिकामा दलित महिला र दलित समुदायका व्यक्तिको प्रतिनिधित्व गराईपनि स्थानीय निकायभित्रै उनीहरू विभेदमा परेका छन् । बैजनाथ गाउँपालिकाका उपाध्यक्ष शारदा विश्वकर्माले व्यवस्था परिवर्तन भएपनि विभेद अन्त्य नभएको बताइन् । विगतकोजस्तो प्रत्यक्ष विभेद नभएपनि सभ्य खालको विभेद कायम रहेकोमा जोड दिएको थियो । जनप्रतिनिधी नै विभेदमा रहेको अवस्थामा अन्य सामान्य नागरिक र पहुँचमा नरहेका समुदाय झनै विभेदमा रहेका छन् । देशमा व्यवस्था र शासन परिवर्तन भएपनि सोचमा परिवर्तन नभएको दलित महिला अधिकारकर्मी दुर्गा सोव बताउँन्छिन् । अझैपनि आर्थिक, पहुँच, सामाजिक र शैक्षिक रूपमा पछाडि रहेका दलित समुदायमा विभेदको पीडा छन् ।

## गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनी सम्पन्न

कपिलबस्तु । जिल्लामा गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनी सम्पन्न भएको छ । गाउँपालिका भित्र रहेका ३३ समुदायिक विद्यालय र बोर्डिङ्ग तथा धार्मिक विद्यालयहरूले विभिन्न किसिमका शिक्षासँग सम्बन्धित सामग्रीहरूको प्रदर्शन गरिएको थियो । शैक्षिक प्रर्दशनमा उत्कृट सामाग्री प्रदर्शन गरेका १५ जनालाई पुरस्कृत गरिएको छ । कक्षा ९ र १० को तर्फमा श्री छात्रपाली तिर्थदेवी उच्चा मा.वि. पकडी प्रथम स्थान हासिल गरेको छ । त्यास्तै श्री जनता मा.वि. बलुहवाले दोस्रो स्थान र मुलेश्वार मा.वि.ले तेस्रो स्थान हासिल गरेको छ । कक्षा ६ देखि ८ सम्मामा उदय ज्योति ईंगलिस बोर्डिङ्ग स्कुल प्रथम , पिस ग्लोबल ईंगलिस बोर्डिङ्ग स्कुल द्धितिय र नेपाल राष्ट्रिय नि.मा.वि. तृतीय स्थान हासिल गरेको छ । त्यस्तै कक्षा ४ र ५ तर्फको श्री चन्द्र प्रकास विद्या मन्दिर प्रथम, सरस्वाती नि.मा.वि. द्धितिय र जनता प्र.वि. तृतीय स्थान हासिल गरेको छ । बालविकासको तर्फमा बसन्तपुर बालविकास बसन्तपुर प्रथम, जनता मा.वि. बालविकास केन्द्र द्धितीय स्थान हासिल गरेको छ ।

## विद्यार्थीहरूले बुझाए ज्ञापन

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालनिकट राष्ट्रिय विद्यार्थी संघले उपकुलपतिलाई ज्ञापनपत्र बुझाएको छ । जनकपुरधामस्थित श्री रामस्वरूप रामसागर बहुमुखी क्याम्पस ( राराब क्याम्पस)को शैक्षिक स्तर सुधारको माग गर्दै चरणबद्ध आन्दोलन गर्दै आएका विद्यार्थीहरूले ज्ञापनपत्र बुझाएका हुन् । लामो समयसम्म विभिन्न मागहरू आन्दोलन गर्दा पनि क्याम्पस प्रमुखले बेवास्ता गर्दा आइतबार विद्यार्थीहरूले क्याम्पस प्रमुख विजयकुमार लाल दासलाई कार्यकक्षमै कालोमोसो दली थुनेका थिए । क्याम्पस प्रमुख दासले प्रसाशनको रोहबरमा विद्यार्थीहरूसँग सोमबार बिहान वार्ता गर्ने भनेपनि उनी क्याम्पस नआएपछि विद्यार्थीहरू आक्रोशित भई नारा जुलुससमेत लगाएका थिए । राजपा निकट राष्ट्रिय विद्यार्थी संघले विभिन्न १९ बुँदे माग राखी आन्दोलन गर्दै आएको छ ।

## "शैक्षिक क्षेत्रलाई प्रविधिमैत्री बनाउनुपर्छ"

रूपन्देही । प्रदेश नं ५ का सामाजिक विकासमन्त्री सुदर्शन बरालले शैक्षिक क्षेत्रलाई प्रविधिमैत्री बनाउन जरूरी रहेको बताएका छन् । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ प्रदेश नं ५ को प्रथम अधिवेशनको उद्घाटन कार्यक्रममा मन्त्री बरालले कागजका पाठ्यपुस्तक परिवर्तन गरी डिजिटल प्रणालीमा जानुपर्ने बताएका छन् । मुलुकमा प्रविधिको विकास बढ्दै गएकाले विद्यालयका पाठ्यपुस्तक अब कागजमा मात्रै सीमित हुन नहुने बताए । उनले पुरानो शिक्षा प्रणालीलाई परिवर्तन गरी शैक्षिक गतिविधि सुदृढ गर्न सबैको सहकार्य जरूरी रहेको बताए । कार्यक्रममा पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष हरि अर्याललले सरकारले आफ्ना योजना र कार्यक्रम सञ्चालन गर्दा निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने बताए ।

## महानगरपालिकाद्वारा आकस्मिक निरीक्षण

वीरगन्ज । वीरगन्ज महानगरपालिकाको टोलीले विभिन्न वडाहरूको आकस्मिक निरीक्षण गरेको छ । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा भिष्मकुमार भूसाल, उपसचिव शिव प्रसाद लम्साल, योजना महाशाखाका प्रमुख वरिष्ठ योजना अधिकृत एकलाख सिद्धिकि लगायतका अधिकारीहरूको टोलीले वडा नम्बर २२ र २४ को वडा कार्यालयको आकस्मिक निरीक्षण गरेको छ । वडा कार्यालयका प्रशासनिक कामकार्यवाही, विकास निर्माणका योजनाहरूको स्थलगत अनुगमन गर्दै वडा अध्यक्ष लगायत वडा सदस्यहरूसँग स्थानीय समस्याहरूको बारेमा महानगरपालिकाका अधिकारीहरूले छलफल समेत गरेका थिए । छलफलमा वडामा रहेका समस्याहरूका बारेमा जनप्रतिनिधिबाट देखाइएको चासोलाई अबिलम्ब पुरा गरिने प्रतिबद्धता प्रमुख प्रशासकीय अधिकृत डा भिष्मकुमार भूसालले व्यक्त गरे । निरीक्षणको क्रममा डा भूसालले राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा नराम्रो काम गर्नेलाई कडा कार्यवाहि गरिने चेतावनी समेत दिए ।

## गाउँपालिका प्रमुखलाई ज्ञापन पत्र

कपिलवस्तु । स्थानीय तहका कर्मचारीहरूले 'कर्मचारी समायोजन अध्यादेश'को विरोधमा देशभरका स्थानीय तहको कार्यालयको कामकाज ठप्प भएको बेला कपिलवस्तुको मायादेवी गाउँपालिकामा पनि कामकाज ठप्प पारेका छन् । निजामती कर्मचारीहरूलाई दिइँदै आएको सेवा, सुविधाबाट आफूहरूलाई बञ्चित गराउने गरी सरकारले अध्यादेश ल्याएपछि त्यसको विरोधमा बुधबार मायादेवी गाउँपालिको कार्यालयको कामकाज ठप्प पारिएको स्थानीय तह कर्मचारी राजन कुमार पोखरेलले जानकारी दिए । निजामती कर्मचारी र आफूहरूलाई दिने सेवा, सुविधामा नै विभेद भएपछि अध्यादेशविरूद्ध आन्दोलनमा जान बाध्य हुनु परेको स्थानीय तहमा कार्यरत कर्मचारीहरूको भनाई छ । कर्मचारी समायोजन अध्यादेशको विरोधमा स्थानीय तहका कर्मचारीले मायादेवी गाउँपालिका प्रमुखलाई बुधवार ज्ञापन पत्र बुझाएका छन् । नेपाल सरकारबाट यही मंसिर २३ गते राजपत्रमा प्रकासन भई जारी भएको कर्मचारी समायोजन अध्यादेश २०७५ मा साविकका स्थानिय निकायमा कार्यरत कर्मचारीहरूको सम्बन्धमा कुनै पनि सम्बोधन नभएको भन्दै मायादेवी गाउँपालिकाका कर्मचारीहरूले आन्दोलन गर्नुका साथै प्रमुखलाई ज्ञापन पत्र बुझाएका हुन् ।

## हातहतियार बरामद

धनुषा । लक्ष्मीनिया गाउँपालिका-६ बगेवापुर्वारी टोलबाट नलकटुवा पेस्तोल १ नाल र त्यसमा लोड भएको गोली १ राउण्ड आइतबार बिहान प्रहरीले बरामद गरेको छ । सोही स्थान बस्ने नथुनी यादबको घरमा शनिबार राति २ जना अपरिचित व्यक्ति प्रवेश गरी बाक्सा खोल्ने क्रममा घरका मान्छेहरूले थाहा पाई होहल्ला गरेपछि उनीहरू भागेर फरार भएका थिए । उनीहरूले भाग्ने क्रममा उक्त हतियार छोडेको हुनसक्ने आशंका गरिएको छ ।

## रूखको हाँगा लागेर मृत्यु

कैलाली । आफ्नै घर नजिकको रूखको हाँगा खसेर शुक्रबार दिउसो चोट लाग्दा गम्भीर घाइते भएकी गौरीगंगा नगरपालिका-४ राधाकृष्ण टोल बस्ने ४८ वर्षीया कलावती लामाको सेती अञ्चल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । चोट लागी उनकी नातिनी ३ वर्षीया रिता लामाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


कांग्रेस–कम्युनिष्टका बैठकमा जो भइरहेको छ नयाँ हैन, विगत तीस बर्षदेखि कै निरन्तरता हो । प्रतिक्रिया दिई बसेर 'प्रतिक्रियावादी' नबनौ । 'रचनात्मक ध्वंश' गरौ, प्रगतिशिल-लोकतान्त्रिक विकल्प निर्माण गरौ । **डम्बर खतिवडा**


साम्यवादी, खासगरेर माओवादीहरू कांग्रेसले राजालाई बोक्ने भयो भनेर दंग पर्नु ब्यर्थ हो । राजाको टेको माओवादीले पनि खोजेको हो । उतिवेलाको एमालेको दाम दर्शन त भै नै गयो । तर, माला जति धार्नीको लगाए पनि राजामा राज्यको सामनागर्ने शक्ति देखिन्न । **किशोर नेपाल**


दुई तिहाईको सरकारले स्थिरता दिन्छ देशलाई तर, अहिले सबैले महसुश गर्ने कुरा अलि फरक देखियो । स्थिरता बहुमतले मात्र होइन, स्पष्ट राजनीतिक सोच र तदनुरूपको आचरणले मात्र सम्भव छ । **सर्वेन्द्रनाथ शुक्ल**


केही अपवाद बाहेक यता नेपालका सबै प्रमहरू र राष्ट्रपति पनि बिशेषत: भारत र चीनको राजकीय भ्रमणमा रहदाँ त्यहाँको सरकारले कम्तिमा १० जनासम्मलाई आवासिय आथित्य दिने गरेको छ । यी सबै महानुभावहरू भने होटेलको खर्च समेत अगावै लिएका हुन्छन् । पत्यार नगर्नेले जाँच गर्दा हुन्छ । यस्तै छ विधान । **जेपी गुप्ता**


"मधेश बनेन, बिग्रियो ' भनेर थुप्रै गुनासा र निराशा सुनिन्छ तर सपार्ने यत्न कहि कतै बाट सुरू गरिदैन । गनगन गर्नेहरू आफुबाट नै केही अच्छा गरे हुन्छ नि । **चन्द्रकिशोर**


वीरगन्ज त केवल आन्दोलन र नाकाबन्दीको लागि मात्र हो । पहिले राजधानी र अब प्रादेशिक रंगशाला पनि जनकपुरमै बन्ने भएछ । जबकि नेपालकै दोस्रो ठूलो रंगशाला वीरगन्जमा छ, जसको मएच पनि तयार छ । जय मधेश । **भुषण यादव**


मधेशलाई "नेपालको अन्नभण्डार" भनेर परिचित गराउने पाठ्यपुस्तकहरूले यदि त्यस अन्नभण्डारमा पसीना चुहाउने मधेशीजनलाई पनि "नेपालका अन्नपुर्णा" भनेर परिचित गराइदिएको भए आज मधेशी आफ्नै देशमा 'सीमापारिको' भैया, धोती, बिहारी, आदि उपनामले हेपिने थिएनन् शायद । **आशिष झा**


सरकारले साना किसानको ऋण मिनाहा गर्ने र स्वदेशी कपडा उद्योगलाई सहुलियत दिने निर्णय गर्यो । मिडिया र कथित बुद्दिजीवीले खासै चर्चा गरेनन् । नेपालको अस्थिरता र द्वन्दको नाममा खेती गरेर विदेशीहरूको हुन्डी खान पल्केका केही व्यक्तिहरूले विरोध मात्र गर्ने गर्छन् । **सञ्जय कोइराला**


संस्कृतिको संरक्षण संस्कृतिविद्को काम हो । भाषाको संरक्षण भाषाविद्को काम हो । मौलिकता जोगाइराख्न परम्पराप्रति आफूलाई पनि लगाव हुनुपर्छ । चलचित्रले सृजनशीलतासँग मात्र प्रेम गर्छ । बाँकी सबै प्रेम तपसिलका हुन् । **स्नेहा झा**

# नेपाल-महिलामैत्री समाजद्वारा एम्बुलेन्स प्रदान

जलेश्वर । नेपाल-भारत महिलामैत्री समाजले मटिहानी नगरपालिकालाई एम्बुलेन्स हस्तान्तरण गरेको छ । समाजका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्यसमेत रहेकी चन्दा चौधरीले सोमबार एम्बुलेन्सको साँचो मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डललाई हस्तान्तरण गरिन् । नेपाल-भारत सहयोग कार्यक्रमअन्तर्गत समाजलाई काठमाडौंस्थित भारतीय राजदूतावासले प्रदान गरेको सो एम्बुलेन्स विधिवत्रूपमा मटिहानी नगरपालिकामा सञ्चालनमा आएको हो । सो एम्बुलेन्स सेवाको उद्घाटन समाजकी अध्यक्ष तथा सांसद् चौधरीले गरिन् । उनले


*समाजकी अध्यक्ष तथा सांसद चन्दा चौधरी साँचो हस्तान्तरण गर्दै ।*

एम्बुलेन्स सेवाले जनताको स्वास्थ्य क्षेत्रमा सहयोग पुग्ने बताएकी छन् । कार्यक्रममा नगरप्रमुख मण्डल, वडा नं. ८ का वडाध्यक्ष गणेश प्रसाद साह, नेपाली कांग्रेसका नेता उपेन्द्र प्रसाद चौधरी, महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष मोहन प्रसाद गुप्ता, पूर्वअध्यक्ष विजयकुमार साह, प्रा.हेमनारायण लाल कर्ण, चन्देश्वर प्रसाद साह, ईशवरी पौडेल लगायतका वक्ताहरूले आआफ्नो धारणा राखेका थिए । सो एम्बुलेन्स मटिहानी नगरपालिका वडा नं. ६, ७ र ८ कार्यालयको रेखदेखमा सञ्चालन हुने नेपाल-भारत महिला मैत्री समाजकी अधयक्ष चौधरीले बताइन् ।

# नेपाल भवन बनाउन सरकारसँग आग्रह

काठमाडौं । भारत पश्चिम बङ्गालस्थित कोलकातामा नेपाल भवन बनाउन पहल भएको छ । कोलकातावासी नेपालीहरूले महेशतला नगरपालिका-२३, विवेकानन्द पार्क रोड नेर ११ कट्ठा जग्गा लिइसकेका छन् । विभिन्न सांस्कृतिक कार्यक्रम गर्न तथा आपसमा भेला भई अन्तर्क्रिया एवं छलफल गर्नका लागि सो भवन बनाउन लागिएको हो । कोलकातामा रहेका नेपालीहरूको छाता सङ्गठन संयुक्त नेपाली वेलफेयर ट्रष्टले भवन निर्माणका लागि पहल गरिरहेको छ । नेपाल सरकारबाट ६ लाख र नेपाली समुदायबाट सङ्कलित ४ लाखबाट करीब १५ वर्षअघि खरीद गरिएको जग्गामा भवन बनाउन माटो परीक्षण र योजना तयार भइसकेको ट्रष्टका अध्यक्ष खिमराज बरालले बताए । भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च, भारत, कोलकाताका पूर्वअध्यक्ष नारायणप्रसाद होमागाईंले नेपाल भवनबारे धेरै प्रचारप्रसार भएको बताउँदै प्रस्तावित चारतले भवनमा सम्मेलन कक्ष, पुस्तकालय, कार्यालय कक्ष र आवाससमेत बन्ने हिसाबले नक्शाको तयारी गरिएको र माग गरिएको रकम पाइएमा अढाइ वर्षमा भवन बन्ने जानकारी दिए ।

# अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन सम्पन्न

काठमाडौं । भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च, भारत, कोलकाताको आयोजनामा कोलकातामा भएको 'तृतीय अन्तर्राष्ट्रिय साहित्य सम्मेलन' आगामी सन् २०२० मा चतुर्थ सम्मेलन कोलकातामै गर्ने निर्णय गरी सम्पन्न भएको छ । भारतीय भाषा परिषद्, शेक्सपियर सारणीमा भएको दुईदिने सम्मेलनले नेपाल प्रज्ञा-प्रतिष्ठान, भानु प्रतिष्ठान र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजसँगको सहकार्यमा नेपाली भाषा र साहित्यको उन्नयनका लागि समर्पित रहने निर्णय गर्नाका साथै तृतीय सम्मेलनका दस्तावेज प्रकाशन गर्ने निर्णय पनि गरेको । सम्मेलनका अवसरमा कवि वसन्त चौधरीको बङ्गाली भाषामा राजेन्द्र गुरागाईंबाट अनूदित र हनिफ खानबाट सम्पादिन काव्यकृति 'वसन्त', राधेश्याम लेकालीद्वारा लिखित तथा श्याम प्रधानबाट हिन्दीमा अनूदित 'वक्त के घोडे' ( समयका घोडाहरू) र टीकाराम गोपाल भित्रीकोटीद्वारा लिखित 'लाज' कवितासङ्ग्रह विमोचन गरिएको थियो । 'वसन्त' काव्यकृति नौ भाषामा अनुवाद गरिएको छ ।

## आर्थिक समाचार

### बुटवलमा "लुम्बिनी एक्स्पो" सुरू

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले बेला बेला हुने यस्ता महोत्सवले उद्यमशिलताको विकास गर्न मुलुकको रकम विदेश पठाउने माध्यम मात्र भएको बताएका छन् । मेला महोत्सवले उद्यमशिलताको विकास गर्न तर्फ लाग्नु पर्ने बताएका छन् । बिहीबार बुटवलमा सुरू भएको 'लुम्बिनी एक्स्पोको उद्घाटन गर्दै मेला र महोत्सबले नागरिकलाई बढी बोझ बनाएको बताए । व्यापारको विस्तार गर्न पहिला ग्रामीण क्षेत्रको विकास गर्न आवश्यक रहेको पोखरेलले समेत मुख्यमन्त्री पोखरेलले बताए । नेपालको उद्योग र व्यापार निर्वाहमूखी भएको भन्दै त्यसलाई प्रतिष्पर्धी बनाउन आवश्यक रहेकोमा बताउँदै मुलुकको विकास गर्नका लागि सपना देख्न आवश्यक रहेको उनको भनाई थियो । मेला र महोत्सव अर्थतन्त्रको विकास गर्नका उद्यमशिलता आवश्यक छ । होइन भने यस्ता कार्यक्रम अरू कसैका सामग्री बिकाउने माध्याम मात्र हुने मुख्यमन्त्रीको भनाई छ ।संघीय सरकारले यसै वर्षदेखि पूर्वपश्चिम रेलमार्गको ट्र्याक बुटवलमा पनि खन्न सुरू गर्ने दावी गरे ।

### दोहा बैंक अब नेपालमा पनि

काठमाडौं । कतारको दोहा बैंकले नेपालमा सम्पर्क कार्यालय संचालनमा ल्याएको छ । काठमाडौंमा सम्पर्क कार्यालय संचालन गरी बैंकिङ कारोबार सुरू गरिएको बैंकले जानकारी दिएको छ । थापाथलीमा सम्पर्क कार्यालय रहेका बैंकको नेपालका लागि प्रमुख प्रतिनिधिमा सुरज विक्रम शाही रहेका छन् । दोहा बैंक कतारको सबैभन्दा ठूलो वाणिज्य बैंक हो । बैंकले नेपालका वाणिज्य बैंकहरूको सहकार्यमा नेपालमा लगानी गर्ने छ । दोहा बैंकले नेपाली वाणिज्य बैंकहरूसँग आरएमए (रिलेसनसिप म्यानेजमेन्ट एप्लिकेसन) गर्ने र आरएमए भइसकेपछि मात्रै एलसी (लेटर अफ क्रेडिट) को काम अघि बढाएर काम गर्ने जनाएको छ । कतारमा रहेका नेपालीले उक्त बैंकमा खाता खोलेर नेपालमा रकम झिक्न पाउने छन् । तर नेपालमा रहेको सम्पर्क कार्यालयले प्रत्यक्ष रूपमा कुनै पनि आर्थिक कारोबार गर्ने अधिकार छैन । कतारको लगानी भने प्रत्यक्षरूपमा उक्त बैंक मार्फत आउन मद्दत पुग्ने छ ।

### ग्लोबल आईएमई र कतारको दोहा बैंकबीच सम्झौता

काठमाडौं । ग्लोबल आईएमई बैंक लिमिटेड र कतारस्थित दोहा बैंकबीच रेमिट्यान्स कारोबार सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर भएको छ । उक्त सम्भौतापत्रमा दोहा बैंकका प्रमुख कार्यकारी अधिकृत डा. आर. सीथारमन र ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले हस्ताक्षर गरेका छन् । दोहा बैंक, कतारमा रहेका बैंकहरू मध्यको अग्रणी स्थानमा रहेको बैंक हो जसको कतारभर २७ शाखा कार्यालय लगायत बिभिन्न १४ भन्दा बढि मुलुकहरूमा शाखा संजाल तथा प्रतिनिधि कार्यालय रहेका छन् । रेमिट्यान्स कारोबारको लागि दोहा बैंकसँगको यो सम्झौता पश्चात कतारमा रहेका सम्पुर्ण नेपालीहरूले कतारको दोहा बैंकका सम्पूर्ण शाखा कार्यालय तथा अनलाइन मोबाइल एप्लिकेशन मार्फतसजिलै नेपाल पैसा पठाउन सक्नेछन् र उक्त रेमिट्यान्स ग्लोबल आइएमई बैंकका सम्पूर्ण शाखाहरू तथा आई. एम. ई. र जि. एम. इ. का ९००० भन्दा बढि एजेन्ट मार्फत सजिलै भुक्तानी लिन सकिनेछ ।

### पेट्रोलियम पाइप अन्तिम चरणमा

काठमाडौं । नेपाल तथा भारत सरकारको प्राथमिकतामा रहेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप अब १२ दशमलव दुई किलोमिटर मात्र ओछ्याउन बाँकी रहेको छ । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजना कार्यालय सिमराका अनुसार नेपालतर्फको ३६ दशमलव दुई किलोमिटर भूभागमध्ये २४ किलोमिटर क्षेत्रमा जमीनमुनि पाइप ओछ्याउने काम सम्पन्न भइसकेको छ । परियोजना कार्यालय सिमराका इञ्जिनीयर शरदप्रसाद पौड्यालले बाधा अवरोध नभए भारत विहारको राजधानी पटनाबाट पाइपलाइनमार्फत तीन महीनाभित्र नेपालमा पेट्रोलियम पदार्थ आउने बताए । परियोजनाअन्तर्गत बाराको जीतपुर बजारदेखि उत्तरतर्फको क्षेत्रमा केही औद्योगिक प्रतिष्ठानले सडक छेउमै ब्लक निर्माण गरेका छन् । नेपालतर्फ पाइप ओछ्याउन बाँकी रहेको भूभागमध्ये पर्सा राष्ट्रिय निकुञ्जमा नौ किलोमिटर बाँकी रहेको छ भने वीरगञ्जको रजत जयन्ती चौक, गण्डक चौक बाइपास क्षेत्रमा पाइप क्रसिङको काम सम्पन्न भएको छ ।

## त्रिपाठीका...

विस्तार गर्ने कारणहरू यसप्रकार उल्लेख गरे, 'मधेशी र थारू जनतामा नेकपा लोकप्रिय हुन सकेन, यसको ऐतिहासिक कारणहरू छन् । वि.सं. २०१५ सालको निर्वाचनमा भन्ने हो भने २ वटा सिट पाटन र पाल्पाबाट र २ रौतहटबाट मात्रै कम्युनिष्ट पार्टीले जितेको थियो । पछि आएर के कारणले लोकप्रिय हुन सकेन, त्यसको विवेचना गर्न र मधेशलाई बुझ्न आवश्यक छ ।' २०४९ सालमा स्व.मदन भण्डारीले एउटा कार्यदल बनाउनुभयो । उहाँले बुझ्नुभयो कि कम्युनिष्ट आन्दोलनलाई मधेशसँग जोड्न सकिएन । तत्कालीन नेकपा एमालेको महाधिवेशनले आफ्नो प्रतिवेदनमा मधेशका सवालहरू राखेको थियो । तर, उहाँको अवसानपछि त्यो विचारको पनि अवसान भयो र त्यो कार्यदलको पनि अवसान भएर गयो । माओवादीको जनयुद्ध उत्कर्षमा पुग्दा विस्तारका लागि विभिन्न जातीय मोर्चाहरू बनायो तर पछिल्लो चरणमा जब संविधान जारी गर्ने बेलामा ती पार्टीहरूले लिएका पूराना अडानमा पनि कायम रहन सकेनन् । त्रिपाठीकाअनुसार नेकपा पार्टी आफैमा मधेशी र थारू जनतामा लोकप्रिय किन हुन सकेन भन्ने आवश्यक छ । 'उहाँहरूले जिम्मेवारी बहन गर्नुपर्छ । २०१७ सालपछि बढी प्रहारको निशाना काँग्रेस भयो । काँग्रेसको कर्मभूमि नै मधेश रह्यो । त्यसैले काँग्रेस जोडिएको छ त्यहाँ । अझ पनि २८ देखि ३० प्रतिशत मत मधेशमा काँग्रेसको सुरक्षित छ । तर, ७० प्रतिशत मत काँग्रेसबाहिर छ । त्यसलाई आकर्षित गर्न सक्ने नीति, सिद्धान्त, कार्यक्रम र व्यवहार नेकपासँग छैन,' त्रिपाठीको तर्क छ । नेकपाको स्थायी कमिटीको बैठक लगत्तै स्वतन्त्र राजनीतिक समूहले सार्थक वार्ता गर्ने तयारी गरेको छ । नेकपाका नेतृत्वलाई आफूहरूले केही बुँदाहरू दिएको भन्दै त्रिपाठीले भने, 'हामीले बुझाएका बुँदाहरू उहाँहरू सकारात्मक हुनुहुन्छ । तर अहिलेसम्म ती बुँदाहरूमा ठोसरूपमा प्रस्तुत नभएकोले एकता प्रक्रिया रोकिएको हो ।' उनले नेकपामै प्रवेशका लागि आफूहरू मरिहत्ते नगरेकोसमेत दाबी गरेका छन् । नेकपा यदि आफूहरूको बुँदाअनुसार आएन भने केही दिनसम्म यो समूहलाई एउट अभियानको लाने र जनताको भावना बुझ्ने उनले जिकिर गरे । आगामी राजनीतिक यात्रा तय गर्दा व्यापकरूपमा जनतासमक्ष जाने र पछि पार्टीको रूपमासमेत दर्ता हुनसक्ने बताए ।

## शीतलहरले...

क्याम्पसमा विद्यार्थी विगतको तुलनामा घटेका छन् । कुहिरो र चिसोले जनजीवन कष्टकर बनाउने गरेको छ । पूर्वी तथा मध्य मधेशका जिल्लामा दुई दिनदेखि चलेको शीतलहरले जनजीवन कष्टकर बन्न थालेको छ । बिहान बाक्लो हुस्सुसँगै दिनभरिजसो कुहिरो लाग्नाले एक्कासि बढेको चिसोले सिरहालगायत प्रदेश नं १ को गाईघाट, झापा, मोरङ, विराटनगर र प्रदेश नं २ का बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषालगायतका जिल्लामो चिसो हावाले मानिसको चहलपहलमा निकै कमी आएको छ । बिहान कुहिरो र शीतलहरले नजिकै देख्न समस्या भएपछि सवारी चालक हेडलाइट बाल्न बाध्य छन् ।

## हुलाकी...

गर्ने योजना रहेको यस आवमा १०० किमी कालोपत्र गर्ने लक्ष्य रहेको छ । आगामी चार वर्षभित्र हुलाकी राजमार्ग निर्माण गर्ने गरी काम गरिने भइरहेको उनले बताए । पहिलो चरणको एक हजार २४८ किमी सडक निर्माण भइरहेको आयोजनाको ५४४ किमी सडक निर्माण गर्न बाँकी रहेको छ । कूल लम्बाइमध्ये ९७५ किमी पूर्व-पश्चिम र ८९७ दशमलब ४२ किमी उत्तर-दक्षिण रहेको छ । राजमार्गको दोस्रो चरणमा पूर्व-पश्चिमतर्फ ४०७ किमी र उत्तर-दक्षिण १५७ किमी रहेको छ । आयोजना निर्देशक तिवारीले दोस्रो चरणको सडक निर्माणका लागि बोलपत्र आह्वानको सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको जानकारी दिए । सरकारले आव २०६६/६७ देखि पूर्वमा मेची पुलदेखि पश्चिममा कञ्चनपुरको गड्डाचौकीसम्म कूल एक हजार ७९२ दशमलब ४२ किमी लम्बाई रहेको उक्त राजमार्ग बनाउनका लागि ४७ अर्ब २४ करोड लागत छुट्याइएको थियो । पहिलो चरणका लागि २९९ किमी सडकको स्तरोन्नतिका लागि भारतीयले रू सात अर्ब ५२ करोड र नेपाल सरकारले नेपाल सरकारले रू ६५३ किमीको २२ अर्ब ७१ करोड लागतमा सडक निर्माण भइरहेको छ । यसैगरी आव २०७४/७५ नेपाल सरकारको सहयोगमा ३३.५ किमी र भारतीय सरकारको सहयोगमा ७० किमी कालोपत्र गरिएको छ ।

## राष्ट्रिय...

राष्ट्रिय परिचयपत्रमा नागरिकका जैविक तथा व्यैक्तिक विवरण र विद्युतीय चिप जडीत हुनेछ । नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने प्रणालीको विकास गर्ने उद्देश्यका साथ सरकारले यो परिचयपत्र दिन लागेको हो । सरकारले पहिलो चरणका लागि पाँचथर जिल्ला र सिंहदरबारका कर्मचारीहरूलाई राष्ट्रिय परिचयपत्र वितरण गरिसकेको छ । कार्यशाला गोष्ठीमा बोल्दै प्रदेश २ का भौतिक पूर्वाधारमन्त्री जितेन्द्र सोनलले कतिपय नेपाली नागरिक नागरिकता पाउन नसकेको अवस्थामा राष्ट्रिय परिचयपत्र वितरण गर्ने प्रक्रियामाथि प्रश्न गरेका थिए ।

## मधेशको...

प्रभावशाली मधेशी नेता जयप्रकाश गुप्ताको साथ थपियो फोरम झाङियो । ०६३/०६४ को मधेश आन्दोलन चलिरहेको बखत कांग्रेसको सरकारले वार्ता गर्नको निम्ति कांग्रेसकै सन्त मधेशी नेता एवम् तत्कालीन मन्त्री महन्थ ठाकुरको नेतृत्वमा वार्ता समिति बनाएको थियो । पछि कांग्रेसको बेइमानी नियतको आकलन गरी कांग्रेसका तत्कालीन कोषाध्यक्ष महन्त ठाकुरको नेतृत्वमा कांग्रेसीजन विद्रोह गरि तराई मधेश लोकतान्त्रिक पार्टीको जन्म भएको हो । फेरि पनि कांग्रेस मधेशको अपेक्षा पूरा गर्ने ल्याकत राख्न सकेन । विजय गच्छदारहरूको विद्रोह भयो । यसरी बारम्बार कांग्रेसले मधेशलाई भोट बैंक बनाउने काम मात्रै गरेकोले काङ्ग्रेशमा विद्रोह पनि हुँदै गएको हो ।
निर्वाचनमा कांग्रेसले मधेशमा प्रचुर समर्थन पायो । तर त्यस अवधिमा आन्दोलनकारी शक्तिबाट सत्ताधारी शक्तिमा रूपान्तरण भएको कांग्रेसले मधेशी समुदायका आफ्ना पनि राजनीतिक एजेन्डा हुनसक्छन् भनी कहिल्यै बुझ्न सकेन, चाहेन । भारतका सीमावर्ती सहरहरू र मधेशका गाउँ-देहातबाट काठमाडौं छिरेपछि कांग्रेस नेतृत्वले आजसम्म मधेशका कुनै पनि सवाललाई बुझ्ने प्रयास गरेको पाइँदैन । आज पनि कांग्रेसले सत्ताधारी बन्नका लागि निर्वाचनमा चुनाव जित्नसक्ने जनाधारमात्र खोजेको छ । मधेशी समुदायको सामाजिक, राजनीतिक र आर्थिक एजेन्डा बुझ्ने प्रयास गरेको पाइँदैन । अहिले कांग्रेसको महासमितिको बैठक चलिरहेको छ, यो बैठक बसिरहदा मधेशकै कारणले विद्रोह गरेका विजय गच्छदार पुन: कांग्रेसमै फर्किसकेका छन । यस बैठकबाट मधेशको पक्षमा सैद्धान्तिक र रणनीतिक निर्णय आउला अपेक्षा गरिएको छ । राजपासंग मिलेर संघर्षको नीति अख्तियर गर्ला सोचिएको थियो । तर उल्टो सुशिल कोइरालाको पालोमा बनेको संविधानको पक्षमा दरिलो ढंगले उभियो । गिरिजा प्रसाद कोइरालाले मधेशसँग गरेको सहमतिको चर्चा पनि गरिएन । एकातिर चुनावताका संविधान संशोधनको कुरा गरेको पार्टी, बैठकमा संविधानलाई नेपाली कांग्रेसको आन्दोलनको उपलब्धि भनिदिए यो कस्तो विचलन आएको हो । विधान मस्यौदामा पनि समावेशिताको अवधारणा नेतृत्व तहमा ल्याइएन । यस्तै रहने हो भने अबको विद्रोह सायद कांग्रेसले थेग्न पनि नसक्ला !
मधेशले तीनवटा राजनीतिक एजेन्डाहरू पूरा गराउने अपेक्षा राख्छ । पहिलो-मधेशी समुदायको पहिचानको संवैधानिक ग्यारेन्टी र मधेशी पहिचानको स्वायत्त प्रदेश । दोस्रो-जनसंख्याको आधारमा राजनीतिक प्रतिनिधित्व र तेस्रो राज्यका महत्वपूर्ण निकायमा अर्थपूर्ण समावेशी । मधेशीहरूको बुझाइमा राज्यका महत्वपूर्ण निकाय भनेको नीति-निर्माण तहको प्रशासन संयन्त्र, न्यायालय र सुरक्षा निकाय र मधेशी पहिचानसहितका संघीयता । मधेशका जिल्लाहरू मात्र एक वा दुई प्रदेश मधेशीको अपरिवर्तनीय एजेन्डा बन्न पुगेको छ । के कांग्रेस मधेशको यस्ता गन्थन सुन्न तयार छ ? छैन भने विजय गच्छदारहरू पनि दास बन्नै त्यहाँ गएको बुझ्नुपर्दछ । नभए कांग्रेसलाई राम राम भन्न सकिन्छ । अब त भन्नै पर्ने हुन्छ मधेशकै कांग्रेस मधेशको कहिल्यै हुन सकेन ।

# सुदूरपश्चिममा फोरमको प्रशिक्षण

कैलाली । संघीय समाजवादी फोरम नेपाल सुदूरपश्चिम प्रदेशको आयोजनामा दुई दिने अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम कैलालीको अत्तरियामा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि पुर्वमन्त्री एवम् पार्टीका सहअध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठले उदघाटन गरेको उक्त कार्यक्रममा सुदुरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरूबाट उत्साहका साथ कार्यकर्ताहरू सहभागी भएका थिए । उक्त प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले नेपालको सङ्घीयता दक्षप्रजापतिको टाउको जस्तो भएको बताउँदै एकात्मक शरीरमा सङ्घीयताको टाउको मात्र झुण्ड्याएको बताए । प्रदेश नम्बर ७ को नाम सुदुरपश्चिम राख्नुले राजा महेन्द्रको उतराधिकारीको झझल्को दिएको भन्दै उनले सुदुरपश्चिमको नामाकरण शासनसत्ता केन्द्रमै राख्ने सोचको उपज भएको बताए । उनले भने, 'यस नामले सङ्घीयतामा पनि राजकीय सत्ता र शासनाधिकार सिंहदरवारमा मात्र छ, केन्द्र काठमाडौं नै हो, यो शासनको केन्द्रबाट टाढा छ भन्ने मनस्थितिलाई दर्शाएको छ ।'




# नेपाली चेली "तन्त्र" मा

काठमाडौं । नेपाली चेली मिना साउद भारतीय टिभी च्यानल कलरको सिरियल तन्त्रमा खेल्दै छिन् । कैलालीको टिकापुरमा जन्मिएकी मिना झण्डै ६ बर्षदेखि रेडियो पत्रकारितामा आवद्ध थिइन् । हाल मुम्बईमा तन्त्रको सुटिङमा व्यस्त छिन् । नोभेम्बर ३ तारिखबाट प्रशारणमा आएको तन्त्र हरेक सोमबारदेखि शुक्रबार नेपाली समय अनुसार राति पौने ११ बजेदेखि प्रशारण हुँदै आएको छ ।

# झोलुङ्गे पुल निर्माण

दार्चुला । दार्चुलाको लेकम गाउँपालिका-३ लालीमा नेपाल-भारत जोड्ने झोलुङ्गे पुल निर्माण भएको छ । भारतसँग सीमा जोडिएको लेकम गाउँपालिकाको लालीमा सञ्चालन हुने ट्युब विस्थापनअन्तर्गत निर्माण भइरहेको झोलुङ्गे पुल निर्माणको काम पूरा भएको हो । पुल निर्माणको औपचारिक रूपमा सम्पन्न भएको घोषणा गर्न मात्रै बाँकी रहेको छ । पुलको प्राविधिक रूपमा स्वीकृत गरेपछि झोलुङ्गे पुलबाट आवतजावत गर्न दिइनेछ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं